# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क १०७





इराकमाथि आक्रमण:
पृष्ठभूमि र परिणाम
-डा. चैतन्य मिश्र



## कसरी अघि बढ्न खोज्दैछ राजा-माओवादी वार्ता ?

माओवादी अध्यक्ष प्रचण्डको
विशेष ताजा अन्तर्वार्ता



"... केही सपना छोराछोरीले पूरा गर्छन्
केही सपना मायोज़ ले..."
आफ्ना उपभोक्ताहरूको हर-खुशीका पलहरूमा साथ दिन मायोज़ प्रस्तुत गर्दछ - १२३ मायोज़ डाइमण्ड अफर । १२३ वटा हिराका हारहरू तपाई र तपाईका प्रियजनहरूको लागि सर्वोत्तम उपहार ।
DIAMOND LOCKET
123
mayos
Diamond
अफर
१, २ र ३ नम्बर अंकित कुपनहरू जम्मा गरी मायोज़को पूरा प्याकेट मिलाउनुहोस् र नजिकको पसलबाट पाउनुहोस् १ (एक) प्याकेट मायोज़ तैयारी चाउचाउ सितैमा
साथमा, दर्जनौं किसिमका मनमोहक BREAKIES
Avenues 2003
mayos
Wonderful Mayos Noodles
चाँडै गर्नुहोस्, यो योजना सीमित अवधिको लागि अधिराज्यभर लागू गरिएको छ ।
हिराका हारहरूका लागि नजिकको डिलर वा हिमालयन स्न्याक्सको मुख्य कार्यालयमा सम्पर्क गर्नुहोस् ।
उपहार सम्बन्धी सम्पूर्ण निर्णयहरू कम्पनीमा निहीत हुने छ ।

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २१, पूर्णाङ्क- १०७
चैत्र-वैशाख - २०५९/६०



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुइँटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**बजार व्यवस्थापक**
दुर्गा खड्का

**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकू, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेलहरु : yuwa@ntc.net.np, yuwamonthly@yahoo.com

मूल्य : रु. २५/-


## कसरी जान खोज्दैछ राज्य-माओवादी वार्ता ?



**वार्ता कसरी अघि बढ्नु पर्छ ?**

विभिन्न पार्टीका नेताहरुको विचार

- नरहरि आचार्य
- ईश्वर पोखरेल
- प्रदीप ज्ञवाली
- तारानाथ रानाभाट
- स्वनाम
- मोहनविक्रम सिंह

साथमा **माओवादी अध्यक्ष प्रचण्डको विशेष ताजा अन्तर्वार्ता**




## इराकमाथि आक्रमण

डा. चैतन्य मिश्र

चीनमा कम्युनिष्ट पार्टी र कोमिन्ताङबीच भएको छुङकिङ सम्झौतामा के छ ?



## युद्ध र वार्ता साथसाथ


**आवरण कथा :**
- तेलको मूल्य वृद्धि : गलत तेल नीति र व्यवस्थापनको प्रतिफल ४

**घटना र प्रवृत्ति :**
- इराकमा आक्रमण - *डा. चैतन्य मिश्र* ४२
- राजदम्पतिको तीर्थाटन : एक भिन्न कोण - स्वागत नेपाल ४५

**आवरण कथा :**
- कसरी जान खोज्दैछ राज्य-माओवादी वार्ता ? - *विनोद ढुंगेल* ५
- वार्ता कसरी अघि बढ्नुपर्छ ? ८

**विशेष अन्तर्वार्ता :**
- वार्तामा माओवादी कसरी जान खोज्दैछ ? - *प्रचण्ड* १४

**इतिहास :**
- नेपालमा संविधानसभाको इतिहास - *मुक्ता श्रेष्ठ* १७

**अन्तर्वार्ता :**
- फिनलैण्डमा महिलाहरुको स्थिति - *पैवी अहोनेन* २०

**कविता :**
- लुतो - *श्यामल* २३
- शोक र शक्ति - *सुकुम शर्मा* २३

**कथा :**
- चिहानबाट स्यालको घोषणा - *खगेन्द्र संग्रौला* २४

**दर्शन :**
- बुद्ध दर्शनका विशेषताहरु - *प्रज्ञानरत्न* २८

**नीति-संस्कृति :**
- प्रजातान्त्रिक समाजवादी संस्कृतिबारे चिन्तन शून्यता - *हरिगोविन्द लुइँटेल* २९

**कम्युनिष्ट विश्व :**
- युद्ध र वार्ता साथसाथ - *राजेन्द्र महर्जन* ३०

**विज्ञान :**
- जीवनको उत्पत्तिबारे नयाँ सिद्धान्त - *तुल्सीदास महर्जन* ३५

**पर्दा/रंगमञ्च :**
- रंगमंचका बद्री अधिकारी टेलिश्रृंखलाहरुतिर - *गोविन्द वर्तमान* ३६

**किताब :**
- पारिवारिक विखण्डनको तस्वीर- 'नन्दिता' - *विवश वस्ती* ३८

**स्थलगत रिपोर्ट :**
- महलीसागर बाँध : भारतको अर्को बलमिचाइ - *गोविन्द वर्तमान* ४०

**पाठकको कुरो :** ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४१००५९ । फोटो : ए.बी.सी. फोटोज् । कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१ ।
कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ७७१४४८

# पेट्रोलियम पदार्थमा भारी मूल्य वृद्धि
# गलत तेल नीति र व्यवस्थापनको प्रतिफल

**२०५७ साल** असोजपछि फेरि सरकारले सबै पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि गरेको छ । गरीबको इन्धन- मट्टितेलमा सबैभन्दा ज्यादा ६५ प्रतिशत मूल्यवृद्धि गरिएको छ । अनुदानित कूपनको मट्टितेलसमेत साविकभन्दा २९ प्रतिशतले महँगो हुने भएको छ । अर्को सर्वसाधारणको इन्धन- डिजेलको भाउ पहिलेभन्दा ३४ प्रतिशत ज्यादा पारिएको छ । संपन्नहरूको इन्धन- पेट्रोलको मूल्य भने केवल ८ प्रतिशतले बढेको छ भने, एलपी ग्याँसको मूल्य पनि त्यति नै प्रतिशतले बढाइएको छ । अनि हवाइ इन्धन चाहिं १८ प्रतिशतले । यो भारी मूल्य वृद्धिको मुख्य कारण बताइएको छ- आयल निगम प्रतिमहिना ७४ करोड रूपैयाँ नोक्सानीमा जानुलाई र नेपालको तेल भारतको भन्दा सस्तो भएकाले चुहावट भएर भारतमा जानुलाई ।

आयल निगम निश्चय पनि घाटामा गएको हुनसक्छ, यो हामी अस्वीकार गर्दैनौं, तर यत्रो ठूलो घाटा विगतको कुन भूल वा नीतिगत त्रुटिका कारणले भयो ? यो कुरा आम जनताले प्रष्ट बुझ्नेगरी पारदर्शी ढंगले श्वेतपत्रको रूपमा जनसमक्ष ल्याइएको छैन, ल्याउनुपर्छ ।




हाम्रो ठम्याइमा सरकार र आयल निगमको विगतको गलत तेल नीति र त्रुटिपूर्ण आन्तरिक व्यवस्थापन नै यो विशाल घाटाको मुख्य कारण हो । सरकारको तेल नीति 'सक्नेसँग लिने, नसक्नेलाई दिने' हुनुपर्थ्यो । भनाइको तात्पर्य तिर्नसक्ने संपन्नहरूसँग उनीहरूसँग उनीहरूलाई चाहिने इन्धनमा राम्रो नाफा हुने गरी तेल बिक्री गर्ने र नसक्ने गरीबीको रेखामुनिका जनतालाई केही घाटा व्यहोरेर भए पनि सस्तोमा तेल बिक्री गर्ने जनमुखी तेल नीति सरकारसित हुनुपर्थ्यो । तर सरकारले विगतमा यस्तो नीति अप्नाएन । आफू महँगोमा तेल किन्ने, अनि सम्पन्न/विपन्न, धनाढ्य/गरीबको बीच कुनै भेद नै नगरी सबैलाई उति नै मूल्यमा आफूले ठूलो घाटा व्यहोर्नेगरी परलभन्दा सस्तोमा तेल बेच्ने गलत नीति सरकारले अख्तियार गर्‍यो । भनिन्छ, यसअघि मट्टितेलमा मात्र निगमलाई प्रतिलिटर रू. १०.५१ घाटा भइरहेको थियो, डिजेलमा ९.९१ र एलपी ग्याँसमा प्रति सिलिण्डर २३३ रूपैयाँ घाटा थियो । यही गलत घाटामुखी नीतिका कारणले गत केही महिनामा आयल निगमको सम्पूर्ण ४ अर्ब रूपियाँको संचितकोष धनी/सम्पन्नको निम्तिसमेत परलभन्दा निक्कै सस्तोमा तेल बेच्दै पूर्णतया शून्य भएको थियो । आयल निगमसित नयाँ तेल किन्न कुनै पैसा थिएन, निगम टाट पल्टेको थियो ।

निगम घाटामा जानुको अर्को कारण हो- तेल अन्तर्राष्ट्रिय बजारमा निक्कै सस्तो हुँदा तुरून्तै किनेर ६/८ महिनाको निम्ति पुग्नेगरी स्टोर गर्ने व्यवस्था र संयन्त्र निगमसित नहुनु । अहिलेसम्म निगम महँगो-सस्तो जेसुकै होस्, आफूसित पैसा हुँदा विश्व बजारमा तेल किन्ने, भारतलाई उसको सीमाको बन्दरगाहमा जिम्मा लाउने र नेपाल-भारत सीमाको भारतीय डिपोबाट चाहिएको मात्रामा थोरै थोरै तेल लिने गरिरहेको छ । निगमले अहिले अन्य तेलहरू ३० दिनको निम्ति जगेडा राख्नसक्छ र ग्याँस ६ दिनको निम्ति मात्र । यो स्थिति यथावत् भएसम्म विश्व बजारमा तेल जतिसुकै सस्तो होस्, हाम्रो देशले त्यसबाट वाञ्छित लाभ उठाउन सक्नेछैन । यही कारण हो, जसले गर्दा विश्व बजारमा तेलको भाउ भसक्कै घट्छ, तर नेपालमा चाहिं उपभोक्ताहरूले मूल्यको त्यो भारी ओह्रालोबाट फाइदा उठाउन पाउँदैनन् । उल्टो कहिलेकाहीं त अन्त मूल्य नबढ्दासमेत यहाँ मूल्य बढी पो रहेको हुन्छ । यो स्थितिको अन्त्य गर्नु नितान्त आवश्यक भएको छ । ऋणै लिएर भएर पनि ६/८ महिनाको लागि पर्याप्त तेल किन्ने र स्टोरेज गर्ने संस्थागत क्षमता निगमले अविलम्ब बनाउनु जरूरी छ ।

यसबाहेक केही सहायक उपायहरूले पनि निगमको घाटा करोडौं रूपैयाँ घटाउन सक्छ । आयल निगमले रक्सौलदेखि अमलेखगंजसम्म पाइप लाइन मात्र बिछ्याउँदा पनि अनावश्यक ढुवानी खर्च र मिसावटको समस्या उल्लेख्य मात्रामा घट्न सक्छ । निगमभित्रको चुहावट र घोटाला नियन्त्रित गर्नसक्दा मात्र पनि वार्षिक दशौं करोड रूपैयाँको बचत हुनसक्छ । नेपाल-भारत सीमाना नियन्त्रित र नियमित गर्ने हो भने नेपालको सस्तो तेल चुहिएर भारत पस्ने समस्या एक हदसम्म कम हुनसक्छ । अब चीनको तेलको पाइप लाइन ल्हासासम्म आउने भएको छ, यदि ल्हासाबाट नेपालसम्म पाइपलाइन बिछ्याउने हो भने नेपालसित सस्तो तेलको निम्ति अर्को विकल्प जुट्न संभव छ ।

फेरि पनि, निगमको भारी घाटा र नोक्सानीको मुख्य कारण सरकार र निगमको आफ्नै गलत तेल नीति र आन्तरिक व्यवस्थापन हो, यसको दण्ड र भार देशका बहुसंख्यक विपन्न जनतालाई बोकाउन पाइँदैन । निगमको घाटा अवश्य घट्नुपर्छ, तर विपन्न र नसक्नेलाई अहिलेको जस्तो ठूलो मूल्यको भार थोपरेर होइन, सक्नेसँग लिएर । उनीहरूसँग उनीहरूले प्रयोग गर्ने इन्धनमा उचित र नाफादायक भाउ तोकेर । यस हिसाबले अहिलेको तेलको मूल्य वृद्धिको पुनरावलोकन हुनुपर्छ । विगतको गृहयुद्धले ल्याएको आर्थिक मन्दीले विपन्न जनताहरू उत्तिकै थिलथिलो भएका छन् । तेलको मूल्यमा भारी वृद्धिले सबै थोकको भाउ बढाउने पक्का छ र यातायात भाडा २० प्रतिशत बढी नै सक्यो । यसकारण सरकारले विगतको हचुवा तेल नीति छाडेर जनमुखी वा गरीबमुखी तेल नीति अख्तियार गर्नुपर्‍यो । गरीबको सुस्पष्ट मापदण्ड बनाउनुपर्‍यो । गरीबको नाममा धनाढ्यले अनुदानित सस्तो तेल थुपार्ने संभावना व्यापक छ । यस्तो गर्ननसक्ने र नपाउने पारदर्शी, सर्वदलीय स्थानीय जनप्रतिनिधिमूलक संयन्त्र र विधि निर्माण गर्नुपर्‍यो । ❑

## पेट्रोललियम पदार्थमा मूल्य वृद्धि

| | *यसअघि* | *अब* | *वृद्धि प्रतिशत* |
|---|---|---|---|
| ◆ मट्टितेल प्रति लिटर | १७/- | २८/- | ६४.७% |
| ◆ कूपनमा मट्टितेल लिटर | १७ | २३/- | २९.४% |
| ◆ डिजेल लिटर | २६/५० | ३५/५० | ३४.४% |
| ◆ पेट्रोल लिटर | ५२/- | ५६/- | ७.७% |
| ◆ हवाई इन्धन लिटर | २८/८० | ३४/- | १८.०% |
| ◆ एलपी ग्याँस प्रति सिलिण्डर | ६५०/- | ७००/- | ७.७% |



वार्ताटोली सार्वजनिक हुँदाको बखत : संयोजक डा. बाबुराम भट्टराई

फोटो : नरेश श्रेष्ठ एपीसी फोटो

□ विनोद ढुंगेल

# कसरी जान खोज्दैछ राज्य-माओवादी वार्ता ?

नेकपा (माओवादी)ले 'जनयुद्ध'को नाममा शुरू गरेको सशस्त्र संघर्षले आठौं वर्षमा पाइला टेक्नुभन्दा सोह्र दिनअघि नै त्यो युद्ध स्थगित हुन पुगेपछि मान्छेहरूमा एउटा आशा पल्हायो- अब भने मुलुक शान्तिको संघारमा उभिने भयो ।

तर युद्धविराम घोषणाको डेढ महिनापछि मात्र युद्धविरामको आचारसंहिता घोषणा भयो ।

'शुरूमा आठ- दश दिनमा आचारसंहिता बन्छ र त्यसपछि हाम्रो बार्ता टोली आएर वार्ता शुरू हुन्छ भन्ने हाम्रो अपेक्षा थियो', नेकपा (माओवादी)को वार्ता टोलीका सदस्य कृष्णबहादुर महरा भन्नुहुन्छ- "आज-आज भोलि-भोलि भन्दाभन्दै ढिलै भयो । सत्तापक्ष यो वा त्यो निहुं पारेर वार्तालाई सकेसम्म लम्ब्याउने र ढिलो गर्ने सुरमा देखिएको छ ।"

आचारसंहिता घोषणा भएको दुई हप्तापछि माओवादी वार्ता टोली राजधानी भित्रिएको छ र एउटा पत्रकार सम्मेलनमार्फत् सार्वजनिक भएको छ र विभिन्न पार्टीका नेताहरूसँग भेटघाट गर्ने कार्यक्रम सम्पन्न गर्दै यो टोलीले चैत्र २० गते काठमाण्डौ खुल्लामञ्चमा विशाल आमसभालाई सम्बोधन पनि गरिसकेको छ । यसैबीच, वार्ता टोलीका संयोजक डा. बाबुराम भट्टराईको भनाइ छ- 'सत्ता पक्षले ठीक ढंगले युद्धविरामको आचारसंहिता पालना गरिरहेको छैन र वार्ताका लागि विश्वसनीय वातावरण बनाइरहेको छैन । वार्ताअघि जेलमा रहेका हाम्रा ५ जना केन्द्रिय नेताहरू छोड्न र युद्धविराम आचारसंहिता घोषणा भएपछि हामीमाथि पुनरावेदन अदालत पाटनमा लगाइएका मुद्दाहरू खारेज गर्न समेत सत्तापक्ष तैयार देखिँदैन । वार्ताको लागि विश्वासयोग्य वातावरण भयो भने भरे नै वार्ता हुनसक्छ, तर त्यो भएन भने वार्ता हुँदैन ।'

तर दलहरूमा भने पोहोर सालको तुलनामा वार्ताको लागि ज्यादा सकारात्मकता पैदा भएको माओवादी वार्ता टोलीको अनुभूति देखिन्छ ।

> "देखिने गरी वार्ता भाँड्ने तत्व पहिला जसरी यो वर्ष चाहिँ सक्रिय भएको देखिँदैन"

महराकै शब्दमा गत वर्षको युद्धविराम भंग भएपछिको 'जटिल र कठिन परिस्थितिबाट मुलुक यहाँसम्म आइपुग्दा माओवादीमात्र फेरिएको छैन, अरू शक्तिमा पनि व्यापक परिवर्तनहरू देखापरेका छन् । नीतिगत रूपमै पार्टीहरूका नयाँ सोचहरू अगाडि आएका छन् । विशेष गरी असोज १८ को प्रतिगमनपछि देशको राजनीतिक दृश्यावलीमा र शक्ति सन्तुलनमा ठूलो परिवर्तन आएको छ । संसदीय दलहरू व्यवहारमा र सोचमा दरबारभन्दा माओवादीको नजिक पुगेका छन् । पोहोरभन्दा अन्तरीम सरकार र संविधान सभाको सवालमा उनीहरू ज्यादा सकारात्मक र लचिलो भएका छन् । माओवादीहरूले पनि संसदीय दलहरूसित सहकार्य र सहमति विकसित गर्नुलाई उच्च प्राथमिकताको काम बनाएको देखिएको छ । संसदीय दलहरूको बहुदलीय प्रजातन्त्र, सेना र राजतन्त्रसम्बन्धी सोचप्रति माओवादीहरू पोहोरभन्दा ज्यादा सकारात्मक, लचिलो र सुस्पष्ट देखिएका छन् । सरकारसँग अघिल्लो वर्ष तीन चरण वार्ता गर्दा माओवादीतर्फका संयोजक रहनुभएका माओवादी नेता महरालाई 'यस वर्ष अघिल्लो पटकभन्दा




*काठमाण्डौंमा सार्वजनिक हुँदाको पत्रकार सम्मेलनमा माओवादी वार्ता टोली/ पत्रकारहरुलाई जवाफ दिँदै डा. भट्टराई*

शान्तिको चाहना बढेको र त्यो काम वार्ताबाट मात्रै सम्भव भएको ठान्नेहरू धेरै भएको' महसूस भएको छ । उहाँ भन्नुहुन्छ- "देखिने गरी वार्ता भाँड्ने तत्व पहिला जसरी यो वर्ष चाहिँ सक्रिय भएको देखिँदैन ।" तर पनि मुलुकको भविष्यको राजनीतिक निकास संम्बन्धमा मत भिन्नता र अन्तरविरोध भने अझै बाँकी देखिन्छ ।

## वार्ताका मुद्दाहरू :

आठ वर्ष लाग्दा नलाग्दै आठ हजार नेपालीको ज्यान गएको भनिएको द्वन्द स्थगित भएपछि अहिले परस्पर सम्बन्धित तीनवटा विषयहरू राजनीतिक सतहमा चर्चामा छन्- गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभा ।

माओवादी पक्षले अघि सारेका यी मुद्दाहरूको स्वरूप र औचित्यबारे स्पष्ट नभएको विचार नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालादेखि एकताकेन्द्र-मसालका महामन्त्री मोहनविक्रम सिंहसमेतले बताइरहनुभएको छ ।

## गोलमेच सम्मेलन

राज्य संचालनको स्वरूप निर्धारण गर्ने प्रारम्भिक निर्णायक थलो गोलमेच सम्मेलन माओवादीले नै उठाएकोले यसबारे उसले नै प्रष्ट पार्नुपर्ने प्राथमिक दायित्व भएको सबै बताउँछन् । आफूले राखेको प्रस्तावबारे 'आफ्नो दिमागमा त एउटा स्पष्ट खाका चाहिन्छ नि, तर छैन', एकताकेन्द्र-मसलाका महामन्त्री सिंह गुनासो गर्नुहुन्छ- माओवादीहरू एकातिर २०४७ सालको संविधानलाई खारेज गर्ने कुरा गर्छन्, अर्कोतिर त्यस्ता चीजहरूमाथि देशको सम्पूर्ण भाग्य भविष्यलाई सुम्पिदिन्छन्, जसको अहिलेसम्म कुनै आधारै छैन ।

यति हुँदाहुँदै पनि गोलमेच सम्मेलनको स्वरूपका बारेमा धेरै कुराहरू बाहिर आएका छन् । माओवादी नेता महराका अनुसार मूलतः प्रक्रियासँग सम्बन्धित भए पनि गोलमेच सम्मेलनले शुरूमा सानो निर्वाचित जन प्रतिनिधि सभाको काम गर्नेछ र यसले अन्तरिम विधान निर्माण गरेर अन्तरिम सरकार गठन गर्नेछ । त्यसमा कुनै पनि धर्म, जाति, भाषा र वर्गको प्रतिनिधित्व छुट्नु नहुने माओवादी नेताहरू बताउँछन् । यसको अर्थ उनीहरू निर्वाचन आयोगमा दर्ता भएका सबै राजनीतिक दलको भीड जम्मा पार्ने पक्षमा छैनन् । बरू २०४६ सालको आन्दोलनका आन्दोलनकारी र स्थापित गरी दश - पन्ध्रवटा राजनीतिक दलको प्रतिनिधित्व हुने बताइरहेका छन् । यसबाहेक नागरिक समाजका प्रतिनिधि, बुद्धिजीवीहरूको प्रतिनिधित्व त्यहाँ हुनेछ । र, संविधानसभा नबन्दासम्म मुलुकका संवेदनशील र राष्ट्रिय महत्वका विषयमा त्यसले मिनी संसदका रूपमा अन्तरिम सरकारलाई मार्ग-निर्देशन गरिरहनेछ भन्ने माओवादी पक्षको धारणा देखिन्छ ।

माओवादी नेता महराका अनुसार, द्विपक्षीय र बहुपक्षीय अनौपचारिक भेटघाटहरूबाट अन्तरिम सरकार र संविधान सभाको सवालमा सहमित भयो भने अन्तरिम सरकार बनाउन गोलमेच सम्मेलन नै आवश्यक पर्दैन । तर फेरि पनि त्यो सरकारलाई निरन्तरता दिँदा आवश्यक परामर्श र दिशानिर्देश गर्न गोलमेच सम्मेलन आवश्यक पर्छ । संविधानसभाको निर्वाचन भएर जनप्रतिनिधिका रूपमा संविधान सभासदहरू आएपछि यसको जिम्मेजारी कम हुनपुग्छ ।

गोलमेच सम्मेलनको आयोजना गर्ने कुरामा पनि केही जटिलता छन् । वर्तमान लोकेन्द्रबहादुर चन्दले नेतृत्व गर्नुभएको सरकारलाई संसदवादी राजनीतिक दलहरूले औपचारिक कार्यक्रमहरूमा बहिष्कार गरिरहेको र उसले डाकेको सर्वदलीय वैठकमा समेत नगएको स्थितिमा सरकारले गोलमेच सम्मेलन बोलाउन केही अप्ठ्यारो देखिन्छ ।


तर गोलमेच सम्मेलनको विषय अघि सार्ने माओवादी भने यस कुरामा निक्कै लचिलो देखिएको छ । 'कसले बोलाउने भन्ने प्रमुख कुरा होइन, एमाले, कांग्रेस, राजामध्ये जसले बोलाए पनि हुन्छ । कांग्रेस र एमालेले मिलेर बोलाए पनि हुन्छ, हामी बोलाउन पनि तयार छौं ।" नेता महरा भन्नुहुन्छ- "मुख्य कुरो पार्टीहरूबीचको अग्रगमनमुखी राजनीतिक सहमति हो, राजनीतिक सहमति भएपछि प्राविधिक कुराहरू सबै गौण हुन्छन् ।"

## अन्तरिम सरकार

वर्तमान चन्द सरकार विघटन गरेर नयाँ सरकार बनाउनुपर्ने र त्यसमा आफूले नेतृत्व गर्नुपर्ने भावना नेकपा (एमाले)बाट प्रकट भइरहेको बेला गोलमेच सम्मेलनले बनाउने सरकारमा उसको दावी नहुने कुरै आउँदैन । राजाको स्वार्थ अनुकूलको सरकारका लागि सिंगो राज्यसत्ता निश्चित रूपमा लाग्नेछ भने नेकपा (माओवादी)ले पनि सरकारको नेतृत्वको दावी गर्न सक्छ ।

शुरूदेखि नै माओवादीका कटु आलोचक एकताकेन्द्र-मसालका महामन्त्री मोहनविक्रम सिंह त यी सबै घटनालाई माओवादी नेतृत्वको 'महत्वाकांक्षी, अवसरवादी, व्यवहारवादी र क्यारियरिष्ट' चरित्रले उनीहरू सत्तामा पुग्ने दाउबाहेक केही देख्नुहुन्न । 'उनीहरूको मुख्य सरोकार एक वा अर्को प्रकारले सम्झौता गरेर सत्तामा सहभागी हुनु नै हो', उहाँको दावी छ । तर महरा भन्नुहुन्छ- "संविधान सभालगायतका राजनैतिक विषयमा कुरा मिल्छ भने हामी अन्तरिम सरकारमै नबस्न पनि तयार छौं ।"

'यो प्रक्रियागत र प्राविधिक कुरा हो, यसमा हामी कहीं जड छैनौं । जनताले अधिकार पाउने ग्यारेन्टी हुने हो भने हामी जे सुकै पनि त्याग गर्न तयार छौं ।'



*माओवादी वार्ता टोलीका संयोजक : बाबुराम भट्टराई र सदस्यहरु : रामबहादुर थापा (बादल), कृष्णबहादुर महरा, देव गुरुङ्ग र मातृका यादव (बायाँबाट क्रमशः)*

देशको सम्वैधानिक निरन्तरता र राज्यको जीवन संचालनका लागि वार्ताको आचारसंहिता निर्माण गरेर त्यसकै आधारमा अन्तरिम खालको संविधान र कानूनहरू जारी गर्न सकिने माओवादीको ताजा दृष्टिकोण पाइन्छ । वर्तमान संविधानको अवसानदेखि संविधान सभाले बनाउने नयाँ संविधानको कार्यान्वयनसम्मको अवधिको शून्यताका बीचमा वर्तमान आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक सबै अधिकार यथावत् रहने गरी नयाँ अन्तरीम विधानको व्यवस्था गरिने दृष्टिकोण माओवादीको छ । 'शक्तिशाली अन्तरिम सरकार संचालन गर्न त केही विधान, आचारसंहिता र कानून आवश्यक पर्छ । माओवादी नेता महरा भन्नुहुन्छ - "गोलमेच सम्मेलनबाट राष्ट्रिय सहमतिका आधारमा त्यस्तो अन्तरिम विधान र कानून निर्माण हुन्छ र अन्तरिम सरकारले त्यसलाई लागू गर्छ ।'

यो प्रयोग नेपालकै राजनीतिक इतिहासमा २००७ सालमा पनि भइसकेको छ । तत्कालीन राजा त्रिभुवनबाट फागुन ७ गते 'हाम्रो प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको प्रजातान्त्रिक विधानअनुसार होओस् भन्ने हाम्रो इच्छा र निर्णय भएको' घोषणा गरिएको थियो । संविधान सभाले निर्माण गरेको नयाँ संविधान तयार नभएसम्मको अन्तरकालीन अवधिका लागि अन्तरिम शासन विधान २००७ जारी गरिएको थियो ।

## संविधान सभा

माओवादी पक्षले संविधान सभाको निर्वाचनको स्वरूपबारे पनि स्पष्ट गर्न बाँकी देखिन्छ । नयाँ जनवादी गणतन्त्र स्थापनाको लक्ष्यबाट पोहोर गणतन्त्रको संस्थागत विकाससम्म लचिलो भएर आएको माओवादी अहिले त्यही गणतन्त्रको विषयलाई पनि संविधान सभाको जिम्मामा छोडन तयार भएको छ । 'यो त वास्तवमा नेपाली कांग्रेस, एमालेको नारा हो । यो पूँजीवादी प्रजातन्त्रको नारा हो । संविधान सभाको विषय उनीहरूले उठाउनुपर्थ्यो, तर उनीहरूले नउठाएकाले हामीले नेतृत्व गर्नु परेको छ' - माओवादी नेता महरा भन्नुहुन्छ ।

गणतन्त्रको लक्षबाट हामी अझै विचलित भएका छैनौं, त्यो हाम्रो घोषित लक्ष्य हो । मुख्य कुरो जनताको अधिकार हो । तर संविधान सभामार्फत् यो विषयमा जनताको अभिमत बुझ्न यसलाई जनतामै छोड्न हामी तयार भएका छौं' - महरा भन्नुहुन्छ । संविधान सभाको निवार्चनलाई माओवादीले एक सूत्रीय ढंगले उठाइरहँदा पोहोर यसको विरोध गर्ने ठूला पार्टीहरू पनि अहिले



सत्तापक्षका वार्ता टोलीका संयोजक : नारायण सिंह पुन

निक्कै लचिलो भएर देखिएका छन् । नेपाली कांग्रेसभित्र 'शर्तरहित संविधान सभाको निर्वाचनका लागि पार्टी तयार हुनुपर्ने' माग केन्द्रीय कार्य समितिको बैठकमै उठ्न थालेको छ । 'प्रतिनिधि सभाको पुनर्स्थापना र सर्वदलीय सरकार गठनजस्ता विकल्पलाई यथावत् राखे पनि पुरानै विकल्पमा अडिग रहनुको सट्टा नयाँ विकल्प खोज्नुपर्छ र त्यो नयाँ विकल्प भनेको संविधान सभा हो ।' हालै चैत ६ गतेको केन्द्रीय कार्यसमितको बैठकमा केन्द्रीय सदस्य नरहरि आचार्यले भन्नुभएको थियो । त्यो बैठकमा एमाले र माओवादीभन्दा कांग्रेस क्रान्तिकारी पार्टी भएकोले कांग्रेस संविधान सभाको बाटोबाट अघि बढ्नुपर्ने विचार चक्रप्रसाद बास्तोलाले राख्नुभएको बुझिएको छ । सो बैठकले निर्णय सार्वजनिक गरेको छ- "नेपाली कांग्रेस वर्तमान सबै समस्यालाई समाधान गर्न नेपाली जनताको सार्वभौम अधिकारलाई सम्मान गर्दै जनतालाई थप अधिकारसम्पन्न गराउने दिशामा सम्वैधानिक विकासका निम्ति प्रजातान्त्रिक प्रक्रियालाई विकसित गरिनुपर्छ भन्ने मान्यतामा विश्वास व्यक्त गर्दछ ।" यो निर्णयले नेपाली कांग्रेस अब संविधान सभाको निर्वाचनप्रति सकारात्मक भएको बलियो संकेत दिएको छ ।

नेकपा (एमाले)ले भने सबै विकल्पहरूलाई खुला राख्ने निर्णय गत माघको दाश्रो सातामा सातौं महाधिवेशनबाटै गरिसकेको हुनाले सैद्धान्तिक रूपमा उसले संविधानसभाको विरोध गर्नुपर्ने स्थिति छैन । जुनसुकै बेला पनि निर्णय गरेर संविधान सभाको पक्षमा जानसक्ने ठाउँ छ । त्यो दलभित्र संविधान सभामा जान हुने र नहुने विवादमा नेतृत्व तहभन्दा कार्यकर्ता तहको अत्याधिक बहुमत संविधान सभाको पक्षमा निक्कै सकारात्मक देखिएको छ । तर त्यहाँभित्र यसका कट्टर विरोधीहरू पनि छन् । स्थायी समिति सदस्य ईश्वर पोखरेल भन्नुहुन्छ- "संविधान सभा त यति खतरनाक र डरलाग्दो छ कि २०४६ सालको जनआन्दोलनबाट जनताले प्राप्त गरेका अधिकार त्यसबाट अझ संकुचन हुने खतरा छ ।' तर केन्द्रीय सदस्य प्रदीप ज्ञवाली संविधान सभाको पक्षधरहरूको तर्क सुनाउँदै भन्नुहुन्छ- "अहिलेको राजनीतिक शक्ति सन्तुलनको



फोटो साभार : Kathmandu Post

*माओवादी वार्ता टोलीको स्वागत गर्न काठमाण्डौमा आयोजित जनसभामा देखिएको विशाल जनसहभागिता*

अवस्थामा संविधान सभाबाट डराउनुपर्ने केही देखिँदैन ।"

"नेपालको राजसंस्था सदा लोक सम्मतिबाट संचालित भएको इतिहास साक्षी छ । प्रजातन्त्रप्रतिको हाम्रो प्रतिवद्धता हामीले बारम्बार दोहोऱ्याई आएका छौं ।" सर्वाधिक आलोचित गत असोज १८ को शाही घोषणामा यस्तो प्रतिवद्धता जनाउने राजाबाट पुस १९ गते विराटनगरमा नागरिक अभिनन्दनका क्रममा पनि त्यही प्रतिवद्धता दोहोऱ्याइयो । 'राजतन्त्र पनि लोकसम्मतिप्रति साँच्चै प्रतिवद्ध हो भने संविधान सभाबाट डराउनुपर्ने अवस्था छैन', नेपाली कांग्रेसका नेता नरहरि आचार्यको कथन छ ।

संविधान सभाको विषयमा धेरै वैचारिक बहसहरू भइसके पनि त्यसको स्वरूप र गठन विधि भने स्वयंम् माओवादीले पनि सार्वजनिक गरेको छैन । 'ती गोलमेच सम्मेलन र अन्तरिम सरकारले प्रष्ट पार्ने प्राविधिक विषय हुन्' महरा भन्नुहुन्छ ।

अहिलेको स्थितिमा तीन खाले संविधान बन्ने संभावनाहरू देखापर्छन्- निरंकुश राजतन्त्रात्मक, गणतन्त्रात्मक वा संवैधानिक राजतन्त्रात्मक ।

२०४६ सालअघिको व्यवस्थाको पक्षमा खुला वकालत गर्ने र निरंकुश राजतन्त्रात्मक शासन प्रणाली हुनुपर्छ भन्ने पक्ष अस्तित्वमा भएपनि देशभित्र त्यो लोकप्रिय र जनव्यापी स्तरमा बलवान देखा परेको छैन । तथापि पंचायतकालीन नेता दामोदर शमशेर जबरा, बाह्र वर्षसम्म राजाको हात बाँधेकोले देशको यो दुर्गति हुन पुगेको' बताउनुहुन्छ । उहाँजस्ता विचार राख्नेहरू पनि प्रशस्त छन् । तर देशको शक्ति सन्तुलन र जनमत राजाको पक्षमा नभएकाले र देखौवा रूपमा राजा स्वयं नै सम्वैधानिक राजतन्त्रको पक्षमा देखापर्नुले निरंकुश राजतन्त्रात्मक संविधान निर्माण हुने संभावना क्षीण छ ।


असोज १८ को घटनापछि गणतन्त्रात्मक संविधान बन्ने संभावना त्योभन्दा बढी छ, किनकि माओवादी नेता महराले भनेजस्तै माओवादीदेखि एमाले र नेपाली कांग्रेससम्मका शक्तिहरू एक भएको खण्डमा त्यो स्थिति निर्माण हुनसक्छ । तर माओवादीबाहेकका अन्य दुई ठूला दलले औपचारिक रूपमा त्यो निर्णय गरेका

# वार्ता कसरी अघि बढ्नुपर्छ ?

## विभिन्न पार्टीका नेताहरूको विचार

### एउटा लोकतन्त्रवादीलाई गणतन्त्रको कुरो भन्दा कुनै आपत्ति हुँदैन

नरहरि आचार्य
*केन्द्रीय सदस्य, नेपाली कांग्रेस*



■ राज्य सत्ता र माओवादीबीच हुन लागेको वार्तालाई कसरी हेरिरहनु भएको छ ?

– अहिले माओवादीले उठाएका गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभा तीनवटै विषय प्रकृयासँग सम्बन्धित छन् । उहाँहरुले ती प्रक्रियामार्फत् हासिल गर्न खोजेको कुरा चाहिं के त ? भन्नेमा अझै अस्पष्टता र अन्यौल देखिन्छ, त्यो स्पष्ट पार्नु जरुरी छ । सशस्त्र विद्रोह शुरु गर्दाको संयुक्त जनमोर्चा, नेपालको नाममा आएको चालीस सूत्रीय र अघिल्लो वार्ताकालमा आएको छब्बीस सूत्रीय मागमा भने उहाँहरुले क्रमशः जनगणतन्त्र र गणतन्त्रको कुरा गर्नुभएको छ ।

■ गणतन्त्रभन्दा तपाईलाई आपत्ति छ कि छैन ?

– एउटा लोकतन्त्रवादीलाई गणतन्त्रको कुरो भन्दा कुनै आपत्ति हुँदैन । लोकतन्त्रको पूर्णताका निम्ति पनि गणतन्त्र नै चाहिन्छ, यो यथार्थ हो । बहुदलीय प्रतिस्पर्धा, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार र मानवअधिकार उहाँहरुको गणतन्त्रमा हुन्छ कि हुँदैन, त्यही बुझ्न हामी प्रश्न गरिरहेका छौं – गणतन्त्र कि जनगणतन्त्र ?

■ आचारसंहिता बनिसकेको अवस्थामा अब वार्ता प्रारम्भ कहाँबाट हुनुपर्छ ?

वार्ता प्रारम्भ गर्नका लागि अग्रगमनका निम्ति विषयगत स्पष्टताको लागि आफ्नो खाका र दृष्टिकोण प्रस्तुत गर्नु जरुरी छ । यो प्राथमिक दायित्व नेकपा (माओवादी)को हो । टेबुलमा दुइटा पक्षका प्रतिनिधिहरु बसेर मात्र वार्ता हुदैन, विषयहरु जनताको बीचमा प्रस्तुत गरेर यो प्रकृया शुरु हुन्छ ।

■ राज्यको तर्फबाट नि ?

– विद्रोहीका रुपमा स्वीकार गरिएको पक्षलाई राष्ट्रिय धारमा समावेश गराउनका लागि के–के कुरा प्रस्तुत गर्न राज्य तयार छ भन्ने राज्य पक्षले प्रष्ट पार्नुपर्छ । राज्यले के प्रस्तुत गर्दैछ भन्ने पनि जनताले छलफल गर्न पाउनुपर्छ । विषयगत कुरा गोपनीय पनि होइनन् ।

■ माओवादी विद्रोही र राज्य पक्षबाहेक संसदवादी पार्टीहरूको भूमिका चाहिँ के हुनुपर्छ ?

– हो, यो शक्तिले पछिल्लो पटक भएको मतदानबाट जनताको म्याण्डेट प्राप्त भएको परिस्थिति छ । अर्को जनमत देखा नपर्दासम्म त्यसलाई इन्कार गर्न मिल्दैन । असोज १८ अघिसम्म ती संसदवादी राजनीतिक दलहरु पनि राज्य पक्षमै पर्थे तर त्यसपछाडि राजासँग प्रत्यक्ष रुपमा उनीहरुको गम्भीर विवाद छ । यो स्थितिमा राजा र माओवादीको सहमतिले मात्र पुग्दैन । तसर्थ ती हिजोका संसदमा रहेका राजनीतिक शक्तिहरुले पनि आफ्ना कुरा प्रष्टसित अगाडि सार्न सक्नुपर्छ ।

अब संवैधानिक राजतन्त्र मात्र छलफलको विषय रहेन, गणतन्त्रको विषय पनि उत्तिकै प्रबल रुपमा मुलुकमा उठेको छ । गणतन्त्र माग्नेहरुसंग एउटा समझदारी भएर युद्धविराम गरी वार्ता प्रकृया प्रारम्भ भएको छ । मेचीदेखि महाकालीसम्म नै गणतन्त्र एउटा बहसको विषय बनेर जनताको दिमागमा प्रवेश गरिसक्यो । माओवादीले फिर्ता नै गरे पनि त्यो विषय हरेकका दिमागबाट फिर्ता झिकिंदैन । गणतन्त्र माओवादीको मात्र निजी विषय पनि होइन । जनताको दिमागमा प्रवेश गरिसकेको यो विषय र आकांक्षालाई कसरी व्यवस्थित गर्ने ? धारणागत रुपमा प्रष्ट पार्नुपर्‍यो – सबै दलले ।

■ धारणागत प्रष्टता त राजाले पनि दिनुपर्ने होइन र ?

– बिल्कुल हो, राजाले गर्न खोजेको के हो ? सक्रिय र भूमिकासहितको वा संवैधानिक ढंगको राजसंस्था खोजेको हो ? राजाले पनि स्पष्ट भन्न सक्नुपर्‍यो । हैन, जनताले चाहेनन् भने यो मुलुकमा गणतन्त्रै आयो भने पनि म स्वीकार्न तयार छु भनेको हो कि ? त्यो पनि प्रष्ट पार्नु पर्‍यो । राजाले लोकसम्मतिमाथि आफ्नो ठूलो आस्था छ भनेको के हो ? के त्यो संविधान सभामार्फत् व्यक्त हुने लोकसम्मति पनि आफूलाई स्वीकार्य छ भनिएको हो ? स्पष्ट पारिनु पर्‍यो ।

■ अबको संविधान कस्तो बन्नुपर्छ ? र त्यो कसरी बन्नुपर्छ ?

– संविधानमा केही अग्रगामी विषयलाई समावेश गरेर मात्र हुँदैन, संविधानको चरित्रलाई नै अग्रगामी बनाउनुपर्छ । त्यस निम्ति आवश्यक पर्दा संसदले निर्णय गरेको अवस्थामा मुलुकको राजनीतिक र संवैधानिक विषयमा जनमत संग्रह गर्ने प्रावधान संविधानमा राख्नुपर्छ ।

**राजाले लोकसम्मतिमाथि आफ्नो ठूलो आस्था छ भनेको के हो ?**

राजनीतिक पार्टीहरुबीच सहमति भएमा त्यति गर्न संविधान संशोधनको बाटोबाट जान सकिन्छ । तर हैन राजसंस्था नै राख्ने कि नराख्ने भन्ने बारेमा पनि मुलुकमा छलफल भएर एउटा निर्णयमा पुग्नुपर्छ, जनताले निर्णय गर्न पाउनुपर्छ भन्ने माओवादीको भनाइ हो र राजसंस्था पनि वास्तवमै लोकसम्मतिको आधारमा चल्न तयार भएको हो भने संविधानसभा बाहेक अर्को विकल्प हुदैन । तर, त्यो संविधानसभा कुनै शर्तमा बाँधिनु हुँदैन, निशर्त हुनुपर्‍यो । सही रुपमा बहुमत जनताको प्रतिनिधिका रुपमा निर्णय गर्नसक्ने हैसियतको यो हुनुपर्‍यो । शर्तरहित संविधानसभा हुनुपर्‍यो ।

■ संविधानसभाको निर्णय आफ्नो अनुकुल नभएमा कुनै पक्षले नस्वीकार्ने अवस्था सिर्जना हुन नदिन के गर्नुपर्छ ?

– संविधानसभामा जाने भन्ने कुरा खेलाँची होइन । साँच्चै लोकसम्मतिप्रति प्रतिबद्ध नभई राजसंस्था पनि यसमा जान सक्दैन । त्यसको लागि राजसंस्थाको जनताप्रति विश्वास हुनुपर्‍यो । अरु दलले पनि लोकतान्त्रिक प्रणाली नै चाहिँदैन भनेर जनताले भन्दैनन् भन्ने विश्वास राख्दै त्यसो भनेछन् भने स्वीकार्छु भन्न तयार हुनुपर्‍यो ।

❑

### संविधानसभा केका लागि ? माओवादीले स्पष्ट पार्नुपर्‍यो

ईश्वर पोखरेल, *नेकपा (एमाले)*



■ युद्धविराम आचारसंहिता जारी गरेर वार्ताको तयारी भइरहेको बेला तपाईंहरू के सोच्दै हुनुहुन्छ ?

– पहिलो कुरा त यो युद्धविराम आचारसंहिता मात्र हो, वार्ताको आचारसंहिता अर्कै आउँछ भनिएको छ । दोस्रो कुरा, युद्धविरामलाई अनन्त कालसम्मको लामो विषय बनाएर फेरि पनि जनताको शान्तिको चाहनालाई अन्यौलमा फर्काइने विषय बनाइनु हुँदैन ।

■ वार्ताबाट अधिकतम उपलब्धि के हुनसक्छ ?

– जनताको शान्तिको चाहना पूरा हुन्छ । शान्तिपूर्ण राजनीतिको मूल धारमा सबै आउने वातावरण बन्नुपर्छ ।

■ सम्वैधानिक राजतन्त्रअन्तर्गतको राजनीतिक मूल धारमा माओवादी आउला ?

– माओवादीले यो कुराको जवाफ जिब्रो नचपाई दिनुपर्छ । सम्वैधानिक राजतन्त्रको बारेमा उनीहरूले अहिलेसम्म जिब्रो चपाइरहेका छन् । सम्वैधानिक राजतन्त्रअन्तर्गत नै सुधारको तहमा काम गर्नु थियो भने विगतमा हत्या, हिंसाको राजनीति गरेर अगाडि सारेका मुद्दाको बारेमा कार्यकर्ता र जनता सामु उनीहरूले कसरी जवाफ दिने ?

शान्तिपूर्ण ढंगले राजनीतिक मूल धारमा आउने हुन् भने राष्ट्र र जनताको हितका खातिर अगाडि सारेका विषयहरूमा सम्भव सबै शक्तिसँग एक भएर

# अहिलेको शक्ति सन्तुलनमा संविधानसभाबाट कोही डराउनु पर्दैन

प्रदीप ज्ञवाली, *केन्द्रीय सदस्य, नेकपा (एमाले)*



युद्धविराम, वार्ता, गोलमेच सम्मेलन, अन्तरिम सरकार, संविधान सभा साधन मात्र हुन्, साध्य होइनन् । तसर्थ यी साधनबाट प्राप्त गर्न खोजेको परिणाम के, संविधान सभापछिको सत्ताको स्वरुप के, सबै प्रष्ट हुनुपर्छ । यो वार्ता प्रकृया नीतिहीन र सिद्धान्तहीन सत्ता बाँडफाँडमा गएर टुंगिने त हैन भन्ने आंशका गर्ने ठाउँ भेटिन्छ ।

२०४६ सालपछि सत्ता र समाजको प्रजातान्त्रिकीकरण हुन नसक्दा उत्पन्न जनअसन्तोषले माओवादीलाई जन्माएको हो । आर्थिक, सामाजिक, लैंगिक, जातीय, क्षेत्रीय असन्तुलनले नै माओवादी जनयुद्धलाई ऊर्जा दिएको हो । तसर्थ, वार्ताबाट नै ती असन्तुलनलाई कुन विधिबाट सम्बोधन र समाधान गर्ने भन्ने प्रष्ट हुनु जरुरी छ । समाजको असन्तुष्टि विद्यमान रहेसम्म सत्ता साझेदारीले मात्र केही हुनै सक्दैन ।

अहिलेको स्थितिमा समाधान गर्नुपर्ने मुख्य ६ वटा समस्या देखिन्छन् । पहिलो कुरा त, असोज १८ पछि खोसिदै गएको २०४६ सालको आन्दोलनबाट प्राप्त अधिकारको प्रतिगमनबाट देश र जनतालाई मुक्त गर्नुपर्छ । हत्या, हिंसापछि अब मुलुकलाई दिगो शान्तिमा प्रवेश गराउनु पर्ने दोस्रो आवश्यकता छ भने तेस्रो समस्या यथास्थितिवाद हो । जातीय, भाषिक, क्षेत्रीय, धार्मिक समस्यालाई वर्तमान संविधानले सम्बोधन गर्न नसकेको र त्यसैबाट उत्पन्न सामाजिक असन्तुष्टिलाई राजनीतिक विद्रोहले नेतृत्व गरेकोले ती समस्याको समाधान गर्नुपर्छ ।

केन्द्रीकृत राज्य संरचना अर्को समस्या हो, जसलाई फेर्नु जरुरी छ । द्वन्दको क्रममा पीडित भएकाहरुलाई पुनर्स्थापित गर्नुपर्ने पाँचौं समस्या छ भने कमजोर हुँदै गएको राष्ट्रियता अर्को समस्याको विषय हो ।

यी समस्यालाई समाधान गर्ने चार वटा संवैधानिक विकल्प प्रस्ताव गर्न सकिन्छ– संविधान संशोधन, जनमत संग्रह, आयोगमार्फत् संविधान पुनर्लेखन र संविधान सभामार्फत् नयाँ संविधान निर्माण ।

संविधान संशोधनको प्रस्ताव संसद नै नभएको यो समयमा अब असामायिक भइसक्यो । असोज १८ को शाही घोषणापछि अब यो पूर्ववत् अवस्थामा फर्किदैन । तसर्थ वर्तमान संविधानभित्रैबाट संविधान संशोधन अब असम्भवप्रायः र निरर्थक छ ।

जनमत संग्रहको विकल्प आफैंमा नकारात्मक होइन, तर समस्याहरु यति धेरै छन्, कुन विषयमा जनमत संग्रह गर्ने भन्ने समस्या प्राविधिक रुपमै पनि सिर्जना हुन्छ । दुई मुख्य विषयमध्ये एउटालाई छान्ने कुरामा मात्र यो व्यवहारिक हुन्छ । त्यसमाथि पनि यो उपाय अपनाउँदा अहिलेको मरेको संविधानलाई स्वीकार गर्नुपर्ने एउटा दोष फेला पर्छ भने त्यो जनमत संग्रहको नेतृत्व आन्दोलनकारी र अग्रगमनकारी शक्तिले नभएर अर्कै पक्षले गर्छ । यी दुई प्रमुख कमजोरी यो विकल्पमा फेला पर्छ ।

तेस्रो प्रस्ताव भनेको पुनर्लेखनको हो । वर्तमान संविधानले काम दिँदैन भन्ने निष्कर्षमा पुगेपछि नै पुनर्लेखन गर्ने हो । तर आयोगद्वारा पुनर्लेखन गर्ने काम अप्रत्यक्ष विधि हो, यसमा संविधान निर्माणमा जनताको निर्णायक भूमिका देखिँदैन । घुमिफिरी यो २०४७ सालको जस्तै उपायमात्र हुनपुग्छ ।

यो अवस्थामा सिद्धान्ततः जोसुकै प्रजातन्त्रवादी शक्ति संविधान सभाको पक्षमा उभिन्छ । संविधानसभा भन्ने बित्तिकै संविधान निर्माणमा जनताको सहभागिता स्पष्ट रुपमा हुन्छ । तर, अहिलेको राजनीतिक शक्ति सन्तुलनको अवस्थामा यसबाट डराउनु पर्ने केही देखिँदैन । फेरि पनि संविधान सभामा आउनेहरु राजावादी, संसदवादी र माओवादी तीनैथरि हुन्छन् । तसर्थ, तीनै थरिको सम्झौता र सह–अस्तित्वको दस्तावेज नै त्यसले बनाउने निश्चित छ । यसो गर्नुको एउटा ठूलो फाइदा तत्कालका लागि पनि के हुन्छ भने, सबैले आ–आफ्नो स्थान निर्धारण गर्छन् । त्यसबाट दरवारको प्रजातान्त्रीकरण र पारदर्शीता कायम गर्न सकिन्छ र सही अर्थमा सम्वैधानिक राजतन्त्र हुन्छ । अरु पक्षको पनि प्रचुर सहभागिता हुन्छ, जनपक्षीय चरित्रहरु कायम हुन्छन् ।

संविधान सभाको चुनाव गर्नुका साथसाथैमा केही जोखिमहरु पनि छन् । पहिलो कुरा त, राजाको महत्वाकांक्षा र माओवादीको राजाविरोधी इच्छाको टुंगो लाग्छ कि लाग्दैन ? संविधान सभाको चुनाव लामो समयसम्म नभएर २००८ देखि २०१५ सालको जस्तै शून्यता र अस्थिरता कायम हुनसक्छ । देशी विदेशी स्वार्थहरु खेल्न र संविधानमै टाँस्सिन सक्छन् । आ–आफ्नो उद्देश्य प्राप्त गर्न नसके बन्दूक हुने शक्तिहरु युद्धलाई निरन्तरता दिन गैर जिम्मेवारीपूर्वक निस्कने त होइनन् भन्ने सबैभन्दा ठूलो जोखिमको आशंका व्यक्त गर्न सकिन्छ ।

यी संभावनाहरुका बीच चारवटा आधार तयार गरेर वार्ताको थालनी गर्नुपर्छ । जुनसुकै समस्याको समाधान शान्तिपूर्ण तवरले गर्ने कुरामा प्रतिवद्धता, २०४६ सालको जन आन्दोलनका उपलब्धिहरुलाई वार्ताको प्रस्थानबिन्दुको रुपमा निर्धारण, मुलुकका सबै शक्तिबीचको सह अस्तित्वको स्वीकार र जनताको वास्तविक सार्वभौमसत्ता कायम गर्ने लक्ष्य ती आधार हुनसक्छन् ।

यो सबै गर्नका निम्ति माओवादीले आफ्नो लक्ष्यमा प्रष्ट हुनु, मित्रशक्तिको सही पहिचान गर्न सक्नु र जनताको भूमिकालाई निर्णायक मान्ने इमान्दार सोच राख्नु आवश्यक छ । आन्दोलनकारी शक्तिहरु एक हुने हो र माओवादीले पनि जमीनको यथार्थबारे प्रष्ट हुने हो भने अहिले अधिकतम उपलब्धि हासिल गर्न सकिन्छ र २०४६ सालमा अधुरो रहन पुगेका पक्षलाई २०६० सालमा पूर्णता दिन सकिन्छ । ❑

जानैपर्छ । राजनीतिक दलहरूले अवैधानिक भनिरहेको सरकारसँग उनीहरू बाचचित गरेर समस्या समाधान गर्ने प्रयत्नमा देखिन्छन् । यसबाट उनीहरू प्रतिगमनको विरूद्धमा जान्छन् कि जाँदैनन् भन्ने प्रश्न दलहरूले गरिरहेका छन् । राजनीतिक दलहरूलाई बेवास्ता गर्छन् कि तालमेल मिलाए अघि बढ्छन् भन्ने आधारभूत प्रश्न यतिबेला उनीहरूप्रति उठेको छ । देश र जनताको हित चाहने हो भने सम्वैधानिक राजतन्त्रअन्तर्गत रहेर नै माओवादीले पनि सुधारका कामहरू गर्नुपर्छ ।

**■ राजतन्त्रले चाहिँ अनुहार फेर्नुपर्छ कि पर्दैन ?**

- जरुर फेर्नुपर्छ । यसबीचमा सम्वैधानिक राजतन्त्रसँग मेल नखाने संविधान विपरीतका कदम सच्याउनैपर्दछ । अनुहार नफेरी उपाय नै छैन । राजासँग दुईवटा मात्र विकल्प छन्– राजनीतिक दलहरूसँग सहकार्य गरेर सहमतिका साथ अघि बढ्ने र सम्वैधानिक राजतन्त्रको हैसियतमा बस्ने कि एक्लै अघि बढ्ने ?

**■ नेपाल अधिराज्यको संविधान २०४७ को संशोधन वा पुनर्लेखन के गर्नुपर्छ ?**

- २०४६ सालको उपलब्धिलाई संस्थागत गरिएको दस्तावेज हो– यो संविधान । ती उपलब्धिको रक्षा गर्ने कुरा माओवादीले पनि गर्छ भने स्वभाविक रूपमा पहिला यसभित्र छिर्नुपर्‍यो, अनि यसमा भएका कमीहरूलाई हटाउनु पर्‍यो । योभन्दा अर्को उपाय नै छैन ।

**■ त्यसका लागि संविधान सभा आवश्यक हुन्छ कि हुँदैन ?**

- संविधान सभाको त म जरूरतै देख्दिँन । हाम्रो पार्टीले पनि यसमा बिल्कुल स्पष्ट ढंगले महाधिवेशनले नै पारित गरेको छ । के अहिलेको संविधानमा भएका बालिग मताधिकार, बहुदलीय संसदीय प्रजातन्त्र, सम्वैधानिक राजतन्त्र, सार्वभौमसत्ता जनतामा भन्ने कुरासँग रूचि भएन ? संविधान सभाको वकालत गर्नेले केका लागि चाहेको हो, कस्तो संविधान चाहेको हो, जवाफ दिनुपर्‍यो ।

राजासहितको संविधान चाहेको हो भने यो संविधानको संशोधनमा के आपत्ति भयो ? राजारहितको संविधान चाहेको हो भने प्रष्ट कुरा राख्नुपर्‍यो ।

**■ त्यसोभए संविधानसभाको औचित्य छैन, हैन त ?**

संविधान सभा त यति खतरनाक र डरलाग्दो कुरा छ कि जनताले प्राप्त गरेका अधिकार अझ संकुचन हुने खतरा छ । गाउँले भाषामा भन्ने हो भने भूईँको टिप्छु भन्ने मूर्खहरूले खल्तीको चीज झारेजस्तो कुरा हुन्छ, खल्तीको चीज सुरक्षित गर्न त जान्नु पर्‍यो नि !

**■ अहिले सबै दलहरू मिलेको र माओवादीसमेत वार्तामा आएको बेला राजाको अधिकार कटौती गर्ने मौका त छ नि, हैन ?**

- २०४६ सालको जनआन्दोलनमा दरवारको एउटा कुनामा धकेलिन पुगेको कमजोर राजा थियो । त्यसबेला बनाइएको यो संविधान कतिपय पक्षमा खुँडे हुनपुग्यो । अहिले त्यो स्थिति छैन । जातीय, धार्मिक, क्षेत्रीयताका सारा कुरा आउँछन् । संविधान सभाको चुनाव गरेर पाकिस्तानमा संविधान बनाएर के भो ? पार्टी प्रतिनिधित्वको आधारमा भारतको संविधान बन्यो, त्यहाँ के भइरहेको छ ? त्यसकारण यो संविधानसभाको कुरा सिद्धान्तको रक्सी खाएर मातेर गरेको कुरा हो । सबै मिलेर राजालाई साँघुर्‍याउँछौं भन्ने कल्पना नगरे हुन्छ ।

**संविधान सभा त यति खतरनाक र डरलाग्दो कुरा छ कि जनताले प्राप्त गरेका अधिकार अझ संकुचन हुने खतरा छ**

सेनालाई संसदको मातहतमा राख्ने रे ! यो कुनै हल्ला गर्ने विषय हो ? सुरक्षा परिषद् दह्रो बनाऊ न । प्रधानमन्त्री, रक्षामन्त्री, प्रधान सेनापति दह्रो बनाऊ न, अनि त्यसपछि कुरा हुन्छ । हामी त अहिले प्राप्त अधिकारलाई दह्रो बनाएर अगाडि बढ्नुपर्ने स्थितिमा छौं । ❑

# माओवादीले संविधानसभा र गोलमेच सम्मेलन छोड्नुपर्छ

**तारानाथ रानाभाट,** *सभामुख, प्रतिनिधि सभा*



**■ सरकार-माओवादी युद्धविराम-पछिको मुलुकको दिशा के देख्नुभएको छ ?**

- सरकार र माओवादी दुवैका गतिविधि पारदर्शी नभएकोले विश्लेषण गर्ने आधारहरू पूर्ण छैनन् । तैपनि युद्धविरामलाई आचारसंहिता नै बनाएर व्यवस्थित गर्न लाग्नुले अब वार्ता सफल हुन्छ भन्ने लक्षण देखिएको छ । अब माओवादी वार्तामा आइहाले, उनीहरूको फेरि जंगल जाने स्थिति छैन भनेर बस्ने स्थिति संस्थापन पक्षको पनि छैन ।

**■ संस्थापन पक्ष भन्नाले दलहरू पनि पर्दैनन् ?**

- निश्चित रूपमा पर्छन् । तर तिनलाई किनारा लगाएर अहिले तत्काल शान्ति देखिए पनि यसले स्थायित्व लिन सक्दैन । यसले अर्को राजनीतिक द्वन्द्व जन्मन्छ ।

**■ सत्तापक्ष र माओवादीबीचको वार्ताको एजेण्डा के हुनुपर्छ ?**

- २०४७ सालको संविधानका अपरिवर्तनीय प्रावधानहरूलाई नछोइकन, सार्वभौमसत्ता नेपाली जनतामा निहीत रहने व्यवस्था भएको भाग-१ लाई नछोइकन आर्थिक, सामाजिक, सांस्कृतिक, अरू राजनीतिक प्रश्नहरूमा माओवादीका सम्पूर्ण एजेण्डालाई संविधानमा समाहित गरिदिए हुन्छ । वार्ताको एजेण्डा त्यसैलाई बनाए हुन्छ ।

**■ तर माओवादीले प्रश्न उठाएको विषय त प्रस्तावनाका अपरिवर्तनीय पक्षहरूमाथिबाटै शुरू भएको छ नि ?**

- असोज १८ पछिका खेलहरूले मात्रै सार्वभौम नेपाली जनताभन्दा राजतन्त्र माथि बनाउन खोजेको हो । संवैधानिक राजतन्त्र भनेर हामी संविधानको सर्वोच्चतामा प्रवेश गरेका हौं । यो संवैधानिक सर्वोच्चताको परिधिभित्र माओवादीलगायत सबै दल मिलेर गए केही समस्या छैन ।

**■ यसको अर्थ संवैधानिक राजतन्त्र अनिवार्य आवश्यकता हो ?**

- हाम्रो भूराजनीतिक स्थिति, गरीवी, अन्तर्राष्ट्रिय हैसियत सबैलाई हेर्दा त्यो देखिन्छ । गणतन्त्र बनाएर राष्ट्रपति हुँदा पनि एउटा विचार विशेषको र एउटा पार्टी विशेषको समर्थनमा चुनाव जितेको व्यक्ति साझा र तटस्थ भएर बस्न सक्छ भन्ने देखिंदैन । त्यसकारण एउटा परम्परागत शक्ति हो, मुलुक निर्माणमा उसको योगदान पनि छ र राजाले कुनै महत्वाकांक्षा नलिएर जनतासँगै मिलेर संवैधानिक तवरले काम गर्न खोजे भने त राजतन्त्र एउटा स्थिर शक्ति भएर रहन सक्छ नि !

**■ राजतन्त्रको विगत ६० वर्षको व्यवहारलाई हेर्दा त्यस्तो विश्वास गर्न सकिन्छ ?**

- जसरी व्यक्तिगत वा पार्टीगत दोषका आधारमा संविधानलाई कमजोर भन्नुहुँदैन र प्रजातन्त्रकै दोष हो भन्नुहुँदैन, त्यसैगरी व्यक्तिगत रूपमा कुनै राजाविशेषको विचार, महत्वाकांक्षा वा कमजोरीका कारण, त्यो राजनीतिक संस्था र परंपरा नै खराव थियो भन्नु हुँदैन ।

**■ अहिलेको संविधानभित्रै माओवादी अटाउन सक्ने ठाउँ छ ?**

- प्रशस्त छ ।

**■ त्यो नबुझेरै माओवादीले सशस्त्र संघर्ष शुरू गरेका हुन् ?**

- त्यो भन्न मिल्दैन । आ-आफ्नो राजनीतिक अडान हो । तर ती अडानकै आधारमा जडसूत्रवादमा जानु हुँदैन । हामी पनि हतियार उठाएकै शक्ति हौं, यिनै हुन्- हतियार समातेका हात ।

**■ अहिले माओवादीले छोड्नुपर्ने कुरा के हुनसक्छन् ?**

-संविधान सभा र गोलमेच सम्मेलन माओवादीले छोड्नुपर्छ । अन्तरिम सरकार भनेको के ? परिभाषा गर्नुपर्छ । मेरो परिभाषामा त्यो चुनावी सरकार हो । त्यसमा माओवादीका नेताहरूलाई समेत सामेल गरेर छिटोभन्दा छिटो चुनाव गराउने काम गर्न सकिन्छ । त्यसको निम्ति टेबुलमा समझदारी हुनुपर्छ । जे-जे परिवर्तन गर्नुपर्ने हो, त्यही संसदले गरिहाल्छ, आपसी समझदारीका आधारमा ।

**■ यति सजिलै यति कुरामै माओवादीले मान्ने हो भने यत्रो सात हजार नेपालीको ज्यान जाने रक्तपातपूर्ण संघर्ष किन थाल्नुपर्थ्यो होला त ?**

-माओवादीले पनि थोरै माग राखेर ध्यानाकर्षण गराउँदै शुरू गरेका हुन् । के भएर सरकारले ध्यान दिएन ? अन्ततः ४० सूत्रीय माग राख्दा पनि सरकारको ध्यानाकर्षण भएन । त्यतिबेलै ध्यान दिएको भए अहिले मन परिवर्तन हुने माओवादीको त्यतिबेलै पनि हुनसक्थ्यो । हाम्रो भाग्यमै यस्तो लेखेको रहेछ क्यार, यत्रो नोक्सान व्यहोर्नुपर्ने रहेछ । मलाई त यस्तै लाग्छ । ❑

# सबैभन्दा राम्रो विकल्प संविधान सभा नै हो, यसमा कोही पनि डराउनु पर्दैन

स्वनाम, पोलिटब्यूरो सदस्य
(नेकपा एकताकेन्द्र-मसाल)



**■ अहिले हुन लागेको वार्ता कहाँ पुगेर टुंगिंदा सबै पक्षको हित हुन्छ र मुलुकले सही राजनीतिक निकास पाउँछ ?**

- सर्वप्रथम प्रतिगमनलाई हल गरिनुपर्छ र अग्रगमनमा जाने मार्ग खोजिनुपर्छ । त्यसैले आर्थिक, सामाजिक र सांस्कृतिक आमूल परिवर्तनका कुराहरूसमेत भएको राजनीतिक निर्णयमा राजतन्त्रवादीहरू, संवैधानिक राजतन्त्रवादीहरू र गणतन्त्रवादीहरू तीनवटै शक्तिहरू आम जनताको रायअनुसार साझा सहमतिको निर्णयमा पुग्नुपर्छ ।

**■ अहिलेको वार्तामा अग्रगामी निकासको सहमतिको बिन्दु संविधान सभा हुनसक्छ कि सक्दैन ?**

- संविधान सभा एउटा अत्यन्त प्रजातान्त्रिक प्रक्रिया हो । अरू विकल्प पनि थुप्रै हुनसक्छन् । निर्णय प्रक्रियामा जनताको सहभागिताको दृष्टिले सबैभन्दा राम्रो विकल्प संविधान सभा नै हो । यसमा राज्य, माओवादी, एमाले कसैले डराउनु पर्दैन । तर त्यसलाई स्वच्छ, निष्पक्ष, धाँधलीरहति र निर्भयतापूर्वक गराउनुपर्छ । त्रास सिर्जना गरेर, पैसाको खोलो बगाएर र भैंसी ढालेर संविधान सभाका प्रतिनिधिहरू जित्ने वातावरण हुनुहुँदैन । जे परिणाम आए पनि संविधान सभाको निर्णय स्वीकार गर्छौं भन्ने राजनीतिक सहमति भएर मात्र संविधान सभाको निर्वाचनमा जानुपर्छ ।

**■ संविधान सभाको निर्णय सबैले स्वीकार्ने स्थिति देखिन्छ त ?**

- सत्ता पक्षबाट त्यो कुरा आएको छैन । माओवादीले स्वीकारेको छ ।

**■ सत्ता पक्षले मानेन र भोलि गएर सत्ता हस्तातरण प्रक्रिया अवरुद्ध भयो भने के हुन्छ ?**

- समस्या जहींकोतही रहन्छ । युद्ध फेरि मच्चिन्छ । जनताले फेरि संघर्ष गर्नुपर्ने हुन्छ । प्रगतिको बाटोमा जानुभन्दा अहिलेसम्म भएकै जस्तो आन्दोलनमा फेरि होमिनुपर्छ ।

**■ त्यसो भयो भने त्यो आन्दोलन राजतन्त्रलाई नै हटाउने किसिमले अघि बढ्ने रूपको त हुँदैन ?**

- त्यो कुरा दरवारिया वा पुनरूत्थानवादीको चिन्तनमा भर पर्ने कुरा हो । उनीहरूले समस्याको जटिलतालाई कसरी मूल्यांकन गर्छन्, त्यसमा भर पर्छ । अहिले सबै संविधान सभामा जानु र जनताको निर्णय स्वीकार गर्छु भन्नु नेपाली र नेपालको लागि सबैभन्दा राम्रो विकल्प हो ।

**■ संविधान सभाले संवैधानिक राजतन्त्रवाला संविधान निर्माण गऱ्यो र त्यसलाई माओवादीले स्वीकारेन भने ?**

- निर्णय प्रक्रियालाई स्वीकारेपछि निर्णयको उपजलाई पनि स्वीकार्नु पर्छ अर्थात् संविधान सभाले दिएको राजनीतिक व्यवस्थालाई पनि स्वीकार गर्नुपर्छ ।

**■ त्यसो भयो भने सात वर्षे जनयुद्धमा मरेका मान्छेहरू र हतियारबन्द आन्दोलनको औचित्य थिएन भन्ने पुष्टि हुँदैन र ?**

- एक पटकको खेतीपाती असिनाले खायो भन्दैमा खेतीपाती नै नगर्ने कुरा हुँदैन । यति कुरा सुनाउन पनि ठूलो लडाइँ लड्नु पऱ्यो । अझ ठूलो कुरा पाउन अझ धेरै लड्नुपर्ने रहेछ भन्ने पुष्टि यसले गर्छ ।

**◆ त्यसपछि माओवादीले चाहेको जनगणतन्त्र स्थापना गर्न पुनः दसशस्त्र संघर्ष गर्नुपर्ने हुन्छ कि हुँदैन ?**

- यो त्यतिखेरको स्थितिमा शक्ति सन्तुलनमा भर पर्ने कुरा हो । सत्तासीनहरूले कहीं पनि शान्तिपूर्ण ढंगले सत्ता छोडेको देखिएको छैन । कम्युनिष्ट नामधारीहरूले बरू विनारक्तपात सत्ता छोडेका थिए, तर अन्यत्र एउटा वर्गको सत्ता अर्को वर्गमा शान्तिपूर्ण ढंगले हस्तान्तरण भएको कहीं देखिएको छैन । शान्तिपूर्ण निकासहरू बन्द गरिए भने हतियारपूर्ण निकास खुल्छन् । त्यो बेला माओवादी वा अरू नै कुनै नामको शक्तिको उदय हुनसक्छ । ❑

# तत्कालको आवश्यकता २०४६ सालका उपलब्धिको रक्षा हो, संविधानसभाको चुनाव होइन

मोहनविक्रम सिंह
*महामन्त्री, नेकपा (एकताकेन्द्र-मसाल)*



**■ सत्तापक्ष र माओवादी विद्रोहीबीच वार्ता प्रक्रिया चलिरहेको यो बेला तपाई अब के हुनुपर्छ, वार्ता कसरी हुनुपर्छ भन्ठान्नुहुन्छ ?**

- तत्काल २०४६ सालको आन्दोलनका उपलब्धिहरूमाथि नै आक्रमण भएको र सीमित अधिकारहरूलाई पनि खोस्न लागिएको बेला पहिलो प्राथमिकता यसको रक्षा हो । त्यसपछि अग्रगामी परिवर्तनको बाटोमा माथिल्ला उपलब्धिहरूको निम्ति लाग्नुपर्छ । शान्ति कायम गर्नु प्रमुख सवाल हो, तर प्रतिगमनको समस्या त्योभन्दा गंभीर छ । यो कामलाई छोडेर शान्ति कायम गर्न खोज्नु हुँदैन ।

आफ्ना स्वार्थ पूरा नहुने देखेपछि कतिपय देशी-विदेशी तत्वहरुले शान्ति वार्ता भाँड्न सक्छन् । त्यसरी वार्ता नभाँडियोस्, हत्या, हिंसा र आतंकको स्थिति नदोहोरियोस् भन्नेतर्फ सचेत हुनुपर्छ र अग्रगामी परिवर्तनको बाटोमा जानुपर्छ ।

**■ त्यो बाटोमा जानका लागि के गर्नुपर्छ त ?**

- जनताको संगठित संयुक्त आन्दोलनको विकल्प छैन । त्यस्तो आन्दोलनलाई कमजोर पार्ने कोशिस राजाको छ । माओवादी पनि राजासँग साँठगाँठ गरेर आफ्नो उद्देश्य पूरा गर्ने कोशिसमा छ । तसर्थ माओवादीले पनि आफ्ना गलत सोचहरू सुधारेर शान्तिको पक्ष र प्रतिगमनको विरूद्ध आउनुपर्छ । साथै राजनीतिक दलहरूको नियन्त्रित भूमिका फुक्का गर्नुपर्छ ।

**■ सबै पक्षको गतिविधि हेर्दा प्राप्त अधिकारसमेत खोसिने खतरा बढी छ कि थप अधिकार प्राप्त हुने संभावना बढी छ ?**

- दरवारको प्रयत्न २०४६ सालका उपलब्धिहरूलाई खत्तम पार्ने स्पष्ट देखिन्छ । तर, नांगो रूपमा तानाशाही कामय गर्दा आजको अन्तर्राष्ट्रिय स्थितिमा नांगिने र बढी प्रतिरोध खेप्नुपर्ने हुन्छ । त्यसो हुनाले सत्ता आफ्नो हातमा लिएर र बढीभन्दा बढी भ्रम दिएर अरू राजनीतिक शक्तिलाई निस्तेज पार्ने प्रयत्नसम्म हुनसक्छ ।

**■ के तपाई माओवादीले त्यो प्रयत्नलाई साथ दिँदैछन् भन्नुहुन्छ ?**

- माओवादीले राजाकै एजेण्टको रूपमा काम गरेका छन् त हामीले कहिल्यै भनेका छैनौं । तर उनीहरुमा राजनीतिक दूरदर्शिताको कमी र केटाकेटी प्रकारको चिन्तन छ ।

**■ आफैंले उठाएका मुद्दाहरूमा पनि माओवादी स्पष्ट छैन् र ?**

- गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभाको स्वरूपकै बारेमा अस्पष्टता देखिन्छ । 'अहिले केही भन्न सकिँदैन, छलफलको दौरानमा स्पष्ट हुँदै जानेछ' भनिरहेका छन् ।

**■ माओवादीको नियतै खराब हो त ?**

- नियतको विषयमा प्रश्न उठाउँदैनौं र साँठगाँठ छ भनेका पनि छैनौं । मुख्य कुरा त उनीहरूको चिन्तनप्रणाली नै गलत छ । शीघ्र विजयको महत्वाकांक्षाले धेरै नोक्सानी पुऱ्याएको छ ।

**■ तर तपाईले त माओवादीको नियतै दरवारमुखी हो भनेर पनि लेख्नुभएको छ नि ?**

- केही तथ्यहरूले त्यस्तै पुष्टि गर्छन् । फाइदा हुने भयो भने जे पनि गर्न सक्छन् । त्यसरी नै २०४७ सालको संविधान र आन्दोलनकारी शक्तिलाई खत्तम पार्न माओवादीले सशस्त्र कारवाही शुरू गरेदेखि नै दरवारले उपयोग गर्न प्रयत्न गरेको छ ।

**■ अहिले युद्धविराम गर्नुको माओवादीको मनसाय के होला ?**

- इमान्दार कार्यकर्ताको शहीदको खेती गरेर त्यसको फसल सत्तामा जाने कुरालाई बनाइएको छ । उनीहरूको मुख्य उद्देश्य छ- एक वा अर्को प्रकारले सत्तामा पुग्ने । राजालाई सक्रिय पार्नेमा उनीहरूको जोड देखिन्छ । रणनैतिक सन्तुलन आदि इत्यादि जे तर्क ल्याए पनि माओवादी नेतृत्वको महत्वाकांक्षी, अवसरवादी र 'क्यारियरिष्ट' चरित्र हेर्दा यो एक वा अर्को प्रकारले संभौता गरेर सत्तामा पुग्ने दाउभन्दा बढी केही होइन ।

**■ संविधानसभाको चुनावको कुरा नि ?**

- केन्द्रीय मुद्दा त्यो होइन, माओवादीको मुख्य सरोकार सत्तामा सहभागिता हो ।

**■ २०४७ सालको संविधान निर्माणको समयमा तपाई संविधान सभाको पक्षमा हुनुहुन्थ्यो, तर अहिले नेपाली कांग्रेससमेत संविधान सभाको पक्षमा देखापर्न थालेको अवस्थामा चाहिँ तपाई नै त्यसको विरोध गर्दै हुनुहुन्छ । यसको रहस्य के हो ?**

- हामीले दरभंगा प्लेनमदेखि नै संविधान सभामा जोड दिँदै आएका छौं । तत्कालीन मसालको २०५६ सालको आठौं सम्मेलनले यसबारे दृष्टिकोण प्रष्ट पारेको छ । राजाको हातमा भएको सार्वभौमसत्ता जनताको हातमा हस्तान्तरण गर्न पनि संविधान सभाको चुनाव आवश्यक छ, हामी यसको विरोध गर्दैनौं । तर अहिले संविधान सभाको नाममा वर्तमान संसदीय प्रणाली, बहुदलीय व्यवस्था, संविधान सबै खारेज गर्ने, अन्तरिम सरकार गठन गर्ने र देशमा शून्य स्थितिको सिर्जना गरेर राजाको हातमा सत्ता पुऱ्याउने दाउ भइरहेकाले विरोध गरेका हौं ।

**■ गणतन्त्रवादी कार्यक्रम लिएका माओवादी पनि राजालाई अधिकार बुझाउने कित्तामा पर्छन् त ?**

- माओवादीले पनि संसदीय प्रणाली, बहुदलीय व्यवस्था, संविधानको खारेजीको कुरा ल्याए र राजाप्रतिभन्दा २०४६ सालको आन्दोलनकारी शक्तिमाथि आक्रमण केन्द्रित गरे । राजा वीरेन्द्रसँग साँठगाँठ नै देखियो । यी सबै देखेर उनीहरूका गलत नीतिले राजावादीलाई मद्दत पुऱ्याउँदैछ भनेर विरोध गरेका हौं ।

**■ अहिले संविधान सभाको चुनाव गर्न हुन्छ कि हुँदैन ?**

- अहिले पनि संविधान सभाको विरोध हामीले गरेका छैनौं । यसलाई क्रियात्मक नभएर आन्दोलनात्मक नारा बनाउनुपर्छ भनेका मात्र हौं । तत्कालको आवश्कता २०४६ सालको आन्दोलनका उपलब्धिको रक्षा हो, संविधान सभाको चुनाव होइन । ❑

➲ छैनन् । उनीहरू पनि राजा स्वयं सम्वैधानिक सीमाभित्र बस्न नचाहेको अवस्थामा मात्र राजसंस्थाको विकल्प खोज्ने मनस्थितिमा देखिन्छन् । भारत, चीन, अमेरिका जस्ता वाह्य शक्तिहरू यो स्थिति नेपालमा आउन नदिने पक्षमा देखिन्छन् । यही दुईवटा कारकतत्वले गर्दा देश सजिलै गणतन्त्ततर्फ जाने संभावना कम छ ।

नेकपा (एमाले) पनि राजतन्त्रको औचित्यका विषयमा शर्तसहित अगाडि आएको छ । 'राजासँग दुईटामात्र विकल्प छन्- राजनीतिक दलहरूसँग सहकार्य गरेर सहमतिका साथ अघि बढ्ने र सम्वैधानिक राजतन्त्रको हैसियतमा बस्ने कि एक्लै अघि बढ्ने ।' एमाले नेता ईश्वर पोखरेल सम्वैधानिक राजतन्त्रको पक्षमा वकालत गर्दै भन्नुहुन्छ- "देश र जनताको हित चाहने हो भने सम्वैधानिक राजतन्त्रअन्तर्गत रहेर नै माओवादीले पनि सुधारका कामहरू गर्नुपर्छ ।'

यसरी माओवादी बाहेकका कांग्रेस, एमाले जस्ता ठूला शक्तिले गणतन्त्रको सोचलाई नस्वीकारेको, बरू सम्वैधानिक राजतन्त्रलाई स्वीकारेको र राजाको शक्तिलाई 'जमीनको यथार्थ' मानेर माओवादी पनि अगाडि आएको अवस्थामा अबको संविधान सभाले बनाउने संविधान पनि वास्तविक अर्थमा संवैधानिक राजतन्त्रवादी बन्ने संभावना ज्यादा देखिन्छ । देश अहिले वास्तविक संवैधानिक राजतन्त्रतिर जाने संभावना ज्यादा देखिन्छ । के त्यसो भएमा माओवादीले परिणामलाई स्वीकार्ला त ? "हाम्रो लागि जनता र राष्ट्रमात्र जड विषय हुन् । संविधान सभाबाटभन्दा बढी अधिकार जनताले प्राप्त गर्ने अर्को कुनै उपाय कसैले प्रस्तुत गर्छ भने हामी त्यो पनि मान्न तयार छौं ।" महरा भन्नुहुन्छ- "संविधान सभामा हामी गणतन्त्रको कुरा राख्छौं, अरूले आफ्ना कुरा राख्छन्, हामीले भनेका केही कुरा लागू भएनन् भने पनि जनताले अनुमोदन गरेको निर्णय मान्न हामी तयार छौं ।"

तर राज्यसत्ताको तर्फबाट यति प्रष्टसँग कुरा आएको छैन । संभवतः 'बाध्यतावश त्यस मुद्दामा बहस गर्नुपर्दा'मात्र त्यस पक्षबाट प्रष्टीकरण आउनेछ । तर राजाको नजिकमा रहेर वर्तमान वार्ता प्रक्रियामा सामेल दामोदर शमशेर भने 'राष्ट्र र राजमुकुट बाहेकका सबै विषयमा कुरा गर्न सकिने' विचार व्यक्त गर्नुहुन्छ ।

संविधान सभाको निर्वाचन हुने भयो भने पनि फेरि त्यसलाई स्वच्छ, निष्पक्ष, धाँधलीरहित र निर्भयतापूर्वक गराउनुपर्ने राजनीतिक प्रत्याभूति आवश्यक हुन्छ । 'जालफेल, धाँधली, सत्ताको दुरूपयोग, सेनाको प्रयोग भयो र जनताले चाहेजस्तो संविधान नबन्ने स्थिति भयो भने फेरि हतियार उठ्नसक्छ' माओवादी नेता महरा भन्नुहुन्छ । नेकपा (एकताकेन्द्र-मसला)का वक्ता स्वनाम त संविधान सभाको परिणामलाई स्वीकारिएन भने पनि अहिलेसम्मकै जस्तो संघर्षमा फेरि होमिनुपर्ने आवश्यकता देख्नुहुन्छ । उहाँ भन्नुहुन्छ- "संविधानसभामा जानु र सबैले जनताको निर्णय स्वीकार गर्नु नै सबैको लागि सर्वोत्तम विकल्प हो ।"

## त्रिकोणात्मक शक्ति सन्तुलन

वर्तमान राजनीतिक वैचारिक द्वन्द्वमा मूलभूत रूपमा तीन खाले शक्तिहरू देखा परेका छन्- सत्तापक्ष अर्थात् राजावादी, विद्रोही पक्ष अर्थात्

माओवादी र तेस्रो पक्ष अर्थात् संसदवादी ।

यी तीनवटै शक्तिहरूबीच आपसमा सहमति र अन्तरविरोधका बेग्लाबेग्लै विषयहरू देखिन्छन् । राजावादी र माओवादीबीच विगत १२ वर्षमा संसदवादी राजनीतिक दलहरूले मुलुक संचालन गरेर बर्वादी मात्र निम्त्याएको कुरामा सहमति देखापर्छ । माओवादी र संसदवादीहरूबीच मूलतः राजाले प्रजातान्त्रिक हक-अधिकारहरू खोसेको र जनतामा निहित सार्वभौमसत्तालाई खोसेकोले त्यसको विरोध गरेर अग्रगमनतर्फ जानुपर्ने सवालमा मतैक्यता देखापरेको छ । त्यसैगरी देशमा माओवादीको एकलौटी सत्ता आउनुहुन्न भन्ने सवालमा राजावादी र संसदवादीहरूबीच साझा विन्दु देखा पर्ने गरेका छन् ।

त्यसैगरी यी तीनथरि शक्तिका बीचमा आपसी अन्तरविरोध पनि छन् । राजसंस्था र माओवादी बहुदलीय प्रजातन्त्रप्रति व्यवहारमै प्रतिवद्ध छन् भनेर संसदवादीहरूले विश्वास गर्न नसकेको देखिन्छ । संसदवादी शक्तिहरूबीच पनि नेपाली कांग्रेस र नेकपा (एमाले)बाट सेनालाई संसदको मातहत राख्ने, जनमत संग्रहको प्रावधान राख्ने र सम्वैधानिक राजतन्त्रलाई पूर्णतः संविधानको मातहतमा राख्नेजस्ता विचारहरू समय समयमा सार्वजनिक भएका छन् । नेपाली कांग्रेसले त गत माघ ६ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकबाटै केही नीतिहरू पारित गरेको छ । 'मुलुकका सामु विकराल रूपले उपस्थित शान्ति सुरक्षालगायतका समस्याहरूको समाधान पछिल्तिर फर्केर हैन, अग्रगामी सुधार गरेरमात्र सम्भव छ' भन्ने आधारमा सो बैठकले निर्णय गरेको थियो- शाही सेनालगायत राष्ट्रका सबै सुरक्षा अंगहरू संसदप्रति उत्तरदायी मन्त्रिपरिषद्को पूर्ण नियन्त्रण र संचालनमा रहनुपर्छ, राजदरवारको सुरक्षा, मर्यादा र अन्य व्यवस्थालाई पारदर्शी र प्रजातन्त्रअनुरूप व्यवस्थित गरिनुपर्छ, श्री ५ को पदवी महाराजाधिराज, बडामहारानी र युवराजाधिराजलाई मात्र प्रयोग गरिनुपर्छ, विकेन्द्रित शासन प्रणालीलाई मूर्त रूप दिन क्षेत्रपालसहितको विकास क्षेत्रीय संरचनामा आधारित स्थानीय निकाय पुनर्गठन गर्नुपर्छ ।

कांग्रेसको अन्तरविरोध अहिले मूलतः राजतन्त्रसँग देखिन्छ । माओवादीसँग भने संसदवादीहरूमध्ये पनि नेकपा (एमाले) बढी सशंकित देखिएको छ । अधिवक्ता युवराज संग्रौलाका विचारमा कम्युनिष्ट आन्दोलनको मूल प्रवाह

## भारतीय शासकहरू माओवादीलाई बलबान रूपमा राज्यसत्तामा हावी भएको हेर्न चाहँदैनन्

माओवादी होला भने डरले एमाले संविधान सभाको कुरामा सजिलै सहमत हुन नसकेको हो ।

यो अवस्थामा परम्परागत शक्तिको रूपमा माओवादीले समेत 'जमीनको यथार्थ' मानेको राजसंस्था, बाह्र वर्षसम्म खुला राजनीति गरेर जनताको बीचमा संगठित रूपले सक्रिय भएका संसदवादी राजनीतिक दलहरू र सात वर्षसम्म रगत बगाएर सशक्त ढंगले सक्रिय भई देशव्यापी प्रभाव बनाउन सफल माओवादीले एकाअर्कालाई कमजोरै ठानेर बेवास्ता गर्न सक्ने स्थिति छैन । 'राज्यसत्ता र विद्रोहीसँग त हतियारै छ, तर संसदवादी राजनीतिक दलहरूसँग हतियार नभए पनि ठूलो जनसमर्थन छ', कांग्रेस नेता नरहरि आचार्य दावी गर्नुहुन्छ ।

यसरी त्रिपक्षीय शक्ति सन्तुलनको अवस्थामा संसदवादी र माओवादीबीच एउटा बूँदामा सहमति देखिएको छ- २०४६ सालको आन्दोलनबाट प्राप्त अधिकारको रक्षा गर्ने । र, अग्रगमनको लागि संघर्ष गर्ने, यदि त्यो संभव भयो भने नेपालमा वर्तमानको शक्ति सन्तुलनमा यही पक्ष निर्णायक हुने सुनिश्चित देखिन्छ ।




### विदेशी स्वार्थहरू

नेपालको आन्तरिक राजनीतिक मामिलाहरूमा विशेष चासो राख्ने भारत, अमेरिकाका अलावा छिमेकी हुनुको नाताले चीन र अमेरिकी प्रभाव बढेको देख्न नचाहने यूरोपको भूमिका उल्लेखयोग्य हुन्छ ।

माओवादीलाई नेपाल सरकारभन्दा अघि नै 'आतंककारी'को संज्ञा दिने भारतले माओवादीको हित नचाहे पनि नेपालप्रतिको उसको दृष्टिकोण यहाँको राजनीतिमा आफ्नो निर्णायक पकड कायम राख्ने कुरामा मूलतः आधारित देखिन्छ । सत्तापक्ष र माओवादीबीच वार्ता प्रक्रिया चलिरहेको बेला नेपाल नरेश श्री ५ ज्ञानेन्द्र 'तीर्थाटन'का लागि भारत पुगेकै समयमा त्यहाँका प्रतिरक्षा मन्त्री जर्ज फर्नाण्डेजले माओवादी विद्रोहीहरूविरूद्ध लड्नका लागि हरसम्भव सहयोग गर्न भारत तयार रहेको बताएबाट पनि उसको माओवादी पक्षको निर्णायक विजयप्रति नकारात्मक भूमिका झल्किन्छ । यद्यपि त्यसको हप्ता दिनभित्रै नेपालास्थित भारतीय राजदूत श्याम शरणले 'माओवादीको नाम नै तोकेर उनीहरूलाई दबाउने प्रसंग नआएको' प्रष्टीकरण दिनुभयो । 'माओवादीहरू शान्तिको मार्गमा आइदिए भारतले सम्भाव्य खतराबाट मुक्ति पाउने' इच्छा व्यक्त गर्नुहुने राजदूत शरणको भनाइ छ- 'माओवादी सम्वैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको सम्वैधानिक सीमामा आइदेओस्, प्रजातन्त्रमा आघात नपुगोस् ।'

भारतीय शासकहरू माओवादीलाई बलबान रूपमा राज्यसत्तामा हावी भएको हेर्न चाहँदैनन् । अहिले नेपाल अधिराज्यको संविधान २०४७ को धारा-१२६ को शान्ति र मैत्री, सुरक्षा एवं सामरिक सम्बन्ध, सीमाना र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडको विषय र नागरिकतासम्बन्धी प्रावधानलाई बदल्ने र खुकुलो बनाउने लक्ष्य र स्वार्थ भारतको रहेको कुरा विश्लेषकहरू बताउँछन् । त्यस निम्ति निर्णायक राजनीतिक दलहरूलाई हातमा लिन भारतले आफ्ना कूटनीतिक प्रयासहरू बढाइरहेको प्रष्ट देखिन्छ । यस हिसावले भारतको प्रथम प्राथमिकता ठूला संसदवादी दलहरू र त्यसपछि राजा र माओवादी देखिन्छन् । माओवादीको हकमा भने कुनै पनि हालतमा उसलाई बलियो हुन नदिईकन कमजोर माओवादीलाई मूल प्रवाहको रानजीतिमा ल्याउनुपर्छ भन्ने भारतीय दृष्टिकोण रहेको देखापर्छ । 'वार्ता प्रक्रियामा राजनीतिक दलहरूको सहभागिता हुनुपर्छ', युद्धविरामको भोलिपल्टै काठमाण्डौस्थित दूतावासमार्फत् जारी गरिएको प्रतिक्रियामा 'नेपालका दुई आधारस्तम्भ बहुदलीय प्रजातन्त्र र सम्वैधानिक राजतन्त्रप्रति' पनि प्रतिवद्धता जनाइएको थियो । साथै भारतीय शासकवर्ग वार्ता प्रक्रियामा कुनै अर्को बाह्यशक्तिलाई संलग्न गराउने सोचको विरोधमा देखिन्छ । बाह्यशक्ति हुने हो भने त्यो भारत हुनुपर्छ भन्ने उसको दावी छ ।

अमेरिका र त्यही लवीको शक्ति राष्ट्र बेलायतले भने संसदीय दलहरूभन्दा राजालाई नै बढी प्राथमिकता दिएको देखिन्छ । माओवादीलाई वार्तामा लामो अवधिसम्म भुल्याउने, यसबीच राज्यको दमनयन्त्रलाई

*त्रिकोणात्मक शक्ति सन्तुलनका प्रतीक अगुवाहरु : माधवकुमार नेपाल र गिरिजाप्रसाद कोइराला एकातिर, प्रचण्ड अर्कातिर र श्री ५ ज्ञानेन्द्र अर्कातिर*

निक्कै मजबूत बनाउने तथा राजा र संसदवादी शक्तिबीच सुलह-सहमतिको स्थिति तैयार पार्ने अनि यी दुई पक्षको मिलेमतोमा एक्लाएर माओवादीमाथि अन्ततः निर्णायक दमन गर्ने ताजा अमेरिकी-बेलायती दृष्टिकोण देखिएको छ ।

यो मनसायलाई दक्षिण एशिया मामला हेर्नुहुने अमेरिकी सहायक विदेशमन्त्री क्रिस्टिना रोक्काले पनि पुष्टि गरेकी छिन् । अमेरिकी तल्लो सदनको अन्तर्राष्ट्रिय सम्बन्ध समितिअन्तर्गत एशिया प्रशान्त क्षेत्रीय उपसमितिको चैत ६ गते वाशिङ्टनमा भएको एक बैठकमा दक्षिण एशियाली राष्ट्रहरूसँग सम्बन्धित वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने क्रममा उहाँले नेपालको प्रसंगमा भन्नुभयो- "नेपालको अहिलेको अवस्थाबाट सफल परिणाम निकाल्नका लागि राजा र राजनीतिक पार्टीहरू अझ सहयोगी भएर चल्नुपर्ने अवस्था छ ।" वार्ताको परिणाम जेसुकै भएपनि अमेरिकी सैनिक र आर्थिक सहायता यथावत रहने बताउँदै विद्रोहका आर्थिक कारणलाई सुल्झाउन अमेरिकी सरकारले सन् २००४ को बजेटमा ३ करोड ८० लाख अमेरिकी डलर नेपाललाई उपलब्ध गराउने तयारी भइरहेको, सुरक्षासम्बन्धी आवश्यक सहयोग उपलब्ध गराइरहेको रोक्काले उल्लेख गरेकी छिन् । 'माओवादी नेतृत्वले स्पष्ट रूपमा अन्तिम लक्ष्य निरंकुश कम्युनिष्ट राज्य स्थापना गर्नु रहेको बताउँदै आएको छ, रोक्काको चेतावनी थियो- त्यसो भएमा दक्षिण एशिया क्षेत्रकै अस्थिरता उत्पन्न हुनसक्छ ।'

अर्को शक्ति छिमेकी मित्रराष्ट्र चीनले युद्धविरामलाई 'शान्ति र स्थिरताका लागि चालिएको प्रयास' भनेर प्रशंसात्मक टिप्पणी गर्दै नेपालको राजनीतिप्रतिको सरोकार सार्वजनिक गरेको छ । चीनले तुलनात्मक रूपमा नेपालका आन्तरिक मामलाहरूमा हस्तक्षेप नगर्ने भए पनि नेपालको राजनीतिक स्थिरतासँग चीनको प्रत्यक्ष सरोकार रहने गरेको छ । नेपालको राजनीतिक स्थिरताबाट मात्रै चीनविरोधी गतिविधि नियन्त्रित हुनसक्ने भएकोले यस्तो सरोकार रहने गरेको हो । तथापि, उसको निकटता ज्यादाजसो राजसंस्थासँग देखिने गरेको छ ।

'नेपालमा शान्ति स्थापनाको लागि सहयोग गर्न तयार' रहेको चीनियाँ प्रतिक्रिया माओवादीको निहुँमा नेपालमा हुन संभव अमेरिकी तथा भारतीय चलखेलको संभावनासित सिधै जोडिएको छ ।

नेपालको आन्तरिक राजनीतिमा युरोपको पनि निक्कै ठूलो सरोकार देखा परिरहेको छ । अमेरिकी प्रभावको प्रत्यक्ष विरोध नगरे पनि त्यसलाई मन नपराउने युरापेली राष्ट्रहरूले त नेपालमा माओवादी विद्रोहका कारणहरूलाई समाधान गरेर मात्रै द्वन्द समाधान हुने आधिकारिक नीति नै युरापेली संसदबाट पारित गरिसकेका छन् । गत कार्तिक ७ गते युरोपेली संसदले 'नेपालको परिस्थितिको समाधान' विषयमा दश बूँदे प्रस्ताव पारित गरेर नेपाल संबन्धमा विशेष चासो देखाएको छ । वार्ताद्वारा निकालिने शान्तिपूर्ण समाधानमा युरापेली संघको सहयोग आधारित हुने उल्लेख गर्दै प्रस्ताव नं. ३ मा 'भविष्यको यूरोपेली संघको सहयोग नेपालको द्वन्दभित्र विद्यमान कारणहरूलाई सम्बोधन गर्ने सवालमा आधारित गर्नका लागि संघका सबै मुलुकलाई आह्वान' गरिएको छ ।

जतिबेला अमेरिका माओवादीलाई दमन गर्न हात-हतियार उपलब्ध गराउने तत्परता देखाउँदै थियो, त्यति नै बेला युरोपेली संसद भने 'प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई माओवादीसँग विनापूर्वशर्त वार्ता गर्नु पर्ने' प्रस्ताव पारित गर्दै थियो । त्यति मात्र नभएर जतिवेला माओवादीविरूद्ध लड्न शाही नेपाली सेनालाई तालिम दिन अमेरिकी सेनाको एउटा प्लाटुन नेपाल भित्रिने तर्खर गर्दैथियो, युरोपेली संसद त्यति नै बेला द्वन्दरत पक्षहरूबीच मध्यस्थता गर्न नेपालमा विशेष प्रतिनिधि खटाउने प्रस्ताव पारित गर्दैथियो । यसरी युरोपेलीहरू माओवादीलाई पनि राजनीतिक मूल प्रवाहमा समाहित गर्नु पर्ने पक्षमा देखा परेका छन्, जब कि अमेरिकीहरू नेपालका माओवादी सत्तामा पुग्लान् भनेर टाउको दुखाइरहेका छन् ।

## सेनाको मनस्थिति

राजनीतिक रूपमा माओवादी विद्रोहले पैदा गरेको समस्या समाधानका विभिन्न प्रयासहरू राज्यबाट भइरहेको बेलामा शाही नेपाली सेनाको भने राज्यबाट छुट्टै अंगझैं अलग्गै धारणा सार्वजनिक हुने गरेको छ । जुन बेला यता राज्यले

**डेढ महिना लगाएर जुन आचारसंहिताको घोषणा भयो, त्यो वास्तवमा चौथो आचारसंहिता थियो**

जनसमुदायमा संत्रास फैलने गरी सेना परिचालन नगर्ने भन्ने युद्धविराम आचारसंहिताको घोषणा गरेको छ, उता त्यति नै बेला सेना व्यारेक नफर्कने घोषणा रक्षा अधिकारीहरूले सार्वजनिक गरेका छन् । महासेनानी दीपक गुरूङ 'शान्ति सुरक्षा कायम गर्नु शाही नेपाली सेनाको प्रमुख दायित्व' भएको व्याख्या गर्नुहुन्छ । उहाँले 'समाजमा शान्ति सुरक्षा, अमनचयनलाई कायम राख्न र सम्भावित विभिन्न खाले कार्यक्रमलाई ध्यानमा राखेर मौजुदा सुरक्षा फौजलाई तालिम दिनेजस्ता कार्यलाई निरन्तरता दिइरहेको' दावीसमेत गर्नुभएको छ ।

माओवादी पक्षले खण्डन र आपत्ति जनाए पनि सेनाले माओवादीहरूद्वारा जर्वजस्ती चन्दा असुली, सशस्त्र जुलुस प्रदर्शन लगायतका कामहरू भइरहेको दावी गर्दै सेना युद्धविरामका दौरानमा समेत व्यारेक नफर्कने जिकिर गरिरहेको छ । माओवादीको नियन्त्रणमा रहेका गाउँहरूमा सैनिक गस्ती गर्न परिचालित नभए पनि सदरमुकाम र शहरी इलाकाहरूमा सशस्त्र उपस्थिति कायमै राख्ने सेनाको करीब करीब अडान नै रहेको प्रष्ट हुन्छ । जनयुद्धपछि प्रहरी चौकी विस्थापित भएका ठाउँमा प्रहरी चौकी पुनर्स्थापना गर्ने, माओवादी बाहेकका तत्वहरूबाट पनि आपराधिक क्रियाकलाप हुनसक्ने, निर्वाचन भएमा पनि सेना आवश्यक पर्ने लगायतका तर्कहरू सुरक्षा अधिकारीहरूले अघि सारिरहेका छन् । 'पहिला शान्ति सुरक्षाको स्थिति मजवूत हुनुपर्‍यो, अनि मात्रै सेना फर्कन्छ', रक्षा सचिव मदनप्रसाद अर्यालको भनाइ छ- 'जबसम्म जनताले सुरक्षाको प्रत्याभूति पाउँदैन, तबसम्म सेना व्यारेक फर्कने कुरै छैन ।'

यस पटकको वार्तालाई सत्ता पक्षको यो अडानले गम्भीर रूपमा नकारात्मक असर पार्न सक्ने देखिन्छ । सेनाको गतिविधि यही ढंगले कायम रह्यो वा बढ्दै गयो भने सशंकित भएर माओवादी पुनः जंगल फर्कने संभावना टड्कारो छ ।

## आचारसंहिताका चार चक्र

माओवादीले युद्धविरामको आचारसंहिता 'आठ दश दिनमा टुंगो लाग्ने' ठानेर पोलिट्ब्यूरो सदस्यद्वय दीनानाथ शर्मा र कृष्णबहादुर महरालाई राजनीतिक वातावरण निर्माणको निम्ति काठमाण्डौं पठाए पनि डेढ महिनासम्म त्यसको टुंगो नलाग्नुका पछाडि पनि सेनाकै भूमिका निर्णायक रहेको बताइन्छ । सरकारले माओवादी पक्षलाई उपलब्ध गराएको १९ बूँदे युद्धविराम आचारसंहिताको प्रत्युत्तरमा माओवादीले परिमार्जन र हेरफेरसहित २० बूँदे आचारसंहिता पठाएपछि त्यसमा करीब करीब टुंगो लाग्ने बेलामा सेनाकै दवावमा 'प्रधानमन्त्रीको तर्फबाट' विल्कुलै नयाँ आचारसंहिता उपलब्ध गराइएको बुझिएको छ । फलतः युद्धविराम आचारसंहिता घोषणा गर्न डेढ महिना लामो विलम्ब भएको थियो ।

पहिलो पटक सरकारले बनाएको आचारसंहितामा 'प्रचलित कानून विपरीत हुने गतिविधि नगर्ने', 'जनअदालत वा जन-सरकारका नाममा कुनै गतिविधि नगर्ने', 'आमसभा तथा जुलुसहरू आयोजना गर्दा सरकारको पूर्वस्वीकृति लिनुपर्ने', 'कानूनबमोजिम राष्ट्रिय सुरक्षा निकायहरूबाट गरिने कार्यहरू नियमित रूपमा जारी राख्ने' र 'संवैधानिक राजतन्त्रको मर्यादा र प्रतिष्ठामा आघात पुग्ने खालका कार्यहरू नगर्ने' जस्ता पाँचवटा मुख्य बूँदाहरू पनि सामेल थिए । तिनलाई माओवादीले स्वीकार्ने संभावना नै थिएन । फलतः माओवादीले सरकारको मस्यौदालाई संशोधन र परिमार्जन गर्‍यो । संशोधित मस्यौदामा ती पाँचवटै बूँदा अस्वीकृत गरिए ।

माओवादीले भने दुवै पक्षले सबै प्रकारका हिंसात्मक र बल प्रयोगका गतिविधि बन्द गर्ने, अर्को पक्षको नियन्त्रण र प्रभाव रहेको क्षेत्रमा उत्तेजित पार्ने खालका गतिविधि नगर्ने, आ-आफ्नो सत्ताको नियमित संचालन शान्तिपूर्ण ढंगले गर्ने विषयमा कुनै बाधा व्यवधान नगर्ने, वार्ता अवधिभर परराष्ट्र, रक्षा आदि राष्ट्रिय हितका सम्वेदनशील विषयमा महत्वपूर्ण निर्णयहरू गर्नु पर्दा एक अर्कासँग सल्लाह गर्ने, एक आपसमा र आम नागरिकमा समेत सन्त्रास र उत्तेजना फैलिने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने विषयहरू समावेश गर्‍यो ।

यो संशोधनमाथि सत्तापक्षले ३ नं. बूँदामा रहेको 'नियन्त्रण' भन्ने शब्दमाथि र १४ नं. बूँदाको 'परराष्ट्र, रक्षा आदि' भन्ने शब्दावलीमाथि मात्र असहमति जनाएपछि त्यो हटाएर स्वीकार गर्न माओवादी पक्ष तयार भएको थियो । करीब करीब घोषणाको स्थितिमा आचारसंहितालाई पुर्‍याइसकिएको बेला 'प्रधानमन्त्रीका तर्फबाट आएको' भनेर विल्कुल नयाँ आचारसंहिता सरकारी वार्ता टोली संयोजक नारायणसिंह पुनले प्रस्तुत गर्नुभयो, जसमा पहिलेको आचारसंहितामा भएको

बाँकी ३९ पेजमा



# वार्तामा माओवादी कसरी जान खोज्दैछ ?

## माओवादी अध्यक्ष प्रचण्डको ताजा अन्तरवार्ता

**■ युद्धविराम घोषणा भएको दुई महिना बितिसक्दा पनि र युद्धविरामको आचारसंहिता जारी भएको यत्तिका दिन बितिसक्दा पनि किन औपचारिक वार्ता हुन सकिरहेको छैन ? केले छेकिरहेछ वार्तालाई ? के ठान्नुहुन्छ, यो विलम्बको कारण ?**

- सत्तापक्षसँग युद्धविराम र वार्ताबारे एकीकृत सोच, नीति, योजना र कार्यक्रमको पूर्ण अभाव नै वार्तामा व्रिलम्वको प्रमुख कारण हो । त्यस प्रकारको योजनाको अभावले गर्दा सत्तापक्षको आचरण स्वाभाविक रूपले अन्यौलग्रस्त, अराजक र संदेहास्पद देखा परिरहेको छ । युद्ध-विरामपछि हाम्रो स-साना सैनिक टुकडीमाथि हमला, चेकिङ्ग र सुराकीमा तीव्रता एवं आचारसंहिता जारी भएपछि हाम्राविरूद्ध नयाँ मुद्दा दर्ता गर्नु, बन्दीहरूको रिहाईमा ढिलासुस्ती गर्नु आदि सबैले सत्ता पक्षको गैरजिम्मेवार, अराजक र शंकास्पद चरित्रलाई स्पष्ट गर्दछन् । हामी विश्वासको वातावरण बनाउन जोड गरिरहेका छौं र सत्ता पक्षको यस किसिमको आचरणले अविश्वासको वातावरण बन्न गइरहेको छ । यसै कारण वार्तामा ढिलाइ भइरहेको छ ।

**■ सत्ता पक्षले केवल एकजना नारायण सिं पुनलाई मात्र तेर्स्याएर हाम्रो पूर्ण वार्ता टोली यही हो, यसैसित वार्ता गर्नुहोस् भन्यो भने के तपाईहरू मान्नुहुन्छ र वार्ता गर्नुहुन्छ ? राज्यपक्षले पूर्ण वार्ता टोली नबनाउनुका पछाडि के कारण छ भन्ठान्नुहुन्छ ?**

- हामीले युद्ध-विराम र वार्ताको प्रश्नलाई अत्यन्त गम्भीरतापूर्वक लिएर आफ्नो तर्फबाट उच्च स्तरीय वार्ता टोली दई महिना पहिले नै सार्वजनिक गरेका हौं । सो वार्ता टोलीको घोषणामार्फत् हामीले विषयवस्तुप्रतिको आफ्नो गम्भीरतामात्र व्यक्त गरेका होइनौं, अपितु सत्तापक्षबाट हामी कस्तो टोली अपेक्षा गर्दछौं भन्ने कुराको पनि स्पष्ट संकेत गरेका हौं । तर, सत्तापक्षले यतिका समय बितिसक्दा पनि वार्ता टोलीलाई पूर्णता नदिनुमा उनीहरूभित्र विद्यमान अन्तरकलहलाई मात्र होइन, षड्यन्त्र र रहस्यको गन्ध पनि फैलिएको छ । फेरि पनि वार्ता टोली निर्माणको समस्या हाम्रो होइन, यो सत्तापक्षको समस्या हो । उसले नारायण सिंह पुन नै हाम्रो पूर्ण वार्ता टोली हो भन्छ र आवश्यक अन्य वातावरण बन्छ भने हामी सहजकर्ता र जन-समुदायलाई साक्षी राखेर वार्ता प्रक्रियाको औपचारिक थालनी गर्नेछौं । त्यसबाट हाम्रो होइन, सत्तापक्षको कमजोरीमात्र प्रदर्शित हुनेछ ।

**■ वार्ताको मुखैमा राजाको भारत भ्रमण भएको छ र भारतीय नेताहरूसित कुराकानी भएको छ । कसरी हेर्नुभएको छ, यो भ्रमण र कुराकानीलाई ? वास्तवमा यो कुराकानीले आगामी वार्ता र संकट समाधानमा के-कस्तो असर पुऱ्याउँछ भन्ठान्नुहुन्छ ?**

- युद्ध-विराम र वार्ता प्रक्रियामा आफ्नो भूमिकाप्रति भारतीय शासकहरूले असन्तुष्टि व्यक्त गरिरहेको कुरा सर्वविदितै छ । अघिल्लो पटक राजा ज्ञानेन्द्रको भारत भ्रमणपछि उनीहरूका बीचमा कसिएको लगनगाँठो यता केही समयदेखि खुस्कँदै गएको पृष्ठभूमिमा भएको यो नयाँ भ्रमण निकै अर्थपूर्ण रहेको हामीले महसुश गरेका छौं । आफ्नो सत्ताका लागि अपवित्र ढंगले भारतीय शासक वर्गको आर्शिवाद प्राप्त गर्न देशको राष्ट्रिय हित र स्वतन्त्रतालाई आघात पुऱ्याउने नेपाली शासकहरूको परम्पराको पुनरावृत्ति भएमा त्यसले निश्चित रूपमा वार्ता र संकट समाधानमा नकारात्मक असर पुऱ्याउने छ । अर्कोतिर नेपालको भू-राजनैतिक स्थिति अनुसार छिमेकीसंग समानताको आधारमा राम्रो सम्बन्ध कायम गरी आफ्नो आन्तरिक समस्या समाधान गर्न वातावरण बनाएमा त्यसले सकारात्मक प्रभाव पनि पार्न सक्दछ । तर, राजा ज्ञानेन्द्रको भारत भ्रमण शुरू भएर त्यहाँका प्रमुख सरकारी नेताहरूसंग कुराकानी भएको भोलिपल्टदेखि नेपालमा शाही सेनाको अनावश्यक र उत्तेजनात्मक सक्रियतामा वृद्धिले हामीलाई शंका नै बढाएको छ । सम्पूर्ण देशभक्त नेपालीहरू चनाखो र सतर्क हुन आवश्यक छ ।

**■ अधिकारसम्पन्न सर्वदलीय सरकार नबनीकन यही सरकारसित कदापि वार्ता गर्नुहुन्न भनेर एमालेलगायतका संसदीय दलहरू भनिरहेछन् । यसमा तपाईहरूको नीति र दृष्टिकोण ?**

- हामीले यससम्बन्धी आफ्नो नीति र दृष्टिकोण स्पष्ट शब्दहरूमा सार्वजनिक गरिसकेका छौं । हामीले युद्ध-विराम सैन्य शक्तिमाथि नियन्त्रण भएको सत्तापक्षसंग गरेका हौं । हाम्रो दृष्टिमा र वास्तविक अर्थमा पनि युद्ध-विराम र वार्ताको सम्बन्ध कुनै खास सरकारलाई मान्यता दिनु र नदिनु सँग सम्बन्धित छैन । सिंगो पुरानो सत्तासंग विद्रोह गरिरहेको हाम्रो पार्टीका निमित्त सैन्य शक्ति दरबारको नियन्त्रणमा रहेको प्रसङ्गमा एमाले वा देउवा वा लोकेन्द्र वा सबैको साझा सरकार बने पनि तिनमा कुनै तात्विक अन्तर नहुने कुरा इतिहास सिद्ध र स्वतः स्पष्ट छ । त्यसमाथि पनि कथित संविधानको नाम लिएर नै दरबारले सम्पूर्ण "राजकीय सत्ता" आफ्नो हातमा लिइरहेको वर्तमान सन्दर्भमा राजाले नै बनाउने सर्वदलीय सरकारको हैसियत नारायणसिंह पुनको भन्दा बढी हुन्छ भन्ने ठान्नु कायरतापूर्ण आत्मरति मात्र

हो । त्यसकारण हामीले ०४६ सालको ऐतिहासिक जन-आन्दोलनका सबै सहकर्मीहरू मिलेर वार्ताको मोर्चा र सडकको मोर्चामा एकता र तालमेल कायम गरी अग्रगामी निकाससहितको नयाँ संविधान निर्माण गर्न अगाडि बढ्नु आजको ऐतिहासिक आवश्यकता हो भनिरहेका छौं । पहिलेकै स्थितिमा आफू सरकारमा भएपछि त्यो संवैधानिक हुन्छ भन्ने एमाले नेतृत्वको दावीले वास्तविक समस्या समाधान गर्ने कामबाट भाग्ने र कुर्सी स्वार्थमा लिप्त हुने चरित्रको मात्र प्रदर्शन गर्दछ ।

**■ युद्धविरामको घोषणा भएपछि संसदीय दलहरूलाई पाखा लगाएर बन्दूक लिएका दुईथरि शक्तिहरूमात्र भित्रभित्रै मिलिसकेको र मिल्ने संभावना छ भनेर यहाँ प्रमुख संसदीय पार्टीहरू व्यापक आशंका व्यक्त गर्दैछन् । ती पार्टीहरूलाई तपाई कसरी आश्वस्त पार्नुहुन्छ ? हो के वास्तविकता ?**

- भनिन्छ 'निदाएको मानिसलाई बुँझाउन सकिन्छ तर, निदाएको बाहना गर्नेलाई बुँझाउन सकिदैन' । एमाले नेतृत्व जस्ता संसदवादीहरू निदाएको बाहाना गरेर दुई थरी बन्दूक भित्रभित्रै मिलिराखेको कपोलकल्पित हल्ला गरिरहेका छन् । को दरबारमा पटक-पटक गएर भित्रभित्रै कुरा मिलाउन घण्टौं मन्त्रणा गर्दछन् र को जनतालाई अधिकारसम्पन्न तुल्याउन ज्यानको बाजी लगाएर हिड्छन भन्ने कुरा आज नेपाली जनताले राम्रोसंग देखेका र बुझेका छन् । १२ वर्षको इतिहासको कुरा त परै छ, युद्ध-विराम भएको दुई महिनाभित्रको सत्तापक्षको आचारण र हाम्रो व्यवहारले मात्र बच्चा-बच्चाले पनि बुझिसकेका छन् कि हाम्रो कसैसंग कुनै गोप्य र अपारदर्शी सम्बन्ध छैन । बरू, आम नेपाली जनताको चिन्ता हामीले देखिरहेका छौं कि कतै सत्तापक्षले षड्यन्त्र गरी माओवादी नेताहरूलाई फसाउने वा मार्ने त होइन ? बन्दूकलाई जनसमुदायको नियन्त्रणमा ल्याई वास्तविक अर्थमा सार्वभौम बनाउन वार्ताको मोर्चा र सडकको मोर्चा दुवैमा एकताबद्ध भएर जान निरन्तर अपील र पहल गर्दै आएको हाम्रो पार्टीलाई स्पष्ट नभएको आशंका अझै पनि गर्नेहरू वस्तुतः वार्ता भाँड्ने र हिंसा मच्चाउने षड्यन्त्रका पृष्ठपोषकहरू हुन् भनेर नेपाली जनताले किन नभन्ने ? यदि संसदीय दलहरूलाई साँच्चै नै प्रतिगमनका विरूद्ध संघर्ष गर्ने आँट छ र यो युद्ध-विराम र वार्ताले त्यो प्रक्रियामा बाधा पुऱ्याएको ठान्छन् भने युद्धविराम र वार्ता छोडेर निर्णायक संघर्षमा आउन हामीलाई अपील गरून्, हामी दश हात उफ्रेर स्वागत गर्न तयार छौं । केवल कुर्सीका निम्ति उपयोग गर्ने दृष्टिले मात्र आशंका फैलाउनेहरूलाई त हामीले के नै विश्वास दिलाउन सक्छौं र ? समयको माग शंका-उपशंका फैलाउने होइन, मिलेर अगाडि बढ्ने हो ।

**■ प्रतिगमनविरूद्धको अन्य राजनीतिक दलहरूको संघर्षप्रति तपाईहरूको दृष्टिकोण र नीति के ? के प्रतिगनमविरूद्ध जोडदार सडक संघर्ष चल्यो भने वार्ता रोकेर तपाई त्यसमा सहभागी हुनुहुन्छ ?**

- प्रतिगमनका विरूद्ध अन्य राजनैतिक दलहरूले जति जोडदार संघर्ष गर्दछन्, हाम्रो पनि त्यति नै जोडदार सहयोग, समर्थन र सहभागिता हुनेछ । विगत दुई/अढाई वर्षदेखि र अहिले पनि हाम्रो गम्भीर चिन्ता प्रमुख भनिने संसदीय दलहरूले संघर्षको बाटो छोडेर भ्रष्टाचार र आत्मसमर्पणको बाटो पक्डेकोमा रहँदै आएको छ । घमण्ड गरेको आरोप नलगाउन अनुरोध गर्दै म कुन तथ्यप्रति सबैको (संसदीय दलहरूको) ध्यानाकर्षण गराउनु चाहन्छु भने विगत अढाई वर्षदेखि तपाईहरूको अस्तित्व माओवादी आन्दोलनका कारणले नै कायम रहेको छ । आजको स्थितिमा माओवादी आन्दोलन कमजोर भयो भने तपाईहरूको भविश्य पनि झन डाँवाडोल हुनेछ ।

प्रतिगमनका विरूद्ध जोडदार संघर्ष चल्यो भने वार्ता रोक्नु पर्दैन, बरू वार्ताबाट जन-समुदायलाई वास्तविक अर्थमा सार्वभौम तुल्याउन सकिन्छ भन्ने हाम्रो विश्वास छ । किनकि वार्ताको मोर्चालाई हामीले संघर्षकै एउटा मोर्चाका रूपमा बुझेका छौं ।

**■ के वार्ता र प्रतिगमनविरोधी संघर्ष साथसाथ हातेमालो गरेर एउटै ध्येयका साथ अघि बढ्न संभव छ ? छ भने कसरी ? छैन भने किन छैन ?**

- वार्ताको मोर्चा र सडकको मोर्चा प्रतिगमनका विरूद्ध एउटै उद्देश्यका लागि हातेमालो गरेर अगाडि बढ्न संभव मात्र होइन, अत्यन्त आवश्यक पनि छ । जनसमुदायको सक्रिय सहभागिता र हस्तक्षेपबिना वार्ताको मोर्चाबाट सफलता हासिल गर्न असंभव भएको हुनाले नै त्यस प्रकारको तालमेल र हातेमालो आवश्यक छ । हाम्रो विचारमा त्यस प्रकारको तालमेलका निम्ति न्यूनतम राजनैतिक नारामा साझा सहमति अनिवार्य छ र संविधान सभाको निर्वाचनले नै त्यो नाराको काम गर्ने छ ।

**■ तपाईहरूले गोलमेच सम्मेलनको कुरो गर्नुभएको छ । कसले डाक्छ यो सम्मेलन ? को को हुन्छन् यसका सहभागीहरू ? के हुन्छ यसको सहभागिताको लागि क्राइटेरिया ? के के गर्छ यो सम्मेलनले ?**

- वर्तमान त्रिकोणात्मक राजनैतिक संघर्षको स्थितिमा गोलमेच सम्मेलन बारेका समग्र तपशिलहरू हामीले सत्तापक्ष, संसदवादी राजनैतिक दलहरू, बौद्धिक व्यक्तित्वहरू, उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका प्रतिनिधिहरूसँग आवश्यक अन्तरक्रिया गरेर मात्र टुंगो लगाउन उपयुक्त हुने ठानेकाछौं । त्यस प्रकारको छलफल, अन्तरक्रिया क्रमशः अगाडि बढिरहेको छ । निश्चय नै हामीले तपशिलबारे सोचेका छौं, तर, अहिले नै त्यसैलाई प्रस्तावका रूपमा राख्नु परिपक्वता हुने छैन । सिंगो देशलाई एकताबद्ध पार्नु तथा अन्तरिम सरकारको निर्वाचन गर्नु नै गोलमेच सम्मेलनको मुख्य काम हुनेछ ।

**■ तपाईहरूले अहिलेको आफ्नो बटमलाइन भनेर संविधान सभाको निर्वाचनको कुरो उठाउनुभएको छ । राजाले वा अरूले संविधान सभाको निर्वाचन गराउन ठ्याप्पै सहमति जनाएनन् भने के गर्नुहुन्छ ? के पुनः पोहोरजस्तै जंगल नै फर्कनु हुनेछ ?**

- गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचनबारे वार्ता गर्न सत्तापक्ष तयार रहेको पत्र प्राप्त भए पछि नै हामीले युद्ध-विरामको घोषणा गरेका हौं । अतः हामीलाई के आशा छ भने देशलाई आजको विषम परिस्थितिबाट निकालेर शान्ति र प्रगतिको दिशामा डोऱ्याउने एउटा वैज्ञानिक र प्रजातान्त्रिक विधिका रूपमा संविधानसभाको निर्वाचनमा जान ठ्याप्पै नमान्ने काम कसैबाट हुने छैन । यदि समस्या समाधानको साधनको प्रश्नमा गएर हलो अड्क्यो भने हामी साध्यको बारेमा बहस गर्नेछौं । हाम्रा लागि मुख्य प्रश्न जन-समुदायलाई वास्तविक अर्थमा सार्वभौम तुल्याउनु हो । त्यसका लागि हामी अन्तसम्म लड्ने छौं । देशका उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका जन-समुदायलाई अधिकार सम्पन्न तुल्याउन हामी आवश्यक परेमा लचकता र

**सत्तापक्षसँग युद्धविराम र वार्ताबारे एकीकृत सोच, नीति, योजना र कार्यक्रमको पूर्ण अभाव नै वार्तामा विलम्वको प्रमुख कारण हो**

**यदि समस्या समाधानको साधनको प्रश्नमा गएर हलो अड्क्यो भने हामी साध्यको बारेमा बहस गर्नेछौं । हाम्रा लागि मुख्य प्रश्न जनसमुदायलाई वास्तविक अर्थमा सार्वभौम तुल्याउनु हो ।**

उदारताको हदसम्म र आवश्यक परेमा कठोरता र बलिदानको हदसम्म पनि जान तयार छौं । अतः हामी वार्तालाई हल्का ढंगले लिने आत्मघाती भूल कसैले नगर्न निरन्तर अनुरोध गरिरहेका छौं ।

**■ तपाईहरूले के के कुरा हासिल गर्नका लागि संविधान सभाको निर्वाचन खोज्नुभएको ? संविधान सभाले बनाउने नयाँ संविधानमा त्यस्ता के गुदी विषयवस्तु र विशेषताहरू हुन्छन् भन्ठान्नुहुन्छ ?**

– हामी विज्ञानको नियम विपरित संविधानमा अपरिवर्तनीय भन्ने कुरा राख्न चाहन्नौं, आजको युग अनुसार राज्यलाई धर्मबाट स्वतन्त्र राख्न चाहान्छौं, जन-समुदाय सार्वभौम भएको तथ्यको एउटा मूलभूत ग्यारेण्टीका रूपमा देशको सैन्य शक्तिहरूलाई सम्पूर्ण रूपले जन-निर्वाचित प्रतिनिधि संस्थाको मातहतमा राख्ने व्यवस्था चाहन्छौं । देशको राष्ट्रिय एकता र प्रगतिलाई सुनिश्चित गर्न देशका सबै उत्पीडित जाति र क्षेत्रका जन-समुदायका निमित्त स्वायत्तताको व्यवस्था चाहन्छौं । हाम्रो विश्वास छ कि त्यसरी मात्र देशको चौतर्फी विकासमा जनताको पहलकदमीलाई गुणात्मकता प्रदान गर्न सकिन्छ । हामी क्रान्तिकारी भूमिसुधार एवं स्वतन्त्र र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासको दिशा सुनिश्चित गर्ने व्यवस्था चाहन्छौं, हामी प्रगतिशील र राष्ट्रिय शिक्षा, साहित्य, कला र संस्कृतिको व्यवस्था चाहन्छौं आदि । राष्ट्रियता, प्रजातन्त्र र जन-जीविकासंग सम्बन्धित यस्तै न्यूनतम आधारभूत विषयहरू नै हामी संविधानसभा मार्फत् हासिल गर्न संभव र आवश्यक देख्दछौं । हाम्रो विश्वास के हो भने पुरानो संरचनामा केही मूलभूत परिवर्तन नगरी अब देशको स्वतन्त्रता र समृद्धि संभव छैन ।

**संसदवादीहरूको यो अतीततिर फर्कने असंभव कुरा सुन्दा हामीलाई 'सोम शर्माको सातुको कथा मात्र स्मरण हुन्छ । 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भने जस्तो यो वाहियात आत्मरति मात्र हो ।**

**■ ती कुराहरू संविधान संशोधनबाट हासिल हुन सक्दैनन् र ?**

– असफल भइसकेको पुरानो संविधानमा संशोधन गरेर उपरोक्त सारसहितको संविधान बन्न असंभव हुने कुरा स्वतः स्पष्ट छैन र ?

**■ संसदीय राजनीतिक दलहरू र तपाईहरूबीच अग्रगमनको एजेण्डा उपर साझा सहमतिको प्याकेज बन्ने संभावना कत्तिको देख्नुहुन्छ ? त्यो प्याकेजको निम्ति तपाईहरूको प्रस्ताव के के ?**

– संसदीय दलहरूले कुर्सीको मोह छोडेर विगतका भूलहरूको आत्म समिक्षा गरेर व्यवहारिक अर्थमा अग्रगमनका निम्ति तयार हुने बित्तिकै त्यस प्रकारको साझा सहमति बनाउन कुनै आइतबार पर्खिनु पर्ने छैन । आफ्नो कुर्सीको निम्ति दरबार धाईराख्ने र युद्ध-विराम हुने वित्तिकै हामीलाई दरबारसित मिलेको आरोप लगाउने यस्तो कुबुद्धिबाट संसदवादीहरू मुक्त भएनन् भने नै समस्या पर्न सक्छ । माथि उल्लेखित स्तरसहित संविधान सभामा जाऔं भन्ने प्रस्ताव नै हाम्रो खुल्ला र स्पष्ट प्रस्ताव हो ।

**■ संसदीय पार्टीहरूले सडक संघर्षद्वारा सर्वदलीय सरकार बनाउने, त्यो सरकारमार्फत् संसद ब्यूँताउने वा नयाँ संसदको चुनावमा जाने र संसदबाट पुरानो संविधानको संशोधन गरेर संकट हल गर्न प्रयत्नतिर लाग्ने संभावना पनि देखिएका छन् । यस्तो भयो भने तपाईहरूको त्यसप्रतिको सोच र दृष्टिकोण के हुनेछ ?**

– संसदवादीहरूको यो अतीततिर फर्कने असंभव कुरा सुन्दा हामीलाई सोम शर्माको सातुको कथा मात्र स्मरण हुन्छ । "काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर" भने जस्तो यो वाहियात आत्मरति मात्र हो । माओवादी आन्दोलनका विरूद्ध विगतमा जस्तै दरबारले संसदवादीहरूलाई उपयोग गर्न चाह्यो भने मात्र संसदवादीहरूले यो सौभाग्य प्राप्त गर्ने छन् र जनताको नजरबाट एक पटक नराम्रोसंग गिर्नेछन् । आजको शक्ति संघर्षको यथार्थको आत्मसात गरेर अग्रगमनका निम्ति एक जुट हुनुको सट्टा समस्यालाई अरू जटील बनाउन अतीततिर फर्किने कुरामा जन-समुदायले साथ दिन असंभव भएको तथ्य सबैले बुझ्नु उपयुक्त हुन्छ । कथमकदाचित दरबारले त्यही चाहेर एमाले वा अन्य कसैको सरकार बनेछ भने पनि त्यसप्रतिको हाम्रो नीति अहिलेको सत्तापक्षसंग जस्तै हुनेछ ।

**■ संविधान सभा भयो भने त्यसको नतिजा जे-जस्तो निक्ले पनि तपाईहरू त्यसलाई मान्नुहुन्छ ?**

– जन-समुदायको फैसला अग्रगामी हुने कुरामा हामी विश्वस्त छौं र संविधानसभाको निर्वाचनको फैसला मान्न प्रतिबद्ध भएको कुरा हामीले स्पष्ट गरिरहेका छौं ।

**■ संविधान सभा भइसकेपछि तपाईहरूसित विद्यमान सेनाको स्थिति के हुनेछ नि ?**

– देशमा रहेको सबै प्रकारको सैन्य शक्ति नयाँ आधारमा एकीकृत हुनेछ र त्यो सेना आधुनिक प्रजातान्त्रिक र जनताको आफ्नै सेना हुनेछ । त्यो सेना नयाँ नेपालको वास्तविक पहरेदारका रूपमा विकसित हुनेछ । ❑

मेरो गौरव,
मेरो पौरख,
मेरो काठमाण्डौ



विश्व सम्पदा सूचीमा परेका ऐतिहासिक धरोहरहरूको संरक्षण, संवर्द्धन र विकास गरौं

काठमाण्डौ महानगरपालिका



*श्री ५ त्रिभुवन दिल्ली संझौतापछि नेपाली जनतासमक्ष प्रजातन्त्रको सन्देश दिँदै*

# नेपालमा संविधानसभाको इतिहास

मुक्ता श्रेष्ठ

१८ असोजको श्री ५ ज्ञानेन्द्रको शाही घोषणापछि देश प्रतिगमनको दिशातिर अगाडि बढेको छ । यो संकटको समाधानको लागि अहिले देशमा संविधानसभाको बहसले सर्वाधिक ध्यान तानेको छ ।

तर नेपालमा संविधान सभा कुनै नयाँ विषय होइन । यसको आधा शताब्दी लामो इतिहास छ । नेपालको इतिहासमा यसको उठान २००७ सालमै भएको थियो । ००७ सालभन्दा पहिला देशको सार्वभौमसत्ता राणा प्रधानमन्त्रीको हातमा थियो । राज्यसत्तामा उनीहरू नै सर्वेसर्वा थिए । त्यसको विरूद्धमा जनताले पचासौं वर्षसम्म आन्दोलन गरे । राजाहरूले पनि आफ्नो गुमेको हक फिर्ता लिन राणाहरूलाई समाप्त पार्नको लागि राजदरवारभित्रै विभिन्न समयमा संघर्ष गरे । तर ००७ सालमा राजा र जनताको संयुक्त आन्दोलनले राणाहरूलाई आफ्नो निरंकुश अधिकार त्याग्न बाध्य बनायो ।

००७ सालमा राजा त्रिभुवन राजदरवार त्यागेर भारत गएपछि नेपालमा नेपाली कांग्रेसले सशस्त्र आन्दोलन गर्‍यो । त्यस आन्दोलनलाई राणाहरूले दवाउन ठूलो प्रयास गरे । तर उनीहरूले सकेनन् । नेपाली कांग्रेसले जिल्लाहरू कब्जा गर्दै जनसरकार गठन गर्न थाल्यो । त्यस सशस्त्र संघर्षको दवावमा परेर भारतको प्रस्तावअनुसार ००७ साल पुस २४ गते मोहन शमशेरले देशवासीको नाममा एउटा घोषणा गरे । त्यस घोषणाको पहिलो बुँदामा भनिएको थियो- "देशभरिका सम्पूर्ण बालिगहरूले आमचुनावद्वारा खडा गरेको एक वैधानिकसभा सकभर शीघ्रतासँग खडा गर्ने, यो सभाको पहिलो बैठक २००९ सालभित्र गरिनेछ । यसको मुख्य काम देशको भावी विधान तयार गर्नु हो ।" *(नेपालको राजनैतिक दर्पण, भाग- १ -गृष्मबहादुर देवकोटा, तृतीय संस्करण २०५८, पृष्ठ ८७)* नेपालको इतिहासमा संविधान सभाको पहिलो घोषणा यही थियो ।

मोहन शमशेरले घोषणा गरेको भोलिपल्टै पुस २५ गते राजा त्रिभुवनले त्यसको स्वागत गरेको घोषणा गरे । पुस २६ गते नेपाली कांग्रेसको गोरखपुरमा बसेको बैठकले सो घोषणाको विरोध गरेर सशस्त्र आन्दोलन जारी राख्ने निर्णय गर्‍यो । पछि बी.पी. कोइराला, सुवर्ण शमशेर र मातृकाप्रसाद कोइरालालाई भारत सरकारले दिल्लीमा डाकेर कुरा गरेपछि मात्र ००७ साल माघ १ गते नेपाली कांग्रेसका अध्यक्ष मातृकाप्रसाद कोइरालाले एक्कासी युद्धविरामको घोषणा गरेका थिए । *(नेपालको राजनैतिक दर्पण, पूर्ववत्, पृष्ठ ९५)*

त्यसपछि ००७ साल फागुन ७ गते राजा त्रिभुवनबाट नेपालमा प्रजातन्त्रको स्थापना भएको घोषणा भयो । त्यस घोषणामा राजा त्रिभुवनले संविधानसभा तथा गणतन्त्रात्मक संविधानको समेत उल्लेख गरेका थिए- "हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक संविधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले..." *(नेपालको राजनैतिक दर्पण, पूर्ववत्, पृष्ठ ९६)*

यो घोषणापछि राणा र नेपाली कांग्रेसको अन्तरिम सरकारले संविधान सभाबाट संविधान नवनाइएसम्मको लागि भनेर 'अन्तरिम शासन विधान -२००७' निर्माण गर्‍यो । त्यो संविधान २००७ साल चैत्र २९ गतेदेखि लागु भयो । यसपछि पनि नेपालमा दिल्ली सम्झौताको विरूद्ध आन्दोलन भइनै रह्यो र राणाहरूले पनि राणा शासनलाई पुन फर्काउने उद्देश्यले 'गोर्खादल' नामक संस्था खोलेर उत्पात मचाउन थाले । यसले गर्दा राणा र कांग्रेसहरूको बीचमा अविश्वास बढ्नथाल्यो । आन्दोलनकै सिलसिलामा २००८ साल कार्तिक २० गते सरकारले चलाएको गोलीद्वारा चिनियाकाजीको मृत्यु भयो । यो मृत्युले राणा र कांग्रेस मन्त्रीहरूको बीचमा रहेको अविश्वास झन् बढ्न थाल्यो । त्यसको फलस्वरूप कार्तिक २६ गते अन्तरिम मन्त्रिमण्डल विघटन भयो । र, २००९ सालभित्र संविधानसभाको चुनाव गराइसक्नुपर्ने अन्तरिम सरकारको जिम्मेवारी पनि मन्त्रिमण्डलको विघटनसँगै राजाद्वारा विलीन पार्न खोजियो ।



*मातृकाप्रसाद कोइराला*

अन्तरिम मन्त्रिमण्डलको विघटनपछि राज्यको सम्पूर्ण अधिकार राजाको हातमा गयो । अब कसलाई प्रधानमन्त्री बनाउने, कसलाई मन्त्री बनाउने, कुन मन्त्रीलाई कहिले झिक्ने भन्ने सबै निर्णय राजा स्वयंले गर्न थाले । नेपाली कांग्रेसले बी.पी.को अध्यक्षतामा मन्त्रिमण्डल गठन गर्ने भन्ने माग र धर्मरत्न यमी, टंकप्रसाद आचार्य र ऋषिकेश शाहको सर्वदलीय मन्त्रिमण्डलको मागलाई लत्याएर राजा त्रिभुवनले मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा २००८ साल मंसिर १ गते नयाँ मन्त्रिमण्डल गठन गरे । यो मन्त्रिमण्डलको गठनपछि फागुन ६ गते विधानपरिषद्को निर्वाचनको विषयमा 'इश्तिहार' जारी भयो । त्यो इश्तिहारमा विधान परिषद्को निर्वाचन हुनको लागि प्रारम्भिक काम शुरू भएको र मतदाताहरूको नामावली रजिस्ट्रेशनको लागि खटी गएका कर्मचारीहरूलाई सहयोग गर्न जनतामा अपील पनि गरिएको थियो । तर त्यो सूचना खालि सूचनामात्रै भयो, राजाले व्यवहार बमोजिम काम गरेनन् ।

यसैबीच राजा त्रिभुवनले विस्तार विस्तार आफ्नो हातमा कार्यकारी अधिकार बढाउँदै लगे । हालसालै शेरबहादुर देउवाले झैं त्यतिखेर प्रधानमन्त्री मातृकाले पनि कुर्सीस्वार्थवश राजाको अधिकारविस्तारको कामप्रति उदारता देखाएर राजालाई साथ दिन थाले । आफ्नो हातमा आइसकेको अधिकार संविधानसभाको चुनाव गराएर फेरि जनताको हातमा फिर्ता दिने राजा त्रिभुवनको भित्री मनसाय पनि देखिएन । त्यसैले आफ्नो जीवनकालभर बेला बेलामा विधानसभाको चुनाव गराउने प्रतिवद्धता जाहेर गरेता पनि चुनाव गराउने काममा भने उनले कहिल्यै पहल गरेनन् । बरू आफ्नो हातमा अधिकार थुपार्ने काममा नै उनी बढी प्रयत्नशील रहे । राजा त्रिभुवनको यो रवैया

**हालसालै शेरबहादुर देउवाले झैं त्यतिखेर प्रधानमन्त्री मातृकाले पनि कुर्सीस्वार्थवश राजाको अधिकारविस्तारको कामप्रति उदारता देखाएर राजालाई साथ दिन थाले**

देखेपछि नेपाली कांग्रेसले २०११ साल पुस २६ गते 'आम चुनाव छिटो होस्' भन्नेसहितका मागहरू राखेर सत्याग्रह शुरू गऱ्यो । यसमा वामपन्थीहरू पनि सहभागी भए । सत्याग्रह चलेपछि तात्कालीन युवराज महेन्द्रबाट छिटै आम चुनाव गराउने आश्वासन पाएपछि नेपाली कांग्रेसले दुई दिनपछि नै आन्दोलन स्थगित गऱ्यो ।



*२०१४ सालमा संविधानसभाको चुनावको माग गर्दै सत्याग्रह आन्दोलनमा सरिक डा. केशरजंग रायमाझीलगायतका व्यक्तिहरु*

युवराज महेन्द्र राजा भएपछि हिजो ००७ सालमा घोषणा भएको संविधानसभाको चुनाव गराउने वचनबद्धता उनले पनि पालन गरेनन् । उनी त अझ राजा त्रिभुवनभन्दा एक कदम अगाडि बढेर देशमा प्रत्यक्ष शासन नै गर्न थाले । उनी राजा भएपछि उनले जति पनि शाही सम्बोधन र घोषणा गरे त्यसमा कहिल्यै पनि संविधानसभाको चुनावको उल्लेखसम्म भएन ।

प्रत्यक्ष शासन चलाएपछि राजा महेन्द्रले नारायणहिटी राजदरवारमा राजनैतिक दलहरूको एउटा बैठक बोलाए । त्यस बैठकलाई नेपाली कांग्रेस, प्रजापरिषद्, नेपाली राष्ट्रिय कंग्रेस (नेराकं)ले बहिष्कार गरे । त्यस बैठकको सुझावअनुसार २०१२ साल साउन २४ गतेका दिन राजा महेन्द्रले २०१४ साल आश्विन पूर्णिमाको दिनदेखि आम चुनाव गराउने घोषणा गरे । तर यो चुनाव विधानसभा वा संसद केको लागि भन्ने कुरा स्पष्ट गरिएन ।

२०१२ साल माघमा नेपाल प्रजापरिषद्का अध्यक्ष टंकप्रसाद आचार्यको प्रधानमन्त्रीत्वमा मन्त्रिमण्डल गठन भयो । पहिले नेपाल प्रजापरिषद् संविधानसभाको चुनावको पक्षमा भएता पनि टंकप्रसाद आफू प्रधानमन्त्री भएपछि अडान फेरेर उनी संसदीय चुनावमा झरे र उनले पनि राजालाई नै साथ दिन थाले । र, वीरगंजको आमसभामा जनतालाई होइन, राजालाई संप्रभु बनाउनुपर्छ भन्ने कुरासमेत बोले । उनको बोलाइ थियो- 'नेपालमा आगामी हुने आमचुनाव संविधानसभा वा संसदकै लागि हुने हो, त्यो कुरा निर्णय भएको छैन, एउटै देशमा राजा र जनता दुईथरि संप्रभु हुन सक्दैनन्, नेपाली जनता पूर्ण प्रजातन्त्रको उपयोग गर्नसक्ने भइसकेका छैनन्, संवैधानिक प्रभुसत्ता राजामा नै रहन उचित हुनेछ ।' *(डा. सूर्यमणि अधिकारी लिखित नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास, २०५५, पृष्ठ १४३, प्रकाशक- निराला पब्लिकेशन, नयाँ दिल्ली)*

टंकप्रसाद आचार्यको यो अभिव्यक्तिपछि देशमा तीव्र रूपमा राजनैतिक प्रतिक्रिया उत्पन्न भयो । संसदको चुनावको विरोधमा र संविधानसभाको चुनाव हुनु पर्ने कुरामा चौतर्फी दवाब बढ्न थाल्यो । उदाहरणको लागि त्यतिखेर अभिव्यक्त भएका निम्नविचार र निर्णयहरूलाई लिन सकिन्छ ।

– "चुनाव संविधानसभाको मिम्ति वा संसदको निम्ति यो स्पष्ट हुनुपर्दछ । त्यसपछि ती निर्वाचित सदस्यहरूले देशको कानून बनाउन पाउने हुन् वा होइनन् त्यो स्पष्ट हुनुपर्दछ । नेपालका तमामजस्तो जिम्मेवार पार्टीहरूले वर्तमान नेपाललाई श्री ५ को वैधानिक नायकत्वको खाँचो महशूस गरेका छन् । अतः श्री ५ को स्थान स्पष्ट छ । तर पनि त्यस समयमा संविधानसभाले राजाको जरूरत सम्झेन, त्यस्तै विधान बनायो भने राजाले छोड्नु पर्नेछ । र, हाम्रो प्रजातन्त्रप्रेमी राजाबाट जनताले नरूचाएको खण्डमा पनि म बस्छु भनी बक्स्योइन भन्ने हामीलाई निश्चित छ । किनकि हामी वैधानिक राजा यानी विधानमाथि बस्ने राजा होइन, विधानभन्दा मुनि बस्ने राजा चाहन्छौं ।" *(वी.पी. कोइराला, नेपालको राजनैतिक दर्पण, पूर्ववत्, पृष्ठ ५२१)*


– २०१३/३/६ मा डिल्लीरमण रेग्मीले नेतृत्व गरेको ने.रा.कां.ले पास गरेको प्रस्ताव- "चुनाव सम्पूर्ण प्रभुसत्तासम्पन्न विधानसभाका निम्ति नभई अरू कुनै कुराका निम्ति जालसाजी गरी हुने हो भने ने.रा.कां. यस कुराको कडा विरोध गर्नेछ । हामी कदापि यो मान्न तयार छैनौं कि राजामा प्रभुसत्ता निहित छ । प्रजातन्त्रको नाम लिने बित्तिकै जनतामा प्रभुसत्ता निहित हुन्छ भन्ने कुरा निर्विवाद छ । प्रजातन्त्रमा राजसंस्था राख्ने, नराख्ने अथवा अन्य व्यवस्था खडा गर्नेबारे जनतालाई नै पूरा जिम्मेवारी प्राप्त हुन्छ ।" *(नेपालको राजनैतिक दर्पण, पूर्ववत्, पृष्ठ ५२१)*

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को सम्मेलनको उद्घाटन भाषणमा डा. केशरजंग रायमाझीले व्यक्त गरेको विचार- "नेपाल कम्युनिष्ट पार्टी सार्वभौमसत्तासम्पन्न विधान परिषद् चाहन्छ ।" त्यही सम्मेलनले 'गणतान्त्रिक व्यवस्था कायम राख्ने विधान परिषद्को चुनाव हुनुपर्छ' भन्ने निर्णय पनि पारित गरेको थियो । *(नेपालको राजनैतिक दर्पण, पूर्ववत्, पृष्ठ ५१, ५२)*

वी.पी. कोइरालाले त टंकप्रसाद आचार्यले बोलेको कुरालाई लिएर सर्वोच्च अदालतमा मुद्दा नै दायर गरे । सो मुद्दामा अदालतमा लामो बहस र पैरवी पनि भयो । तर सर्वोच्च अदालतले अरू नागरिकसरह प्रधानमन्त्रीले पनि आफ्नो विचार व्यक्ति गर्न पाउने र रीट जारी गर्न मिल्ने यो उजुरी नदेखिएकोले केही कारवाही गर्न नपर्ने भनी मुद्दा नै खारेज गऱ्यो । *(नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास, डा. सूर्यमणि अधिकारी, पृष्ठ १४४)*

यसरी चुनाव संसदको नभई विधानसभाको लागि हुनुपर्छ भनेर सबैजसो प्रमुख पार्टीले विरोध जनाइरहेकै स्थितिमा राजा महेन्द्रले पहिले भएको घोषणाअनुसार ०१४ साल असोजदेखि आम चुनाव हुने भनिएको मितिमा चुनाव हुन नसक्ने भयो भन्ने अर्को घोषणा गरे । यो घोषणाको विरूद्धमा नेपाली कांग्रेस, नेपाली राष्ट्रिय कांग्रेस र प्रजापरिषद् मिलेर बनाइएको प्रजातान्त्रिक मोर्चाले 'भद्र अवज्ञा आन्दोलन'को नामबाट २०१४ साल मार्ग २२ गतेदेखि सत्याग्रह गर्ने निर्णय गऱ्यो । तोकेकै समयमा सत्याग्रह शुरू पनि भयो । त्यस सत्याग्रहमा नेपाल कम्युनिष्ट पार्टीले पनि भाग लियो । यो आन्दोलन उपत्यकाबाहिर विराटनगर, वीरगंज, चितवन, हेटौंडा, सिन्धुली आदि प्रमुख शहरहरूमा पनि भयो ।

आन्दोलन चलिरहेकै समयमा आन्दोलन तुहाउन राजा महेन्द्रले पुस १ गते २०१५ साल फागुन ७ गतेदेखि आम चुनाव गराउने घोषणा गरे । यो घोषणालाई प्रजातान्त्रिक मोर्चाले स्वागत गरेर आन्दोलनलाई स्थगित गर्ने घोषणा गऱ्यो । तर चुनाव संविधानसभाको लागि हुनेछ भनेर स्पष्ट घोषणा नभएसम्म धेरै कार्यकर्ताहरू आन्दोलन जारी राख्ने पक्षमा थिए । तैपनि नेताहरूको घोषणाबाट आन्दोलन स्थगित भयो । त्यसको लगत्तै माघ १९ गते श्री ५ महेन्द्रले 'नयाँ संविधानको मस्यौदा गर्न आयोगको गठन गर्ने र त्यही संविधानको आधारमा संसदको चुनाव गर्ने' घोषणा गरे ।



*टंकप्रसाद आचार्य*



*वी.पी. कोइराला*



*श्री ५ महेन्द्र*

राजा महेन्द्रको यो घोषणापछि पहिले विधानसभाको पक्षमा अभिमत राख्ने पार्टीहरू पनि संसदको चुनावमा भाग लिन पुगे । संसदको चुनावमा भाग लिनुको कारण नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीले यसरी प्रकट गरेका थिए : २०१४, फागुन २९ गतेको 'नेपालपुकार'पत्रिकामा छापिएको बी.पी.को लेखमा संसदको चुनावलाई यसरी समर्थन गरिएको थियो- "निश्चय नै शाही घोषणालाई प्रजातन्त्रको घोषणा-पत्र भन्न सकिँदैन र सैद्धान्तिक दृष्टिबाट त्यसको सफलतापूर्वक समालोचना पनि गर्न सकिन्छ । तर राजनीतिक सिद्धान्त वस्तुमात्र होइन, व्यवहारको विषय पनि हो । यदि कुनै पनि कुराले आजको असह्य स्थितिमा सुधार ल्याउँछ भने त्यो ग्राह्य हुन्छ ।" *(नेपालको राजनैतिक दर्पण, पृष्ठ ५२५)*

- २०१४ फागुन १५ र १६ गते कम्युनिष्ट पार्टीको जनकपुरमा भएको बैठकको निर्णय- "१९ माघको शाही सन्देशले ००७ सालले दिएको अन्तरिम विधानमा प्राप्त संविधानसभाको ठाउँमा अब संसदको निर्वाचन हुने भन्ने जुन कुरा भनेको छ, यो सरासर अन्तरिम विधानको मर्यादा विपरीत गएको छ । यसले देशको प्रजातान्त्रिक प्रणालीमा आघात पुऱ्याएको छ । यस स्थितिमा नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय समिति यो विश्वासका साथ संसदलाई पनि स्वीकार्दछ कि संसदीय प्रणालीद्वारा पनि देशमा सुसंगठित प्रजातान्त्रिक प्रणालीको जग बसाल्न सकिनेछ ।" *(नेपालको राजनैतिक दर्पण, पृष्ठ ५२५)*

यसरी दुवै पार्टीले संसदबाटै विधानमा भएका त्रुटीहरू सच्याउन सकिन्छ भन्ने आशा गरेर विनाशर्त राजाले दिएको 'नेपाल अधिराज्यको संविधान-२०१५' अनुसार भएको संसदीय चुनावमा भाग लिए । तर संसदको चुनाव भएको करिब १७ महिनापछि नै त्यही विधानको आडमा राजा महेन्द्रले संसद विघटन गरे । यसरी ००७ सालमा राजा त्रिभुवनले संविधानसभाको चुनाव गराएर जनतालाई संप्रभु गराउने भन्ने जुन प्रतिवद्धता जाहेर गरेका थिए, त्यसको हत्या उनकै छोरा राजा महेन्द्रबाट भयो ।

यो नेपालको इतिहासमा नेतत्वको असावधानीका कारणले जनताको हार भएको एउटा दुखान्त घटना थियो । यो घटना घट्नुमा नेताहरूको ठूलो कमजोरी देखिन्छ । २००७ सालपछि नेपालको इतिहासको अध्ययन गर्ने हो भने विभिन्न पार्टी नेताहरूबीच फूट हुनु र साझा न्यूनतम सहमति र प्रभावकारी आन्दोलनको अभाव हुनुले गर्दा नै राजा त्रिभुवनले पार्टीहरूलाई लत्याउँदै सत्ता-शक्ति आफ्नो हातमा केन्द्रित गर्दै लगेको देखिन्छ । र, पार्टीहरूबीचको फूटबाट फाइदा उठाएर उनले संविधानसभाको चुनावलाई आफ्नो जीवनकालभरि नै सम्पन्न गराएनन् । राजा महेन्द्रले त आफू राजा हुने बित्तिकै पार्टीहरूलाई पूरै बेवास्ता गरेर र उनीहरूबीच विभेद पैदा गरेर आफूले प्रत्यक्ष शासन गर्न थाले । दुवै राजाको यो धोखाधडीप्रति पार्टीहरूले मिलेर फलदायी संयुक्त संघर्ष संचालन गरेको देखिँदैन । यसको फलस्वरूप राजा महेन्द्र जनताको अधिकार अपहरण गरेर आफ्नो अनुकूल २०१५ सालको संविधान 'बक्सन' सफल भए । त्यही संविधानको धारा ५५ प्रयोग गरेर ००७ सालमा जनताको संघर्षबाट प्राप्त सीमित प्रजातान्त्रिक अधिकार पनि २०१७ सालमा राजाबाटै अपहरण भयो ।

तर २०१७ सालपछि पनि नेपालमा संविधानसभाको कुरा नउठेको होइन । ०१७ सालको घटनापछि २०१८ सालमा दरभंगामा कम्युनिष्ट पार्टीको प्लेनम भयो । त्यस प्लेनममा २४ जिल्लाका प्रतिनिधिहरू, केन्द्रीय सदस्यहरू गरी ५४ जना सहभागीहरूले भाग लिएका थिए । त्यहाँ पेश भएका ३ वटा राजनैतिक लाइनमध्ये मोहनविक्रम सिंहले पेश गरेको संविधानसभाको लाइनमा २८ मत परेको थियो । तर यसको पक्षमा एकजना पनि केन्द्रीय सदस्यहरू थिएनन् । *(नेपालको साम्यवादी आन्दोलन उद्भव र विकास, भीम रावल, पृष्ठ ५३)*

त्यसपछि २०२३ सालमा भएको नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठकले संविधानसभाको आवश्यकताबारे आवाज उठाएको थियो । तर त्यतिबेला लोकतन्त्रको लागि आन्दोलन भइरहेको

**बीचमा धेरै समयसम्म संविधानसभाको कुरा आन्दोलनको नाराको रूपमा उठेको देखिएन । एकैचोटि २०४३ सालमा नेकपा चौमले संविधानसभाको कुरा उठाएको देखिन्छ ।**

र लोकतन्त्रको स्थापनापछि मात्रै संविधानसभाको कुरा आउने भएकोले त्यो विषयमा त्यति महत्वका साथ कुरा अगाडि आउन सकेन । *(तरहरि आचार्य, 'मूल्यांकन मासिक, पूर्णाङ्क १०३, पृष्ठ ३९)*

त्यसपछि सबैजसो पार्टीहरू पंचायती व्यवस्थाको अन्त्य र लोकतन्त्रको बहालीको लागि आन्दोलनरत रहे । त्यो बीचमा धेरै समयसम्म संविधानसभाको कुरा आन्दोलनको नाराको रूपमा उठेको देखिएन । एकैचोटि २०४३ सालमा नेकपा चौमले संविधानसभाको कुरा उठाएको देखिन्छ । २०४३ सालमा नेकपा चौमले पंचायती चुनावको उपयोग गर्ने नीति लिएर राष्ट्रिय पंचायतको चुनावमा भाग लिंदा-

मागेर अधिकार पाँइदैन,
मारून्नी प्रजातन्त्र चाहिंदैन,
चुनिएको विधानसभा हुनैपर्छ

भन्ने नारा दिएको थियो । २०४६ सालको आन्दोलनमा पनि तात्कालीन चौमका महामन्त्री निर्मल लामाले 'संविधानसभाको लागि आन्दोलन हुनुपर्छ, बहुदलीय प्रजातन्त्रको लागि होइन' भन्ने कुरा पार्टीभित्र राखेका थिए र त्यो कुरालाई लेखहरूमार्फत् पनि सार्वजनिक रूपमा अधिसारेका थिए । तर उनी त्यसमा अल्पमतमा परे । संविधासभाको मागमा पंचायतविरूद्ध संयुक्त आन्दोलन उठ्नसक्ने वस्तुगत र आत्मगत स्थिति त्यतिखेर विद्यमान नभएको हुनाले निर्मल लामाले उठाएका संविधानसभाको मागलाई केन्द्रीय समितिको अत्यधिक बहुमतले अस्वीकृत गरेको थियो । *(श्याम श्रेष्ठसँगको कुराकानी)*

२०४६ सालको संयुक्त आन्दोलन सफल भएपछि पंचायतकालीन संविधान खारेज हुने भयो र नयाँ संविधान बनाउनुपर्ने भयो । त्यतिबेला नेकपा मसालले जनताको सहभागिता भएको संविधानसभाबाट नयाँ संविधान बन्नुपर्छ भन्ने माग गरेको थियो । तर त्यतिखेर उसको त्यो मागले कतैबाट पनि समर्थन पाएन र उपल्लो तहको नेतृत्वबाट गठन भएको संविधान आयोगबाटै नयाँ संविधान निर्माण भयो । त्यसलाई कालो संविधानको नाम दिएर नेकपा मसालले २०४८ साल कार्तिक २३ गते खुलामंचमा जलाएको थियो । ०४८ सालको आम निर्वाचनमा पनि यही कुरा उठाएर नेकपा मसालले आम चुनाव बहिष्कार गरेको थियो । *(चित्रबहादुर के.सी.सँगको कुराकानी)* त्यसपछि नेकपा मसालको महाधिवेशनमा मोहनविक्रम सिंहले प्रस्तुत गर्नुभएको प्रतिवेदनको तात्कालीन कार्यनीतिअन्तर्गत आन्दोलन उठाउनको लागि राखिएका मागहरूमध्ये 'संविधानसभाको चुनाव हुनुपर्छ' भन्ने एउटा माग पनि थियो । *(राजनैतिक प्रतिवेदन, छैठौं महाधिवेशन, नेकपा मसाल, पृष्ठ ४५)*

तर त्यतिबेला यो संविधानसभाको माग नेकपा मसालबाहेक कसैले उठाएको थिएन र उसले उठाएको मागमा पनि कसैले सहमति जनाएन । त्यसैले गर्दा त्यतिबेला त्यो माग त्यतिकै सेलाएर गयो । त्यो प्रखर रूपमा बाहिर आउन सकेन ।

अहिले भने संविधानसभाको माग अति नै आवश्यक र देशको परिस्थिति सुहाउँदो मागको रूपमा बाहिर आएको छ । यो मागले व्यापक समर्थन पनि पाउन थालेको छ ।

खासमा यो संविधानसभाको माग माओवादी जनयुद्धको प्रथम युद्धविरामको समयमा नेकपा एकताकेन्द्रले उठाएको थियो, जुन अहिले माओवादीले उठाएको माग हो भनेर बाहिर आइरहेको छ । माओवादीले त यो माग वार्ताको दोस्रो र तेस्रो चरणको वार्ताको बीचमा उठाएको थियो । त्यो प्रचण्डको वक्तव्यमार्फत् बाहिर आएको थियो । त्यस वक्तव्यमा संविधानसभाको विषयमा जनताको बीच जाने र छलफल गर्ने भन्ने शब्दावली थियो । *(नरहरि आचार्य, 'मूल्यांकन' मासिक, पूर्णाङ्क १०६, पृष्ठ १९)*

जेहोस्, संविधानसभाको माग जसले उठाएको भएतापनि अहिले त्यो माग समय र परिस्थितिअनुकूल भएको छ । २०४७ सालको संविधान प्राणविहीन बनेको अहिलेको समयमा संकटको समाधानको एउटा प्रमुख उपाय भनेको संविधानसभाको चुनाव नै हो । जनताको हातबाट खोसिएको संप्रभु संविधानसभाको चुनावबाटै जनताको हातमा फर्कनसक्छ । यो एउटा ऐतिहासिक माग पनि हो । ५० वर्षदेखि थाँतिरहेको संविधानसभाको चुनावको अभिभारा अहिले राजनैतिक नेताहरू र जनताको हातमा आएको छ । सबै राजनैतिक पार्टीहरू आफ्नो स्वार्थ त्यागेर सहमतिमा आए भने ००७ सालमै सम्पन्न गरी सक्नुपर्ने यो काम अहिले सम्पन्न गर्न सम्भव छ । नेताहरूले ००७ सालदेखि २०१५ सालसम्मको इतिहासबाट पाठ सिक्नु जरूरी छ । यदि त्यो इतिहासबाट पाठ सिकिएन भने देश अझै ठूलो संकटमा फस्ने निश्चित छ । ❑

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस विशेष

# फिनलैंण्डमा महिलाहरूको स्थिति

**फिनलैण्ड** एउटा संवैधानिक रुपले गणतन्त्रात्मक स्वतन्त्र मुलूक हो । यो देशको क्षेत्रफल ३,३८,००० वर्ग किलोमिटर छ र जनघनत्व प्रति वर्गकिलोमिटर १६ व्यक्ति छ । यहाँका जनताको सरदर आयु पुरुषको ७३.७ वर्ष र महिलाको ८१.० वर्ष छ । प्रतिव्यक्ति आय २४,९९६ डलर (२०००) छ । यो देश सन् १९९५ देखि यूरोपेली युनियनको सदस्य छ । अहिले फिनलैण्ड यूरोपेली युनियनको नेपालस्थित प्रवक्ता हो । त्यहाँ ७ वर्षदेखि १६ वर्ष बीचका केटाकेटीहरुको लागि अनिवार्य निःशुल्क आधारभूत शिक्षाको व्यवस्था छ । त्यहाँका आधाभन्दा बढी जनसंख्याले माध्यमिक तहको शिक्षा हासिल गरेका छन् र १३ प्रतिशत जनसंख्याले विश्वविद्यालयस्तर अथवा सो सरहको शिक्षा प्राप्त गरेका छन् । त्यहाँ स्वास्थ्य सेवा पूर्णतया निःशुल्क छ । जुनसुकै आर्थिक वा सामाजिक हैसियत र स्थानको भएता पनि निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्नु त्यहाँका नागरिकहरुको मौलिक हकको रुपमा परिभाषित गरिएको छ । त्यहाँका महिलाहरु ८५ प्रतिशत घरबाहिर काम गर्छन् र राजनैतिक जीवनमा सक्रिय छन् । त्यहाँको राष्ट्रपति एउटी महिला छिन्, उनको नाम टार्जा हालोनेन हो । २०० जना सदश्य रहने त्यहाँको संसदमा ७४ जना महिला सांसद छन् ।

नेपालमा आधारभूत तथा प्राथमिक स्वास्थ्य कार्यक्रम दोस्रोको डेढ वर्षदेखि संयोजक रहनुभएको फिनिश नागरिक पैवी अहोनेनसँग फिन्ल्याण्डका महिलाहरुको स्थितिबारेमा लिइएको अन्तरवार्ता यहाँ प्रस्तुत छ :

*- मूल्याङ्कन*



○ पैवी अहोनेन



*फिनलैण्डकी राष्ट्रपति टार्जा हालोनेन*

■ **फिनलैण्डमा महिलाहरूको सामाजिक मर्यादास्तर कस्तो छ ?**

- त्यहाँ महिलाहरूको सामाजिक मर्यादास्तर राम्रो छ । जीवन र समाजका अनेकौं क्षेत्रमा महिलाहरू सक्रिय छन् । तिनीहरू राजनीतिमा पनि सक्रिय छन्, श्रमिक जीवनमा पनि सक्रिय छन् । थुप्रै कंपनीहरूमा कंपनीका अगुवाहरू महिला छन् । फिनलैण्डको कुल श्रमशक्तिमध्ये झण्डै ५० प्रतिशत महिला श्रमशक्ति छ । फिनलैण्डको कुल व्यावसायिक र प्राविधिक श्रमिकहरूमध्ये ५६ प्रतिशत महिला छन् । पुरूषहरूसित तुलना गर्ने हो भने पुरूषको आर्थिक सक्रियता दरलाई १०० मान्दा फिनलैण्डका महिलाहरूको आर्थिक सक्रियता दर ८६ प्रतिशत छ ।

फिनलैण्डमा महिलाहरूको यो उच्च सामाजिक मर्यादास्तरको मुख्य कारण महिलाहरूको उच्च शैक्षिक स्तर हो र पुरूषहरूले पारिवारिक जीवनमा महिलाहरूलाई सहयोग गर्नु हो । त्यस्तै, घरेलु काममा पुरूषहरू पनि सहभागी हुनु हो, ता कि महिलाहरूले पनि बाहिरको काममा हात हाल्न सकून् ।

■ **शिक्षाको क्षेत्रमा त्यहाँका महिला र पुरूषहरूको बीचमा के भिन्नता छ ?**

- वास्तवमा त्यहाँ महिलाहरू पुरूषहरू सरह समान शिक्षा प्राप्त गर्छन्, तर अझै त्यस्ता क्षेत्रहरू छन्, जहाँ महिलाहरू पुरूष सरह बलवान छैनन् । फिनलैण्डमा थोरैमात्र महिला इजिनीयरहरू छन् । प्राविधिक क्षेत्रमा महिलाहरू थोरै छन् । नत्र भने औसतमा शिक्षाको क्षेत्रमा महिलाहरू पुरूषको हाराहारीमा छन् भने हुन्छ । अझ विश्वविद्यालय स्तरमा उच्च शिक्षा हासिल गर्नेहरूमा महिलाहरू पुरूषभन्दा पनि ज्यादा छन् । उच्च शिक्षा पाउने पुरूषहरू १०० मान्ने हो भने महिलाहरू १२२ छन् । यो निकै चाखलाग्दो तथ्याङ्क हो । यस्तो किन भयो, दुरूस्त कारण मलाई थाहा छैन । तर मेरो अनुमान छ, विद्यालयमा केटीहरू केटाहरूभन्दा ज्यादा इमान्दार हुन्छन् । केटाहरूको तुलनामा केटीहरू शिक्षकले अह्राएअनुसारको गृहकार्य ज्यादा गर्छन्, जबकि केटाहरू चाहिं ज्यादा बाहिर घुम्न जान मनपराउँछन् । उनीहरू खेल खेल्न, साथीहरूसित मिलेर मोजमस्ती गर्न ज्यादा मनपराउँछन् । त्यसैले उनीहरू केटीहरूको तुलनामा कम गृहकार्य गर्छन् । शायद यही कारण हुनुपर्छ उच्च शिक्षामा महिलाहरूले पुरूषहरूलाई उछिनेका छन् ।

■ **अनि माध्यामिक तहको शिक्षामा नि ?**

- माध्यामिक तहको शिक्षामा महिला र पुरूषहरू लगभग ५०/५० छन् । ठीक ठीक आँकडा बताउनु पर्दा पुरूषहरूको माध्यमिक शिक्षामा भर्ना १०० हुँदा महिलाहरूको संख्या १०१ छ । यो सन् १९९८ को तथ्याङ्क हो । फिनलैण्डका कुल युवा जनसंख्यामध्ये ६० प्रतिशत पुरूषले माध्यमिक विद्यालयबाट स्नातक गरेका छन् । महिलाहरूको त्यो आँकडा ५९ प्रतिशत छ । अर्थात् लगभग हाराहारी । प्राथमिक तहको शिक्षामा पनि केटा र केटीको अनुपात लगभग हाराहारी छ ।

■ **के फिनलैण्डमा घरधन्दामा पुरूषहरू महिलासरह भाग लिन्छन् ?**

- हो, भाग लिन्छन् । यो यस्तो कुरा हो, जसमा हामी फिनलैण्डबासीहरू गौरव गर्न सक्छौं । घरेलु धन्दामा सहभागी हुन केटाहरूलाई उनका आमा र दिदी बहिनीहरूले तालिम दिएका हुन्छन् । जब उनीहरू बिवाहित हुन्छन्, श्रीमतीहरूले घरधन्दामा भाग लिन माग गर्छन् । त्यसैले उनीहरूले नचाहेपनि घरधन्दामा भाग लिनैपर्ने हुन्छ । हाम्रो

देशमा प्रशस्त पुरूषहरू छन्, जो घरधन्दामा महिलाहरूलाई सघाउँछन् । उनीहरूमा कामको विभाजन हुन्छ । धेरैजसो बढ्ता तागत लगाएर सफाई गर्नुपर्ने काम र प्राविधिक काम पुरूषको भागमा पर्छ । बगैंचाको काम पनि ज्यादाजसो पुरूषकै भागमा पर्छ । खाना पकाउन मन लाउने पुरूषहरू पनि थुप्रै छन् । तर ज्यादाजसो भात भान्छाको काम र हल्का सफाइको काम महिलाहरूको भागमा पर्ने गर्छ ।

**■ तपाईहरूको देशमा पुरूषहरूलाई पनि सुत्केरी विदा हुन्छ रे हो ?,**

- फिनलैण्डमा पुरूषलाई पनि सुत्केरी विदा हुन्छ भन्ने कुरा सत्य हो । यो कानून पास भएको १४/१५ वर्ष भयो । शुरूमा सबै पुरूषहरूले यो विदा लिंदैनथे । तर अहिले धेरैजसोले यो विदाको मज्जा लिन थालेका छन् । पुरूषहरूले अहिले सुत्केरी श्रीमतीलाई हेरचाह गर्न, सहयोग गर्न र बच्चाको गतिविधि हेरेर मज्जा लिनको लागि सुत्केरी विदा लिन्छन् । ३/४ वर्ष अगाडिमात्रै पनि हाम्रो देशका प्रधानमन्त्रीको बच्चा जन्मेको थियो । उनले पनि १५ दिन सुत्केरी विदा लिएर घरमा बसे । त्यो कुरा पत्र-पत्रिकामा खुब प्रचार भएको थियो । त्यसबेलादेखि सुत्केरी विदा नलिने पुरूषहरूले पनि विदा लिन थालेका छन् । अहिले लगभग आधाजति पुरूषहरूले यस्तो सुत्केरी विदा लिने गरेको अनुमान छ ।

**■ पुरूषलाई कति दिन सुत्केरी विदा हुन्छ ?**

- पुरूषहरूलाई साधारणतया १४ दिन सुत्केरी विदा हुन्छ, आवश्यक परेमा १ हप्ता थप्न सकिन्छ ।

**■ महिलाहरूलाई चाहिँ कति सुत्केरी विदा हुन्छ नि ?**

- महिलाहरूलाई पुरा तलबसहित ८ देखि १० महिना लामो सुत्केरी विदा हुन्छ । तीन वर्षसम्म पनि महिलाहरूले बच्चाहरू हुर्काउन विदा पाउँछन् । १० महिनापछि साँढे एक वर्षसम्म ८० प्रतिशत तलब पाउँछन् र त्यसपछि ६० प्रतिशत हुँदै ३ वर्षसम्म विदा पाउँछन् । यसरी सुत्केरी भएपछि महिलाको नोकरी ३ वर्षसम्म सुरक्षित रहन्छ । तर यो सुविधा सबै महिलाहरूले लिंदैनन् ।

**■ सुत्केरीको बेलामा महिलाहरूले थप सुविधाहरू पनि पाउँछन् ?**

- हरेक केटाकेटीको लागि बच्चा जन्मेर १६ वर्ष नपुगेसम्म खान, लाउन र पढाउन सरकारले आमाको खातामा पैसा जम्मा गरिदिन्छ । त्यहाँभन्दा माथि उच्च शिक्षाको लागि यदि आमा बाबुहरू

## जहाँ पुरूषलाई पनि सुत्केरी विदा दिइन्छ !

गरीब छन् र, पढाइ लेखाइको लागि खर्च गर्न सक्दैनन् भने सरकारले न्यूनतम ब्याजदरमा ऋण दिन्छ । आमाबाबु नभएका केटाकेटीहरूले पनि त्यस्तो खालको ऋण पाउँछन् । यसले गर्दा फिनलैण्डमा आफूसँग केही पनि सम्पति नभएका मानिसहरूले पनि आफ्नो व्यक्तित्व निर्माण गर्न पाएका हुन्छन् । त्यसैले 'सम्पत्ति छैन पढ्न पाइएन' भन्ने समस्या हुँदैन । ऋण लिने व्यक्तिले आफ्नो अध्ययन सकेर आफूले काम गर्न थालेपछि किस्तावन्दीमा ऋण तिर्दै जानुपर्छ ।

**■ पैतृक सम्पत्तिमा महिलाहरूको अधिकार कस्तो छ ?**

- पैतृक सम्पतिमा महिला र पुरूषहरूको समान अधिकार छ । मेरा पनि बाबुको मृत्यु हुँदा ५० प्रतिशत सम्पति आमालाई बाँकी राखेर ५० प्रतिशत दिदी-बहिनी र भाइहरूमा बराबर बाँडेर लिएका थियौं । यो सम्पत्ति विहापछि पनि महिलाहरूले बराबर नै पाउँछन् ।

**■ सम्बन्ध विच्छेदपछि चाहिँ पतिबाट सम्पति पाउँछन् कि पाउँदैनन् ?**

- सम्बन्ध विच्छेदपछि महिलाले पुरूषबाट ५० प्रतिशत नै सम्पति पाउँदैनन्, केही प्रतिशतमात्र पाउँछन् । तर अहिले विहाको समयमा नै ५० प्रतिशत सम्पति पाउनु पर्ने सम्झौता गर्न थालिएको छ ।

**■ श्रीमान् श्रीमतीको बीचमा सम्पतिको अधिकार कस्तो छ ?**

- विहापछि एकअर्काको सम्पतिमाथि लोग्ने स्वास्नीको साझा अधिकार हुन्छ । विहा हुनुअघि उनीहरूको एकअर्काको सम्पतिमाथि क-कसको र के कति अधिकार हुन्छ भन्ने बारेमा उनीहरू एउटा सम्झौता गर्छन् । त्यही सम्झौता बमोजिम सम्पतिको बाँडफाँड हुन्छ । सम्झौता भएको छैन भने दुवैको सम्पतिमाथि दुवैको ५०/५० प्रतिशत हक हुन्छ ।


**■ राजनीतिमा पनि पुरूष र महिलाहरू बराबर छन् ?**

- हामी गर्वकासाथ भन्न सक्छौं- हाम्रो देशमा राजनीतिमा महिलाहरूको सहभागिता उच्च छ । संसदमा ३५ प्रतिशत महिला सांसदहरू छन् । हाम्रो देशको राष्ट्राध्यक्ष नै महिला छिन् । अहिले भरखरै हाम्रो देशमा संसदको लागि चुनाव भएको थियो । त्यसमा भाग लिने पार्टीहरूमध्ये एउटा पार्टीको अध्यक्ष महिला छिन् । यदि उनले जितिन् भने देशको प्रधानमन्त्री पदको लागि उनको

*सरकारी कार्यलयहरूमा त ज्याला तलबमा पूर्ण समानता छ । तर प्राइभेट कंपनीहरूमा विभेद अझै बाँकी छ ।*



*फिनलैण्डमा स्कूले उमेरका बच्चाहरु सबैलाई दिवा बालस्याहार केन्द्रको सेवा प्रदान गरिन्छ*



*स्थानीय अधिकारीहरु जनतालाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै*

नाम अगाडि आइरहेको छ । यदि उनले जितिन् भने फिनलैण्डकी पहिलो महिला प्रधानमन्त्री हुनेछिन् । त्यहाँको मन्त्रीपरिषदमा सरदर २५ देखि ३० प्रतिशतसम्म महिलाहरू हुने गर्छन् । सन् २००० मा हाम्रो मन्त्रिपरिषद्मा ४४ प्रतिशत मन्त्रीहरू महिला थिए । महिलाहरू राजनीतिमा आउँदा उनीहरूले विशेष गरेर सामाजिक तथा राजनैतिक मुद्दाहरूमा बढी प्राथमिकता दिन्छन् । पुरूषहरूले चाहिं प्रविधिमा बढी प्राथमिकता दिन्छन् ।

**■ त्यहाँ स्थानीय स्तरको सरकारमा महिलाहरूको सहभागिता कति छ ?**

– स्थानीय सरकारमा पनि महिलाहरूलाई पुरूषसरह सहभागी गराउन बढी प्रयत्न गरिएको छ । सन् १९८७ देखि महिलाहरूलाई पनि पुरूषसरह समान सहभागी गराउन कानून ल्याइएको थियो । यदि महिलाहरू बराबर सहभागी भएनन् भने पनि महिलाहरूलाई आरक्षणको व्यवस्था गरिएको छ । हाम्रो देशमा कुल १३ नगरपालिकाहरू छन् । सन् २००० यता नगरपालिकाहरूमा निर्वाचित जनप्रतिनिधिहरूमध्ये ३४ प्रतिशत अर्थात् एकतिहाइ महिलाहरू छन् । सन् २००० मा नगरपालिकाहरूमा एक चौथाइ अर्थात् २३ प्रतिशत महिला अध्यक्षहरू थिए र नगरपालिकाको कार्यकारी बोर्डमा ४५ प्रतिशत सदस्यहरू महिला थिए । हरेक नगरपालिकामा हुने सामाजिक र स्वास्थ्य सेवा समितिमा बहुसंख्यक अर्थात् ५०.४ प्रतिशत सदश्यहरू महिला छन् ।

**■ महिलाहर्रूलाई पुरूषसरह समान रूपमा राजनीतिमा सहभागी गराउन के उपाय गरियो ?**

– त्यहाँ महिलाहरूलाई पुरूषसरह समान रूपमा उच्च शिक्षा प्रदान गरिएको छ, बराबर अधिकार तथा अवसरहरू दिइएका छन् । त्यहाँ संयुक्त परिवारको चलन छैन । यसले गर्दा महिलाहरूले परिवारमा धेरै समय दिनु पर्दैन । बच्चाहरूलाई राम्रा राम्रा शिशु स्याहार केन्द्रमा राख्ने व्यवस्था छ । घरमा पनि श्रीमानले बच्चाहरूलाई हेरचाह गर्ने गर्छन् । त्यसले गर्दा महिलाहरूलाई राजनीतिमा लाग्न सजिलो भएको हो ।

**■ संसदमा पनि महिलाहरूको लागि आरक्षण अथवा कोटा प्रणाली छ ?**

– संसदमा छैन, जनप्रतिनिधित्व हुने कुनै तहमा पनि कोटा प्रणाली छैन । सरकारी सेवा, स्थानीय प्रशासन, विश्वविद्यालयको कर्मचारीहरूमा कोटा प्रणाली छ । सन् १९८७ देखिमात्र यो कोटासम्बन्धी कानून लागु भएको हो । पहिला कुनै पनि पदमा पुरूष र महिलाहरूले समान रूपमा प्रतिस्पर्धा गर्नुपर्थ्यो । तर महिलाहरूको लागि आरक्षणको व्यवस्था भएपछि महिलाहरूको कोटामा महिलाहरूले मात्र प्रतिस्पर्धा गर्छन् । कहिलेकाहिँ सरकारी कार्यलयहरूले कोटा प्रणाली कानूनको उलंघन गर्छन् । त्यसमा महिलाहरूको उजुरी पर्छ । लैंगिक समानतासम्बन्धी सरकारी अड्डाले यो उजुरीको छानवीन गर्छ । सन् १९८७ देखि यस्तो अड्डा सरकार अन्तरगत नै खुलेको छ । त्यस अड्डाले छानवीन गर्दा साँच्चै नै कानूनको उलंघन भएको हो भने त्यही अनुसारको फैसला हुन्छ । यसरी संघर्ष र बहस जारी छ हाम्रो देशमा ।

**■ महिला र पुरूषको तलब र ज्याला कतिको समान छ ?**

– सरकारी कार्यलयहरूमा त ज्याला तलबमा पूर्ण समानता छ । तर प्राइभेट कंपनीहरूमा विभेद अझै बाँकी छ । त्यो विभेदको हिसाव गर्दा पुरूषको १०० ज्याला बराबर महिलाले ७० पाउँछन् । यस सम्बन्धमा महिलाले उजुरी गर्न पाउँछन् । लैंगिक समानतासम्बन्धी सरकारी अड्डाले उजुरीको छानवीन गर्छ । थुप्रै उजुरी पर्ने गर्छ । त्यसमाथि कानूनी कार्वाही पनि हुन्छ, किनकि कानूनतः हाम्रो देशमा सबैतिर समान कामको लागि समान ज्याला हुनैपर्छ ।

**■ महिलाहरू गर्भिणी हुन्छन्, बच्चा पाउँछन्, त्यसैले महिलालाई सकेसम्म काममा राख्नुहुन्न भन्ने प्रवृत्ति कतिको छ नि ?**

– त्यस्तो प्रवृत्ति बाँकी छ । तर कानूनले त्यो आधारमा विभेद गर्न कडा प्रतिबन्ध लगाएको छ । कानूनअनुसार कुनै पनि कंपनीले कुनै पनि महिलालाई काममा लाउनका लागि लिने अन्तरवार्तामा समेत महिलाको पारिवारिक स्थिति बारे सोध्न पाउँदैन । विवाहित हो कि होइन ? कतिवटा बच्चा छन् ? बच्चा कत्रा छन् ? यस्तो कुनै पनि प्रश्न अन्तर्वार्ताको सिलसिलामा सोध्न पाइदैन । तैपनि कतिपयले कानून नाघेर सोध्छन् । उजुरी पर्‍यो भने कंपनीको बेइज्जती भएको ठानिन्छ । □


फागुनदेखि वैशाखसम्मको समय हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराख्ने, केटाकेटीहरूलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरूबारे संझाईबुझाई गर्ने र यस्ता कुराहरूबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

**श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय**

**सूचना विभाग**

***कवि श्यामल** यस वर्षको हृदयचन्द्र सम्मानबाट सम्मानित स्रष्टा हुनुहुन्छ । प्रगतिशील साहित्यका धरोहर हृदयचन्द्र सिंह प्रधानको सम्झनामा स्थापित उक्त सम्मान काठमाण्डौ, बौद्ध, रामहिटीस्थित साहित्य सदनले अर्पण गर्दछ । यसअघि प्रसिद्ध साहित्यकार शान्तदास मानन्धरलाई उक्त सम्मान अर्पण गरिएको थियो । यसपाली चाहिँ नेपाली कविताको क्षेत्रमा विचार र कलाको विशिष्ट संयोजन गर्ने समकालीन हस्ताक्षर श्यामलले त्यो सौभाग्य पाउनुभएको छ ।*

*यही चैत्र १ गते कानपा-६ रामहिटी स्थित साहित्य सदनको प्राङ्गणमा आयोजित हृदयचन्द्र जयन्ती समारोहमा प्रमुख अतिथि कवि माधव घिमिरेले श्यामलाई उक्त सम्मान अर्पण गर्नुभएको थियो । उक्त समारोहमा श्यामलको स्रष्टा व्यक्तित्वबारे साहित्यकार खगेन्द्र संग्रौलाले विस्तारपूर्वक बोल्नुभएको थियो । त्यस्तै वरिष्ठ साहित्यकारहरू आनन्ददेव भट्ट, डा. केशवप्रसाद उपाध्यय, पूर्ण प्रकाश नेपाल यात्री आदिले श्यामलका काव्यात्मक विशेषताहरूबारे चर्चा गर्नुभएको थियो । सम्मानित स्रष्टा श्यामलले उक्त अवसरमा आफ्ना प्रतिनिधि कविताहरू वाचन गर्नुभएको थियो । यहाँ उहाँका तिनै कविताहरूमध्ये एउटा अप्रकाशित कविता प्रस्तुत गरिएको छ ।- सं.)*



# लुतो

श्यामल

बस्, यौटै कुरामा छ आनन्द
कन्याइरहनुमा
कविता, कथा र चित्र लेख्ने औंलाहरूले
फगत् आङ कन्याइरहनुमा
विद्रोहमा उचालिने हातहरूले
आफ्नै शरीरका कापहरूमा
चलाइरहनुमा ।

लुतो लागेपछि
हराउँछ सोच र दृष्टि
आफ्नै अगाडि भएको व्यभिचार
व्यभिचार हुँदैन
आफैंमाथिको अत्याचार
अत्याचार हुँदैन
मानिस व्यस्त हुन्छ बिर्सेर यावत् कुरा
विचार, स्मृति, बहस
र वरिपरिको दुनियाँको कुरा
बस् यौटै हुन्छ आनन्दको स्रोत
आफ्नै जीउ कन्याइरहनुमा ।

लुतो लागेपछि केवल लुतो लाग्छ
आमा बाबु र छरछिमेकको माया लाग्दैन
जब लाग्छ लुतो कसैलाई
बाँदरलाई घाउ लागेजस्तो
ऊ बिर्सन्छ बाल्यकालका स्मृतिहरू
आफ्नो छानामाथि लाग्ने घामको ताप
वा आफ्नी आमाको चौबन्दीमा
मग्मगाउने दूधको सुगन्ध
सबै बिर्सन्छ लुतोग्रस्त मानिस
र एउटै कुरामा व्यस्त हुन्छ
आङ कन्याइरहनुमा ।

लुतो एक विचार रहेछ
मानिसलाई विचारशून्य बनाउने
आद्यविम्बसहितको उत्तर आधुनिक विचार
रोग र औषधि दुवै बेच्ने
नाफाखोर बजारजस्तो लुतो
जहाँ रहँदैन मानिस मानिसभैं
बस्, कन्याइरहन्छ आफ्नो आङ
तृप्त आनन्दविमोर र विल्कुल एक्लो
मजा लिइरहन्छ
आफ्नो आङ कन्याइरहनुमा । ❑



# शोक र शक्ति

सुकुम शर्मा

बाबाको मृत्युको
खबर सुनेपछि,
भाइले
बाबाको,
अस्मानी खैरो लुगामा
कट्कटिएको रगत हेर्दै
'त्यहाँ लेखिएको
देश पढ्छु' भन्यो !
बैनीले
बाबाको
काँधको झोलामा
बाबाले बोकेको
बाबाले सँगालेको
'सपना र देश बोक्छु' भनिन् !
अनि -
आमाको हुङ्कार थियो -
"मेरा लोग्नेलाई झैं मार्ने
तिमीहरूका बाबालाई मार्ने
आमाहरूलाई बलात्कार गर्ने
छोरा छोरीका सपना कुल्चने
अत्याचारलाई निमास्सै पार्न
अब हिंड्छु-
मेरा लोग्नेका बाटामा !"
त्यसपछि -
शोकका आँसु पुछेर
मेरो मन
भाइसित बोल्छ
बैनीसित बोल्छ
आमासित बोल्छ
र, अठोट भएर
साटिन्छ- जनशक्तिमा !
अहो !
कति मायालु छन् भने
मेरो गाउँलेहरू-
"हाम्रो साथीलाई मार्ने
अत्याचारलाई मास्न
हाम्रा हातहरू उठेका छन् !"
हो, यसरी नै
निर्माण हुने रहेछन् मनहरू
अर्थात्
व्यक्तिमनहरू साटिने रहेछन्
वर्गीय मनहरूमा ! ❑

नव वर्ष २०६० सालको
उपलक्ष्यमा सम्पूर्ण
नगरवासी तथा देशवासीमा
**हार्दिक मंगलमय**
**शुभकामना**
व्यक्त गर्दछौं ।

**सुदर्शनप्रसाद ढकाल**
**प्रमुख एवं सचिव**
***हेटौंडा नगरपालिका परिवार***

झिना-मसिना किरा-फट्याङ्ग्रा सिबाय पेट पुस्टिएर मन सन्तुष्ट हुने गरी उसले खान नपाएको एक साता भइसकेको थियो । त्यसैले आहारको उग्र तृष्णाले स्याल ढलुँला कि, ढलुँला कि हुने गरी रन्थनिएको थियो । खानकै लागि पाएको एकबारको जुनीमा खाने ध्याउन्नादेखि पर केही नगर्दा पनि भोकले सताएको बेलामा उसलाई खानकै दुःख थियो । र, अहिले खानको दुःखसँग उसलाई चल्नु जङ चलेर आयो । अन्धकार औंसीको सघन सन्नाटामा मान्छेको बस्तीदेखि अलिमाथि तलमाथि फाट्टफुट्ट रूख र घना भ्यास-झाडी भएको सडकैसडक ऊ आफ्नो थकित ज्यानलाई बोकेर भारी पाइला चाल्दै लुखुर-लुखुर हिँडिरहेको थियो । गन्तव्य कहाँ हो र फलप्राप्ति के हुने हो ऊ एकदमै अनशिचत थियो ।



○ खगेन्द्र संग्रौला

# चिहानबाट स्यालको घोषणा



तैपनि जाँदाजाँदा कहीं न कहीं पुगिएला र केही न केही फेला पर्ला भन्ने अमूर्त आशालाई अघि लगाएर त्यही आशाको अभिन्न छायाँभैँ भएर ऊ सुस्त गतिमा तर निरन्तर गतिमान थियो ।

हावाको आडमा सवार भएर उसको नाकलाई स्पर्श गर्न केही चीज आइलाग्यो । घ्राणशक्ति तीक्ष्ण भएको स्यालले तत्क्षण चाल पाइहाल्यो- यो शिकारको गन्ध हो । के को शिकार ? समृद्ध अनुभवबाट आर्जन गरिएको गन्धको विविधता चाल पाउने उसको पारखी नाकले यो नरमांसको गन्ध हो भनी सहजै लख काट्यो । उसको खरिएको जिब्रो अनायासै रसायो । उसको हतास हृदयमा जीवनदायी आशाका सहस्र द्वारहरू खुले र जोश तथा उमङ्गले ऊ लक्का जवानसरह भयो । गन्धको गाढापना जतिजति बढ्दै गयो, उसको हिँडाइको चालमा उतिउति तीव्रता आयो ।

जाँदाजाँदै ऊ त्यहाँ पुग्यो, जहाँ सडकमुनि एउटा चिहान थियो । उसलाई चिहानमाथि पुच्छर डोलाउँदै र कम्मर मर्काउँदै उमङ्गका पखेटा फर्फराएर एक चरण नाचूँ-नाचूँ लाग्यो । उसको प्रचलित शैलीअनुसार चिहानको लम्बाइको यो छेउदेखि ऊ छेउसम्म खोस्रिँदै ऊ फुर्तिसाथ पन्जा जोतेर माटो पन्छाउन थाल्यो । चिहान आलै थियो, माटो बसेर त्यो अह्रो हुन पाएको थिएन । खोस्रिने क्रममा उसले सम्भ्यो- ढुङ्गाको चाङ अग्लो भए लक्ष्य भेदन गर्न गाह्रो पर्ला । तर केही छैन, पहरै भए पनि म भत्काएरै छाड्ने छु ! आखिर नरमांस सहज रूपले सुलभ भोजन कहाँ हो र ?

तर सनातन अनुभवको ऐनामा हेर्दा आज बडो आश्चर्य भयो ! एक फिटजति माटो उधिन्दा नउधिन्दै लास त सर्लक्कै देखिई पो हाल्यो । मान्छे जातको सनातन रीत बमोजिम लासको रक्षार्थ सदाभैँ त्यसमाथि ढुङ्गा ओछ्याइएका रहेनछन् । स्यालले प्रसन्न मुद्रामा मान्छेको बेहोसीपना अथवा उसको रीत परिवर्तनप्रति कृतज्ञता ज्ञापन गऱ्यो । कारण जेसुकै होस्, क्षुधा-पीडित स्यालको मर्का बुझिदिने मनुष्यको सतत जय होस् !

तर दुर्भाग्यवश उसको हर्षोल्लासको आयु लामो हुन पाएन । त्यो त उत्निखेरै सघन उदासीमा पो परिणत भइहाल्यो । स्यालले विस्मयको भाव छताछुल्ल भरिएका आँखाले देख्यो - चिहानमा एउटा लासमाथि अर्को लास खप्टिएको छ । र, ती दुई लासको दिशा र अवस्था वीभत्स छ । उत्तानो परेको पुरूषको लासमाथि महिलाको लास घोप्टिएको छ । पुरूषको लिङ्ग महिलाको मुखमा टाँसिएको छ र पुरूषको अनुहारचाहिँ महिलाको योनिमाथि अवस्थित छ । अनौठो दृश्य, स्यालले आँखा चिम्लँदै ओठ टोकेर गम खायो । मान्छे जातले पितापुर्खाका पालादेखि मानील्याएको संस्कारभन्दा एकदमै उल्टो । स्याल निकै बुझक्कड मुद्रामा घोत्लियो- के मानव बस्तीमा यो पुरानो संस्कारको परित्याग र नयाँ संस्कारको प्रारम्भ होला त ?

त्यो दृश्य अपलक हेरिरहेका उसका उदास आँखा त्यसमा टिक्न नसकेर विचलित भए । उसलाई भित्रैदेखि त्यसैत्यसै दिगमिग लागेर आयो । कति वीभत्स ! स्यालले सोच्यो- सभ्य हुँ भनेर दम्भ प्रदर्शन गर्ने मान्छे साँच्ची नै बौलाएछ कि क्या हो ? उद्विग्न मुद्रामा पन्जामा च्यूँडो अड्याएर ऊ झोक्राउन थाल्यो ।

"श्रृङ्गाल, विलम्ब किन ?" कसैले कतै शून्यबाट सोध्यो ।

कसको सोधाइ होला यो ? स्यालले सतर्क हुँदै मुन्टो उठायो । उसले देख्यो- एउटा विशाल वृक्ष उसलाई छुनछुन खोज्दै उसमाथि झुकेको छ ।

"हजूर कसमा ?" बडो औपचारिक भाव-मुद्रामा स्यालले झुक्नेको परिचय माग्यो ।

"आगन्तुक श्रृङ्गाल, मेरो वृक्ष प्रजातिमा नाम राख्ने प्रचलन छैन ।" प्रत्युत्तरमा वृक्षले भन्यो, "मेरो दृष्टिमा म फगत एउटा साधारण वृक्ष हुँ । तर जेको पनि नाम राख्न अग्रसर हुने मान्छे जातले मेरो नाम खिर्रो राखिदिएको छ ।"

"खिर्रो महोदय," स्यालको खिन्न र क्षुब्ध स्वर खिर्राका जिज्ञासु कान स्पर्श गर्न पुग्यो, "मैले जे देखेँ, त्यो देखेर मलाई आज कत्रा दुःखले फेला पारेको भोजन गर्न पनि दिगमिग लागेर आयो । यो जघन्य कृत्य कसरी हुनगयो म कल्पना गर्न पनि सक्दिनँ ।"

"नवपरिचित मित्र श्रृङ्गाल," विनयशील भाकामा खिर्राले फर्मायो, "यो कसरी भयो मलाई सब थाहा छ । घटनाक्रम आदिदेखि अन्त्यसम्म देख्ने साक्षी म हजूरसमक्ष यहाँ जिउँदै झुकेको छु ।"

स्यालले मुन्टो उठाएर खिर्रालाई सूक्ष्म दृष्टिले अवलोकन गऱ्यो । उसको पनि मुद्रा उसको जस्तै उदास थियो ।

"खिर्रो महोदय," विनीत भावमा स्यालले जिज्ञासा प्रकट गऱ्यो, "हजूरको कृपा भएमा के त्यो क्रूर कथा म सुन्न पाउँला ?"

"अवश्य ।" प्रत्युत्तरमा खिर्राले भन्यो । अनि ख्वाक्क खोकेर गलो सफा गर्दै ऊ अनन्त ब्यथायुक्त त्यो कथा कहन थाल्यो ।

"हिजैको कुरा हो । अस्ताउँदो मलीन घामका पहेँला किरणहरू हेर्दै म डिलमाथि चुपचाप उभिएको थिएँ । तल सडकमा हठात् मेरा जरासमेत खल्बलिने गरी

कुनै चीजको विस्फोटन भयो ।"

"हँ, विस्फोटन ?"

"ज्यू, भयानक विस्फोटन ।"

"अनि विस्फोटनपछि के भयो त, मित्र ?"

"धुवाँ केही पातलो भएपछि मैले देखें – चारैतिर मानिसको देहका चोक्टालाम्टा छरिएका छन् । सडक रक्ताम्मे छ ।"

"खिर्रो महोदय, ती जो जीवन चोइटिएर चोक्टालाम्टा भए ती को थिए हुनन् ?"

"ती बाघछापे बर्दीमा आएका फौजीहरू थिए । भाग्यवश जोगिएर भाग्नेहरूलाई देखेर मैले यो कुरा चाल पाएको हुँ ।"

"मित्र खिर्रो, के यी दुई लास तिनैका हुन् त ?"

"न, न ।" खिर्रोले नकार्‍यो । "यिनको कथा अर्कै छ ।"

"महोदय, मेरा यी व्याकुल कानले त्यो अर्को कथा सुन्न पाएहुँदी...."

"ठीक छ, यहाँलाई म बिस्तारै सविस्तार निवेदन गरूँला ।" खिर्रो अलिबेर अडियो । अनि प्रत्यक्ष साक्षीको गलोबाट ऊ त्यो अर्को कथा सुनाउन थाल्यो, "विस्फोटन भएको अलिबेरपछि बाघछापे बर्दीधारीहरूको एउटा भुण्ड आइपुग्यो । त्यसले पहिले मर्नेहरूका चोक्टालाम्टा बटुल्यो र त्यो सङ्कलनलाई वाहनमा राखेर कतै चलान गर्‍यो ।"

"अनि त्यसपछि ?"

"अनि त्यसपछि त्यो भुण्ड विस्फोटन गराउनेहरूलाई खोज्ने अभियानमा चारै दिशामा डट्यो ।"

"कोही फेला पर्‍यो त, मित्र खिर्रो ?"

"म भन्दैछु श्रृङ्गाल, कृपया धैर्य गरेर सुन्नुस् ।"

"ज्यू-ज्यू ।"

"अनि शब्दमा वर्णन गर्नै नसकिने अनिष्ट उल्का मैले देख्नुपर्‍यो ।"

"जे देखियो त्यो के देखियो, महोदय ?"

"ऊः त्यहाँ माथि पाखामा त्यो भिरालो-भिरालो परेको कालो ढुङ्गो छ नि, त्यो देख्नु भो ?"

"हजूर, देखें ।"

"हो, त्यो ढुङ्गोमा एकजना घाँसी ठिटो घाँसको भारी बाँधेर मग्नसँग दिसा गर्दै थियो ।"

"बन्धु, के भयो त त्यस दिसा गर्नेलाई ?" स्यालको अधीर स्वर हावामा तरङ्गियो ।

"ऊ गोलीले मारियो ।"

"हँ, दिसा गर्ने घाँसी गोलीले मारियो ?"

"मारियो ।"

"कुराको जरो उधिनेर मलाई बताउन सक्नुहुन्छ मित्र, ऊ कति कारणले कसरी मारियो ?"

खिर्रोले लामो सुस्केरा हाल्यो । अनि शोकमग्नभैँ ध्वनित हुने स्वरमा ऊ भन्न थाल्यो । "म तलबाट हेरिरहेको छु, ऊ मग्नसँग माथि दिसा गरिरहेको छ । उसलाई केहीको चिन्ता छैन, केहीको भय छैन । ऊ पूर्ण निश्चिन्त छ, दिसाको लयमा ऊ त्यसैत्यसै आनन्दित छ ।"

"तैपनि ऊ मारियो !"

"त्यै त म भन्दै छु अतिथि महोदय ।" खिर्रोले माथिको त्यो कालो ढुङ्गोमा खिन्न दृष्टि स्थिर गराउँदै भन्यो, "बाघे बर्दी लाउनेहरूले तलबाट उसलाई आवाज दिए तर उसले सुनेन । अनि तलबाट उसलाई ताकेर, बत्ताएर ढुङ्गो हाने । ढुङ्गो भण्डैले उसको चल्ली छोएर उसको पछाडि बज्रिन पुग्यो । तर्सिएको घाँसीले तल हेर्‍यो । तलकाले उसलाई इशाराले तल डाके । गोलीको भयले इशाराको अवज्ञा गर्दै नाइँ नाइँको भावमा उसले हात हल्लायो । मैले आँखा झिमिक्क पार्न पाएको थिइनँ, ऊ त गोली गालेर ढुङ्गाबाट मुन्टिएर गुँडुल्टिँदै, छट्पटाउँदै, रगतको भल बगाउँदै पाखैपाखा तल भरेको पो देख्नुपर्‍यो ।"

"आतिथेय मित्र खिर्रो, के यो चिहानको पुरूष पात्र त्यही हो त ?"

"हजूर, कुरो सही हो, यो त्यही हो ।"

"उसोभए विस्फोटन गराउने यही थियो, कसो ?"

"असम्भव ।" खिर्रोले हत्तपत्त नकार्‍यो ।

"तर बन्धु, यो मारियो नि !"

"श्रृङ्गाल महोदय, आखिर अनर्थ त्यसैमा त छ ।"

"त्यसैमा भन्नुको तात्पर्य ?"

"मेरो अनुमान के छ भने, आगन्तुक मित्र, कान सुन्नेजति घाँसे-दाउरेहरू विस्फोटनको आवज सुनेर ज्यान जोगाउ अभियानमा डटे हुनन् । यो अभागी बहिरो थियो, यो बेखबर भएर त्यत्तिकै आफ्नै धूनमा काल कुरेर दिसा गर्न बस्यो ।"

"उसोभए बहिरो हुनु नै यसको मारिनुपर्ने अपराध भयो, हैन त बन्धु ?"

"म अनुमान गर्छु श्रृङ्गाल, सत्य त्यही हो ।"

स्यालले सन्तापपूर्ण सुस्केरा हाल्यो र भन्यो, "यहाँको अनुमान सुनेर मलाई भन्न मनलाग्यो वृक्ष मित्र- बस्तीको दोपाया जन्तु खसोखास बौलायो !"

"कुरा ठिकै हो । मलाई पनि मौकामा भन्न मन लाग्यो मित्र श्रृङ्गाल- हजूरका मुखबाट एउटा कटु सत्य बोलियो ।"

"अँ, यो त भयो पुरूषको मर्मान्तिक कथा ।" यति भनेर स्यालले चिहानको दारूण दृश्य पुलुक्क हेर्‍यो, अनि भटपट आँखा खिर्रोतिर मोडेर उसले उत्सुकताको अर्को पर्दा उघार्‍यो, "सत्यवादी वृक्ष, अनि चिहानकी यो महिलाको कथा नि ?"

"त्यो पनि देख्ने साक्षी म छु ।" गलोभित्र दबिएको धोद्रेधोद्रे स्वरमा खिर्रोले दोस्रो कथाको रहस्योद्घाटन गर्‍यो । "मित्र, अग्लो ठाउँमा हुनुका आफ्नै फाइदा छन् । म यो ढिस्कोमाथि उभिएर आफ्नो सेरोफेरोमा घट्ने यावत् घटनाहरू देख्न सक्छु । अँ...."

"त्यो त बुझेँ, खिर्रो महोदय ।" बीचैमा हस्तक्षेप गर्दै स्यालले व्यग्र खुल्दुली पोख्यो, "तर यो महिला जो मारिई, आखिर योचाहिँ कसरी मारिई नि ?"

"हो, कथाको गोरेटोमा म त्यतै त जाँदै थिएँ ।" बीचैमा व्यवधान गरेकोमा नजानिदो असप्रसन्नता व्यक्त गर्दै खिर्रोले कथाको तन्तुलाई तन्कायो । "माथिबाट म हेर्दैछु, तल, यो भाडीको ठिक मुन्तिर एउटी किसान तरूनी डोकामा गाग्री बोकेर पानी भर्न खाली खुट्टा कुवातिर लम्किँदै छे । दुईजना बर्दीधारी जबानले उसलाई बाटामै छेकेर सोधे, 'कोही यता भागेको देख्यौ ?' 'खै, मैले त देखिनँ,' आतङ्क ध्वनित हुने अबोध स्वरमा उसले भनी । 'कुरा चपा'र बोल्छेस् रण्डी ?' तिनले उसित बित्थामा अत्तो थापे । 'देख्नु न जान्नु मैले अरू के भन्नु त नि ?' उसले सोभो कुरो सोभो भाकामा प्रकट गरी । त्यसपछि एकाएक रनवनै आहत हुने गरी, आकाश सहस्र चिरा पर्ने गरी उसले चिच्याएको मैले सुनें । आँखा झिमिक्क पारेर यसो हेर्छु त ऊ त्यहाँ छैन, केवल भाडीभित्रबाट उठेको हृदय विदारक चित्कार मात्र सुनिन्छ । 'गुहार-गुहार' भनेजस्तो, 'मारे-मारे' भनेजस्तो । मैले सुन्दासुन्दै त्यो असहाय आर्त स्वर मलीन हुँदै, ओइलाउँदै र मर्दै गयो, र अन्त्यमा त्यो त्यतै कतै बिलायो ।"

*'कोही यता भागेको देख्यौ ?' 'खै, मैले त देखिनँ,' आतङ्क ध्वनित हुने अबोध स्वरमा उसले भनी । 'कुरा चपा'र बोल्छेस् रण्डी ?' तिनले उसित बित्थामा अत्तो थापे ।*

"उसोभए उसलाई पनि त्यहीँ मारे, हैन के ?" न्यायोचित रोषका साथ स्यालले प्रश्न गर्‍यो ।

"मित्र श्रृङ्गाल, कथामा म त्यहाँनेर पुग्नै लाग्या छु ।"

"अनि ?"

"अनि केहीबेरपछि त्यो किसान तरूनी थर्मराउँदै, घरिघरि असन्तुलित हातले भुइँ टेक्दै बाटामा निस्किई । हे भगवान्, त्यसको त्यो रूप ! त्यसको त्यो दशा ! मेरा संवेदनशील नवागन्तुक मित्र समक्ष म त्यसको बयान कसरी गरूँ ?"

"गरूँ, प्रत्यक्षदर्शी मित्र, म त्यो सुन्न व्यग्र छु ।"

"श्रृङ्गाल बन्धु, त्यो किसान तरूनी

सर्वाङ्ग नाङ्गै थिई । उसको जीउभरि चोटपटकहरूको हेरिनसक्नु जन्जाल थियो । उसको कटीनिरबाट बगेको रगत उसका पिंडुला छिचोल्दै कुर्कुच्चाबाट भुइँमा तप्तप्-तप्तप् चुहिरहेको थियो । ऊ सुँक्कसुँक्क गर्दै आफ्नै लास बोकेर हिंडेझैं सुस्त, एकदमै सुस्त चालमा घिसारिइरहेकी रिई । ती दुई बर्दीधारी बाटाको छेउमा उभिएर बडो सन्तुष्ट मुद्रामा ऊ गएको हेरिरहेका थिए ।"

"जे होस्, ऊ बाँचेर गई ।" स्यालले खिन्नताको बीचमा शान्त्वना खोज्दै किञ्चित् चैनको सुस्केरा हालेर भन्यो ।

"अतिथि श्रृङ्गाल, दुर्भाग्यवश कथाको अन्त्य त्यति सुखद् रहेन ।"

"खिर्रो महोदय, त्यस दुखद् कथामा के छ, त्यो पनि जनी गरेर मलाई...."

"बर्दीधारीले सशङ्कित हुँदै साउतीको भाकामा सल्लाह गरे- 'यसलाई जिउँदै छाड्ने हो भने यसले गाउँभरि हुइँयाँ पिट्छे । त्यसकारण यसलाई यहीं टिक् मार्नुपर्छ । त्यसोभए हामीलाई अपगाल पनि पर्दैन, हाम्रो कोटा पनि बढ्छ ।'" यति भनेर खिर्रो मौन भयो ।

"विशालकाय मित्र, कथा सकियो ?"

"श्रृङ्गाल, यो कथा सकिँदा उसको एकबारको जुनी पनि सकिने छ ।" यति भनेर उसले हृदयविदारक सुस्केरा हाल्यो ।

"त्यसउप्रान्त के भो त, वनस्पति मित्र ?"

"अनि ऊ ढली र ऊ त्यहीं सकिई ।" खिर्राले आँसु पुछ्यो ।

"दोपाया जातको कथित सभ्यताको छलकारी आवरणभित्र यो कत्रो बर्बरता !" स्यालले उच्च आगेवसाथ रोष प्रकट गऱ्यो । "कल्पना गर्नुस्त आतिथेय मित्र, मानवको आडम्बरी कायाभित्र लुकिबसेको पाषाणहृदयी दानवले बाहेक अरू कसले यस्तो नीच कृत्य गर्नसक्छ ?"

"इष्ट श्रृङ्गाल, त्यो सत्य हो- कसैले सक्दैन ।"

उद्विग्न मुद्रामा बिदा हुन खोज्दै स्यालले भन्यो, "यो विदीर्ण कथा अब टुङ्गियो, कसो ?"

"न, न, कथा बाँकी छ ।"

"बाँकी कथामा कुनै सुखद् दृश्य हुँदो हो कि, वनस्पति महोदय ?"

"आदरणीय श्रृङ्गाल, यो बडो दुःखको कुरा हो, कथाको शेषांश झन् भयावह छ ।"

"त्यस भयावह शेषांशमा आखिर के छ ?"

"त्यसमा त बन्धु, क्रूरताको पराकाष्टा नै छ ।"

"मित्रलाई झिझ्याट लाग्दैन भने तै तै त्यो पनि म किन नसुनूं ?"

"अतिथि सामु मैले निवेदन गरिहालें- सामूहिक बलात्कारपछि किसान तरूनी मारिई ।"

"हो, त्यो त मलाई ज्ञात भइनै सक्यो । तत्पश्चात् ?"

"तत्पश्चात् उनै बलात्कारीका हातबाट उसका दुबै स्तन छ्याकछ्याक् काटिए ।"

"हो र ?" स्याल झस्क्यो । "पहिले बलात्कार, अनि हत्या, अनि त्यसपछि स्तन.......? सभ्य हुँ भनी मिथ्याभिमान गर्ने मान्छेको संसारमा यहाँसम्मको अपराध हुन सम्भव छ ?"

"मित्र श्रृङ्गाल, प्रत्यक्ष देखीजान्ने साक्षी म बोलिरहेको छु ।"

"दोपाया दानवको सत्यानाश होस् !" क्रोधको चोमोलोङ्मोको चुली टेकेर स्यालले कम्पित स्वरमा नारा लगायो । अनि पलभरको सन्नाटापछि उसले थप्यो, "यो आमाको हत्या हो, म भन्छु- इतिहासभरिको यो क्रूरतम हत्या हो ।"

कथा तुरियो । दुई नवपरिचित मित्रले देपायाकै हातबाट त्यसरी हत्या गरिएका ती दुई निर्दोष दोपायाको स्मृतिमा निकैबेर नतमस्त मुद्रामा मौन धारण गरे ।

अनि औंसीको मध्य रातको घोर सन्नाटा भङ्ग गर्दै स्यालले मुख फोऱ्यो, "मान्छे उपहासको अर्थमा मेरा आफन्त जाति-प्रजातिहरूलाई पशु भनेर पुकार्छ । तर म उद्घोष गर्छु मित्र- पशुहरूमध्ये सबैभन्दा निकृष्ट पशु त मानिस आफैं हो । के यस कुरालाई पुष्टि गर्न यी दुई हत्याको अतिरिक्त तेस्रो उदाहरण जरूरी छ र ?"

"छैन, किमार्थ छैन ।" खिर्राले शीघ्र सहमति जनायो । अनि अलिबेर गम खाएर उसले भन्यो, "मान्छे छुसी आफूलाई उच्च र हामीलाई तुच्छ ठान्छ । मेरै वनस्पति प्रजातिका कुरा गरौं न । एक घातक वृक्षको कोटीमा राखेर उसले मेरो प्रजातिको अखण्ड बद्नाम गरिआएको छ । मेरो चोप विषालु छ रे । म काठमध्येको हद नालायक कुकाठ हुँ रे । जसको समुदायमा नैतिक मूल्यको अर्थै छैन, उसमाथि यसरी आफ्नो आडम्बरी नैतिक मूल्य किन थोपर्नु ? मेरो चोप मेरो जीवनीरस हो । खुरूखुरू अफ्नो बाटो हिंड्नु, अरूलाई अनाहकमा दोष किन दिनु ? त्यसैले म त भन्छु अतिथि मित्र, जगत्भरिका तुच्छहरूमध्येको महातुच्छ उही हो- उही दोपाया मान्छे ।"

"म मनन गर्छु, यहाँको लेक्चरमा केही न केही दम छ ।" स्यालले भन्यो ।

"कुरो यत्तिकैमा टुङ्गिदैन, महोदय ।" आफूले भनेका कुरा सुन्नेले बडो ध्यानपूर्वक सुनेको देखेर उत्साहित भएको खिर्रोले संवादको लचकदार लहरो तन्कायो । "आफूलाई उदार ठान्ने यो मान्छे यथार्थमा लोभको पुरिया हो ।"

"'लोभको पुरिया...'" स्यालले उसको वचन यथावत् दोहोऱ्यायो । "तर यस कथनको पुष्टि कुन तथ्यले गरिँदो हो, प्रिय मित्र ?"

"तथ्य एक होइन, बन्धु, सहस्र छन् ।" खिर्राले बडो जानिफकार मुद्रामा भन्यो । "उदाहरणका लागि फेरि पनि मेरै कुरा गरौं न । मैले चाहेको भए आफ्ना हाँगाबिंगा फैलाउँदै, सतत झ्याङ्गिदै म यो समस्त पाखो नै ढाकिदिन सक्दो हुँ । तर मैले त्यसो गरिनँ । अरू बोट-बृक्षादिलाई, ती मेरा सह-प्रजातिहरूलाई पनि त आ-आफ्नो अस्तित्व उभ्याउने ठाउँ चाहिन्छ । तर आफूलाई उदारमति भनेर अहोरात्र धाक लगाउने मान्छेको आचरण हेर्नुस्त, इष्ट । त्यो कतिबिधि लोभी छ भने उसको लागेपुगेदेखि आफूले टेकेजति सारा भूमिलाई उसले आफ्नो र आफ्नो मात्र बनाउँथ्यो ।"

"हो, टेकेको भूमि...." स्यालले खिर्राको भनाइलाई टेको लगाउँदै भन्यो, "टेकेको भूमिका कुरा उठ्दा मलाई पनि केही भन्न खसखस लागेर आयो । त्यो के हो भने मित्र, जुनबेला मेरा चार पाउमुनि जति जमिन ओगटिन्छ त्यो बेला त्यति जमिन मेरो हो । जब मेरा पाइला अघि बढ्छन्, त्यो जमिन पछाडि छुट्छ, र त्यो मेरो रहँदैन । छुटोस्, यसमा मलाई लेस मात्र पनि पश्चात्ताप छैन । तर मान्छे ! त्यस लम्पटका के कुरा गर्नु ? त्यो त एकएक इन्च जमिनका लागि ऱ्याल चुहाउँदै आफ्नै सहोदर बन्धुका शिरमाथि समेत बन्चरो बजार्छ ।"

खिर्रो मौन भयो । आफ्नो गहन कथनप्रति उसले के प्रतिक्रिया गर्ला भनेर निकैबेर प्रतिक्षा गरेपछि स्याल स्वयंले सन्नाटा भङ्ग गऱ्यो, "मित्र, के यो दीर्घ मौनतालाई म हाम्रो संवादको मध्यान्तर भनेर बुझूँ ?"

"न, न, निशाचर मित्र," खिर्राका स्थिर ओठ गतिमान भए । "म त बिरल संयोगले आफू परिचित हुन पाएका न्यायपरायण मित्रको बुद्धिमत्ता र वाक्चातुर्य उपर गम पो खाँदै थिएँ ।"

आफूमाथि त्यसरी प्रशंसाको पुष्पवृष्टि भएको देखेर स्याल किञ्चित फुर्कियो । अनि तीव्र आवेगले उचालिएको स्वरमा उसले भन्यो, "बाफ रे बाफ, बलात्कार ! दोपाया दानव जगत्को यो कति नीचतम कृत्य हो यसो कल्पना गर्नुस्त त, स्थावर मित्र ।"

"म त भन्छु दोस्त- यो अकल्पनीय व्यवहार हो !"

*"मान्छे उपहासको अर्थमा मेरा आफन्त जाति-प्रजातिहरूलाई पशु भनेर पुकार्छ । तर म उद्घोष गर्छु मित्र- पशुहरूमध्ये सबैभन्दा निकृष्ट पशु त मानिस आफैं हो ।*

"यो ब्यबहार होइन, पार्टनर, यो त उग्र मनोविकारको कुरूप परिणति पो हो ।"

"यहाँको कथन शतप्रतिशत सत्य हो ।" खिर्राको चापलुसी-चापलुसीजस्तो लाग्ने समर्थनकारी बचन सुनेर स्याल झन् फुर्कियो । अनि फेरि भन्न थाल्यो, "मेरो प्रजातिको शब्दकोशमा बलात्कार शब्दको अस्तित्व नै छैन । हाम्रो समुदायमा त भाले-पोथीको समागम हार्दिक सहमतिमा मात्र हुनेगर्छ । निर्दिष्ट याममा जब पोथी जातलाई सम्भोगको इच्छा हुन्छ, उसले भालेलाई मृदु मुस्कानसाथ इसारा गर्छे । अनि प्रत्युत्तरमा क्रियाशील भालेबाट अनुरागपूर्ण प्रणय-निवेदन प्रस्तुत हुन्छ । र, रोमाञ्चका नानावली छटाहरूबाट अत्यन्तै मृदुभावसाथ शुरू हुने हाम्रो प्रेमालाप हार्दिकतायुक्त र दिव्य समागममा पुगेर विसर्जन हुन्छ । स्थावर मित्र, जोसित समागम गर्नु उसैको हत्या गर्नु, अनि उसैका स्तन काट्नु – हे भगवान्, सृष्टिदेखि आजसम्मका जगत्का समस्त क्रूरताहरूको सङ्ग्रहित सारभन्दा पनि यो कृत्य एक्लै बढी क्रूरतापूर्ण छ । छिः, छिः, अनि त्यस्तो मान्छे आफूलाई सभ्य ठानेर हामीलाई खिसी गर्छ ! भनुँ भने मित्र, भन्नेलाई भन्दा सुन्नेलाई लाज भनेजस्तो ।"

खिर्रो पनुः मौन भयो । स्यालले मित्रको मौनताको रहस्यको नाडी छाम्न खोज्दै भन्यो, "मित्र आतिथेय, यहाँको मौनताको अर्थ मैले बुझ्न सकिनँ । के मेरो पछिल्लो कथनमा यहाँको राय फरक पर्नगयो होला भनी म लख काटुँ ?"

"न, न, अतिथि महोदय," खिर्रो बोल्यो, "समान अस्तित्व हुनेहरू जुनसुकै प्रजातिका र जहाँसुकैका होउन्, ती समान ढङ्गले सोच्छन् । यो शाश्वत सत्य हो, कुनै अपवादजन्य संयोग होइन ।"

प्रभातकालीन हावाका शीतल लहरहरू वायुमण्डलमा उमङ्गपूर्ण क्रीडा गर्न थाले । औंसीको आकाशका ताराहरू पातलिँदै गए । भोको स्यालका अतृप्त नजर चिहानतिर मोडिए । त्यहाँको त्यो वीभत्स दृश्य देखेर उसलाई हुलुक्क बान्ता आउलाझैं भयो । दोपाया जीवको त्यो द्वेययुक्त दुराचार देखेर ऊ पुनः क्षुब्ध भयो । अनि रोषले राँकिएको उच्च स्वरमा भन्न थाल्यो, "विस्फोटक पदार्थ बिछ्याउने चतुर उपियाँहरू कतै सुरक्षित कुनातिर फङ्किए, अनि अदृश्य शत्रुप्रति प्रतिशोधका गोलीहरू यिनीहरूमाथि दागिए, र यी अकिञ्चन जुम्राहरू अकार्थ घानमा परे । यो कस्तो बिडम्बना !"

"विकराल बिडम्बना !"

संवादले अल्पविश्राम लियो र वातावरणमा सन्नाटा छायो । अनि सन्नाटा तोड्दै खिर्राले नम्र निवेदन गऱ्यो, "निशाचर महोदय, मेरा समीपमा सौभाग्यपूर्ण संयोगवश पाल्नुहने कुनै पनि अतिथि भोको पेट लिएर फर्केको देख्नु मेरालागि ग्लानि र विषादको विषय हो । जीवन र जगत्को रहस्यउपर चिन्तन र विमर्श गर्ने समय त मृत्युपर्यन्त प्रशस्त छँदैछ । पूर्व उज्यालो हुन लागिसक्यो । अतः अतिथिदेव, मानसिक खिचातानी र पीडालाई अब विश्राम गर्न दिएर कृपया भोजन गरौं । बिलम्ब गर्नलाई अब हामीसँग समय छैन ।"

चिहानतिर अपलक हेरिरहेको स्यालको अन्तरमा अनियन्त्रित क्रोधको ज्वाला एकाएक उर्लियो र उसको श्वास-प्रश्वासको गति तीव्रतर भयो । अनि अगाडिका पन्जा उचालेर तल दोयापाहरूको बस्तीतिर दृष्टि प्रक्षेपण गर्दै भोक, भर्त्सना र करूणाको विचित्रको सङ्गम भएको स्वरमा, प्रचण्ड चुनौतीको भाषामा ऊ भन्न थाल्यो, "मारिनेहरूका आफ्नै आँसु र चित्कारमा डुबेको यो नरमांश म कालत्र खान्नँ । बस्तीका बर्बर दोपायाहरू हो, सुन ! तिमीहरू म र मेरो प्रजातिलाई उपहास गर्दै स्याल भनेर पुकार्छौ । तर सत्यको देउरालीबाट म भन्छु- स्याल उपहासजनक संज्ञा हो भने तिमीहरू महास्याल हौ । त्यसैले तिमीहरूको जघन्य बर्बरताका मर्मान्तिक कथा मूक भाषामा सुनाइरहेको यस चिहानको छेवैमा उभिएर म ऐलान गर्छु- हे दोपाया हो ! कथित सभ्यताका आडम्बरी बस्त्र फुकाल, सर्वाङ्ग नाङ्गो होओ, र आफ्नो अस्तित्वको कुरूप सारलाई यथार्थका आँखाले एकचोटि सूक्ष्म निरीक्षण गर । म भन्दै छु, सुन परपीडकहरू हो ! आफ्ना निर्दोष बन्धुको हत्या गर्ने, अबोध नारीलाई बलात्कार गर्ने, मार्ने र उसका स्तन ताछ्ने तिमीहरूको मनोरोगी आचरण देखेर चराचर जगत् लज्जित भएको छ । अतः म यो नरमांस बहिष्कार गरी तिमीहरूको अविवेक विवेकमा र दुर्जनता सज्जनतामा फेरियोस् भन्ने कामना गर्दै आजका मितिले एक हप्तासम्म उपवास बस्दैछु । मानवरूपी दानवहरू हो, मलाई हेर र केही सिक ।"

यति भनेर स्याल विरोधको विप्लवी मुद्रामा आफ्नै मौलिक ध्वनिमा आफ्नो सन्देश प्रसार गर्न अग्रसर भयो, "हाव...हाव...हाव...हाव...हाव-हाव-हाव-हाव.......।"

खिर्राले आफ्ना विवेकवान् अतिथिको न्यायपूर्ण घोषणाको आवेगपूर्ण समर्थनमा आफ्ना समस्त पातहरू सुइँसुइँ-सुइँसुइँ र स्याँस्याँ-स्याँस्याँको गाढा आवाजमा हल्लायो, धेरैबेर हल्लाइरह्यो । ❑


**नगर सफा राखौं,**
**सभ्यतालाई डाकौं ।**
**फोहर बोक्ने गाडीमा मात्र**
**फोहर फाल्ने बानी बसालौं ।**

नव वर्ष २०६० सालको
उपलक्ष्यमा सम्पूर्ण
नगरवासी तथा
देशवासीमा
**हार्दिक मंगलमय**
**शुभकामना**
व्यक्त गर्दछौं ।

**बिन्दुप्रसाद गुरागाईं**
प्रमुख एवं सचिव
तथा
***धरान नगरपालिका परिवार***

"सुन्दर धरान स्वच्छ धरान,
शिक्षा, स्वास्थ्य र पर्यटकीय
केन्द्र हाम्रो धरान ।"



# बुद्ध दर्शनका विशेषताहरू

**एउटा वस्तुले अर्को वस्तु पैदा गर्छ, एउटा वस्तुको अन्त्यले अर्को वस्तुको अन्त्य हुन्छ भन्ने बुद्धको दृष्टिकोणमा ईश्वर र भाग्यको निम्ति कुनै स्थान देखिन्न**

○ प्रज्ञानरत्न

## कर्मको सिद्धान्त र पुनर्जन्मको अवधारणा

बुद्ध ईश्वर र भाग्यमा विश्वास गर्नुहुन्नथ्यो । उहाँ अनीश्वरवादी हुनुहुन्थ्यो । उहांको मौलिक सिद्धान्त 'प्रतीत्यसमुत्पाद'मा ईश्वरका निम्ति कुनै स्थान थिएन । प्रतीत्यसमुत्पादको सिद्धान्तले ल्याएको नयाँ धारणा के थियो भने 'यदि त्यो छ भने यो छ; त्यसको उदयले यसको उदय गराउँछ; यदि यो छैन भने त्यो हुँदैन, यदि यो रोकिन्छ भने त्यो रोकिन्छ ।' अर्थात् संसारमा प्रत्येक कुराको उत्पत्ति अरू कुरामा आधारित हुन्छ । निराधार रूपमा र निरपेक्ष रूपमा कुनै पनि कुरा पैदा हुँदैन । प्रतीत्यसमुत्पादको अर्थ नै 'कुनै कुरामा निर्भर उत्पत्ति' हो । यसबारे हामीले यसअघि नै प्रशस्त चर्चा गरिसकेका छौं ।

बुद्धको प्रतीत्यसमुत्पादको सिद्धान्त आधुनिक द्वन्दवादी दर्शन र विज्ञानमा 'कारण-कार्य'को अवधारणा, सापेक्षतावादको सिद्धान्त र अन्तर्सम्बन्धको सिद्धान्तसित धेरै हदसम्म मिल्दोजुल्दो छ । यो बुद्धको महानतम् देन हो- आजभन्दा २५०० वर्ष पहिले चिन्तन जगतमा बुद्धले यस्तो वैज्ञानिक अवधारणा ल्याउनुभयो, जसले संसारका हरेक वस्तुलाई अलगथलग रूपमा होइन, अरू वस्तुसितको अन्तर्सम्बन्ध र अन्तर्निर्भरतामा पैदा हुन्छ भनेर हेर्न सिकाउँछ । हरेक वस्तुलाई त्यसले सापेक्षतामा हेर्न सिकाउँछ । कुनै पनि वस्तु अकारण पैदा हुँदैन- यो कुराले त्यो कुरा पैदा गर्छ, त्यो कुराले फेरि अर्को कुरा पैदा गर्छ, यो नभएपछि त्यो हुँदैन, यसको अन्त्य भएपछि त्यसको पनि अन्त्य हुन्छ भनेर यसले हेर्न सिकाउँछ । वस्तुलाई र वस्तुको उत्पत्तिलाई हेर्ने यो दृष्टिकोण बिल्कुलै द्वन्दात्मक देखिन्छ । एउटा वस्तुले अर्को वस्तु पैदा गर्छ, एउटा वस्तुको अन्त्यले अर्को वस्तुको अन्त्य हुन्छ भन्ने यो दृष्टिकोणमा ईश्वर र भाग्यको निम्ति कुनै स्थान देखिन्न । बरू यसमा सचेत मानव कर्मको लागि प्रशस्त स्थान देखिन्छ । बुद्ध दर्शनको विशेषता नै यही हो ।

**बुद्ध दर्शनमा अक्सरतया मैनबत्तीको उदाहरण पेश गर्ने गरिन्छ । जब एउटा मैनबत्ती बल्छ, यसको ज्वाला खास समयसम्म लगातार बलिरहेझैं भान हुन्छ । तर........**

बुद्धको प्रतीत्यसमुत्पादको सिद्धान्तमुताबिक र बुद्धको १२ वटा कारण-कार्यको सिक्रीमुताबिक मान्छेको वर्तमानमा जुन जीवन र अस्तित्व छ, त्यो विगत बोली, विचार र कर्महरूको उपज हो र वर्तमानमा मान्छेले जुन कर्म गर्छ, त्यसले नै उसको भविष्य पैदा गर्छ । अर्थात् अहिले मान्छेले जे बोल्छ, विचार गर्छ र कार्य गर्छ, त्यसमा नै मान्छेको भविष्यको जीवन कस्तो हुन्छ त्यो निर्भर गर्दछ । यसैलाई बुद्धले कर्मको नियम भन्नुभएको छ । वर्तमानमा होशपूर्ण कर्म गर, आफ्नो भविष्य कस्तो बनाउने, त्यो तिम्रै हातमा निर्भर हुनेछ- बुद्धको कर्मसम्बन्धी सोच यस्तो देखिन्छ । यो सोच भाग्यवादको पूरै विरूद्धमा छ ।

बुद्धको सोच के देखिन्छ भने चाहे विचार होस्, बोली होस् वा कुनै काम, त्यसले निश्चित रूपमा असरहरू पैदा गर्छ । तिनै असरहरू अन्य असरहरूका कारण बन्न सक्छन् । हामी वर्तमानमा जुन सुख वा दुःखको अनुभूति गर्छौं, त्यो विगतका हाम्रै बोली, विचार वा कामका असरहरू सिवाय केही होइनन् । तिनै असरहरूलाई कारण बनाएर हामी वर्तमानमा जुन बोली बोल्छौं, विचार गर्छौं वा कार्य गर्छौं तिनले त्यस्ता असरहरू पैदा गर्छन्, जसले भविष्यमा या त हामीलाई सुखी बनाउँछ, या दुःखी । यसरी कर्मको एउटा सिक्री नै बन्दछ । बुद्धका अनुसार विगतमा निर्भर भएर वर्तमान पैदा भएको हुन्छ, र वर्तमानमा आधारित भएर हाम्रो भविष्य हुनेछ । हाम्रो वर्तमान र भविष्य दुवै निरपेक्ष र निराधार छैनन् । ती सापेक्ष छन् र अन्तर्निर्भर छन् । *(हेर्नुहोस्: आर, पुलीगण्लाको Fundamentals of Indian Philosophy अन्तर्गत Buddhism, एविंग्डन प्रेस, न्युयोर्क, १९७५, पृष्ठ ६३-६४)*

मान्छेले प्रयत्न गऱ्यो भने कर्मको यो सिक्रीलाई तोड्न संभव छ भन्ने बुद्धको शिक्षाको सार देखिन्छ । बुद्धका अनुसार बस् अज्ञानताबाट मुक्त हुनुपर्छ, तृष्णा वा इच्छाबाट मुक्त हुनुपर्छ, यो बिल्कुलै संभव छ ।

बुद्धले पुनर्जन्मको धारणा पनि ल्याउनुभएको छ । तर बुद्धको पुनर्जन्मको अवधारणा- मान्छे मरेपछि एउटा चिरस्थायी आत्मा अर्को नयाँ शरीरमा सर्ने अवधारणाका रूपमा देखिन्न, जस्तो- उपनिषद्हरू र अन्य हिन्दू धर्म ग्रन्थहरूमा व्याख्या गरिएको भेटिन्छ । बुद्ध चिरस्थायी आत्मामै विश्वास गर्नुहुन्नथ्यो । त्यसैले बुद्धका निम्ति पुनर्जन्म भनेको एउटा स्थायी आत्मा अर्को शरीरमा मरेपछि स्थानान्तरण गर्ने कुरा होइन । बुद्ध प्रत्येक क्षण पुनर्जन्म भइरहने धारणा राख्नुहुन्थ्यो । *(हेर्नुहोस्: एम हिरियन्नाद्वारा लिखित 'भारतीय दर्शनकी रुपरेखा'मा प्रारम्भिक बौद्ध धर्म, राजकमल प्रकाशन, नयाँ दिल्ली, १९९७, पृष्ठ १५४)* । बुद्धका अनुसार मरेपछि मात्र पुनर्जन्म हुने कुरा होइन, प्रत्येक क्षण हरेक शरीरमा नष्ट-उत्पत्ति-नष्ट-उत्पत्तिको प्रक्रिया चलिरहेको हुन्छ, मृत्यु र पुनर्जन्म साथसाथ भइरहेको हुन्छ । शरीरको अन्त्यपछि पनि नष्ट- उत्पत्तिको यो प्रक्रिया जारी रहन्छ । *(हेर्नुहोस्- राहुल सांकृत्यायनद्वारा लिखित 'दर्शन दिग्दर्शन' अन्तर्गत 'अनात्म बौद्ध दर्शन', किताब महल, इलाहाबाद, १९९८, पृष्ठ-४१५)*

यस सम्बन्धमा बुद्ध दर्शनमा अक्सरतया मैनबत्तीको उदाहरण पेश गर्ने गरिन्छ । जब एउटा मैनबत्ती बल्छ, यसको ज्वाला खास समयसम्म लगातार बलिरहेझैं भान हुन्छ । तर के यस क्षणको मैनबत्तीको ज्वाला र अर्को क्षणको मैनबत्तीको ज्वालाका बीचमा स्थायी प्रकारको कुनै अर्को तत्व स्थानान्तरण गरिरहेको हुन्छ र ? कदापि हुन्न । भएको के हुन्छ भने अहिले मैनबत्तीको जुन शिखा बलिरहेको छ, त्यो एकछिनअघि बलिरहेको शिखाभन्दा नितान्त बेग्लै हो । तथा अघिल्लो मैनबत्तीको शिखाको ज्वालाले पछिल्लो शिखालाई बाल्न कारणको भूमिका खेलिरहेको हुन्छ । यसरी अघिल्लो मैनबत्तीको शिखा बलेर नष्ट भइरहेको पनि हुन्छ । त्यही क्षण नयाँ शिखामा नयाँ ज्वालाको उत्पत्ति भइरहेको पनि हुन्छ । अघिल्लो क्षणको मैनबत्तीको शिखा

र ज्वाला र पछिल्लो क्षणको शिखा र ज्वाला भिन्नै हो, तर दुईथरि शिखा र ज्वाला सिक्रीझैं जोडिएका पनि छन् । अघिल्लो क्षणको ज्वाला नै पछिल्लो क्षणको मैनबत्तीको ज्वालाको कारण बनेको छ । यसबीचमा अर्को कुनै स्थायी वस्तु छैन, जुन एउटा मैनबत्तीको ज्वालाबाट अर्को मैनबत्तीको ज्वालामा कुनै स्थायी अस्तित्वका रूपमा सरेको होस् ।

त्यस्तै, हामी एउटा मैनबत्तीको सहाराले अर्को मैनबत्ती बाल्न सक्छौं । तर के यी दुई मैनबत्ती बल्नुको बीचमा जुन निरन्तरता हुन्छ, त्यो कुनै स्थायी वस्तुको स्थानान्तरणले गर्दा हुन्छ ? कदापि हुन्न । यहाँ पनि एउटा मैनबत्तीको ज्वाला नै अर्को मैनबत्ती बल्नुको कारण भइरहेको हुन्छ । मैनबत्ती दुईटा बिल्कुलै अलग हुन् । बलिरहेको ज्वाला र त्यसले दिइरहेको ताप र प्रकाश पनि बिल्कुलै भिन्नै हुन् । तर एउटा मैनबत्तीमा जुन ज्वाला छ, त्यही नै अर्को मैनबत्तीको ज्वालाको स्पष्ट कारण हो । ज्वालाको निरन्तरताको कारण कुनै स्थायी वस्तुको अस्तित्व होइन, दुई मैनबत्तीका बीचमा विद्यमान कारण–कार्य सम्बन्ध हो ।

बुद्धको धारणाअनुसार जसरी हरेक क्षण अघिल्लो ज्वालाको कारणबाट मैनबत्तीमा नयाँ ज्वालाको उत्पत्ति भइरहेको हुन्छ, त्यसरी नै मान्छेको पनि हरेक क्षण पुनर्जन्म भइरहेको हुन्छ । यो पुनर्जन्म कुनै स्थायी आत्माको स्थानान्तरण हुनाको कारणले हुँदैन, अघिल्ला कर्महरूको वा भव तृष्णाहरूको कारणले हुन्छ । मान्छेले यो क्षणमा जे बोल्छ, विचार गर्छ वा कार्य गर्छ, मान्छेले यो क्षणमा जुन ईच्छा वा तृष्णा राख्छ, त्यो नै अर्को क्षणको जीवन कस्तो हुन्छ, त्सको कारण बन्छ, यस क्षणको मैनबत्तीको ज्वाला अर्को क्षणको ज्वालाको कारण भएजस्तै । जसरी एउटा मैनबत्तीको ज्वालाले अर्को मैनबत्ती बाल्छ, त्यसरी नै एउटा व्यक्तिको कर्म र तृष्णा ऊ मरेपछि पनि असरका रूपमा अर्को व्यक्तिमा सर्दछ । कुनै स्थायी आत्मा मरेपछि अर्को शरीरमा सरेर पुनर्जन्म हुने कुरामा बुद्धको पटक्कै विश्वास देखिन्न, किनभने बुद्ध स्थायी आत्मा भन्ने कुरा नै अस्तित्वमा छैन भन्ने धारणा राख्नुहुन्थ्यो । बुद्धको ठम्याइमा, त्यसैले स्थानान्तरण आत्माको होइन, चरित्रको हुन्छ, तृष्णाको हुन्छ । मरेपछि आत्मा अर्को शरीरमा सरेर पुनर्जन्म हुने होइन, उसको स्थानमा उसकै संस्कार वा चरित्र भएको अर्को व्यक्ति अस्तित्वमा हुन्छ । पुनर्जन्म आत्माको होइन कर्मको, चरित्रको वा संस्कारको हुन्छ । जब कोही व्यक्ति मर्दछ, उसको कर्म, संस्कार वा चरित्रको प्रभाव उसको मृत्युपछि पनि रहिरहन्छ । यो प्रक्रिया तबसम्म चक्रका रूपमा चलिरहन्छ, जबसम्म सम्बन्धित व्यक्ति तृष्णा र अज्ञानताबाट पूरै मुक्त हुँदैन । *(हेर्नुहोस्– उही एम. हिरियन्नाद्वारा लिखित भारतीय दर्शनको रुपरेखाको 'प्रारम्भिक बौद्ध धर्म', पृष्ठ १५४–५५)* ❑

# प्रजातान्त्रिक समाजवादी संस्कृतिबारे चिन्तन शून्यता

- हरिगोविन्द लुइँटेल

**२०४६** सालको परिवर्तनपछिका १२ वर्षहरुमा नेपालको राज्यसत्तामा ज्यादाजसो नेपाली कांग्रेसको मूल राजनीतिक भूमिका रह्यो । तर कांग्रेसको कार्यकालमा नेपाली जनताले 'यथास्थिति टिकाउने र भ्रष्टाचार बाँडीचुडी खाने' कामबाहेक अरु भएको अनुभूति नै गर्न पाएनन् । सत्तामा जान नपाई कांग्रेसलाई अनेकौं अवसरवादीहरुले घेर्ने र कांग्रेस तिनकै 'बफादार सेवक' बन्ने क्रम चल्यो । २०४६ को जन आन्दोलनमा कम भूमिका भएका वा त्यतिखेर विदेशमा बसिरहेका व्यक्तिहरुले कांग्रेसी सरकारका अनेकौं पदहरु हातलागी गरे । बाँकीमा पंचायती तानाशाहीले भर्ना गरेका निरंकुशतावादी तत्वहरुबाटै उनीहरुले काम चलाए । यसले गर्दा वास्तवमा नेपाली कांग्रेस सत्तारुढ हुँदा यो बिल्कुलै कुनै परिवर्तनकारी, प्रजातान्त्रिक शक्ति महशूस भएन । २०४६ सालको जनआन्दोलनमा चैत्र २४ गतेको उत्कर्षमा पुगेको जनताको त्यो विशाल र गाढा लगावलाई, परिवर्तन प्रेमलाई वास्तवमा कांग्रेसले बुझ्नै सकेन । २०४६ सालको जन आन्दोलनले वस्तुतः जुन सामर्थ्य र उँचाई प्राप्त गरेको थियो, त्यो कांग्रेस र वाममोर्चाको आह्वानमा प्राप्त भएको थियो, तर त्यतिखेर जनता आह्वानकर्ता कांग्रेस र वाममोर्चाभन्दा धेरै अगाडि बढीसकेको थियो । कांग्रेसको नेतृत्वमा कांग्रेस र वाममोर्चाले यसपछिको अवधिमा यसरी अगाडि बढेका जनतालाई पछाडि तान्ने काम मात्र गरे । विगत १२ वर्षमा यही पछाडि तान्ने काम सम्पन्न भयो । यो अवसरमा प्रतिगामी तत्वले पनि सजिलै आफूलाई चलखेल गराउने अवसर पाउनु स्वाभाविकै भयो र नै आज आएर स्थिति यस्तो आएको छ– दरबार सम्पत्ति जाँच आयोगको प्रतिवेदन हातमा लिएर २०४६ पछिका नेताहरुको नाममा 'ब्ल्याकमेलिङ्' गर्दैछ । नेताहरु 'तैं चूप् मैं चूप्' को शैलीमा मौन रहेर आफ्नो कायर हविगत प्रदर्शन गरिरहेका छन् ।

यो कायर हविगतसम्म नेताहरु आइपुग्नुमा के उनीहरुको बेइमानी मात्रैको हात छ त ? के उनीहरु बेइमान हुनकै लागि, कायर हुनकै लागि आन्दोलनमा लागेका थिए त ? हिजो उनीहरुले पंचायती जेल–नेल र प्रवासी जीवन खपेको के अहिले आएर भ्रष्टाचार गरौंला भनेरै हो त ?

वास्तवमा कतिपय नेताहरु यस्तै नियतका निस्केका होलान् पनि । तर सबैमा यो कुरा लागू हुन्न । 'इमान्दारीपूर्वक बेइमानीमा लिप्त हुने' नेताहरु पनि यो अवधिमा धेरै देखिएका छन् । नेता थिए, सरकारी पदमा पुगे । अब के गर्ने ? बस्, उनीहरुले पनि त्यही गरे, जुन पंचायती पदाशीनहरुले गर्थे । नाता–गोता पोस्ने, पार्टी कार्यकर्ताका नाम गुट पोस्ने, कमिशन खाने, देश बेचेर राष्ट्रघात गरी कुर्सी सुरक्षित गर्ने, विलासी र सम्पन्न जीवनको जगेर्ना गर्ने । यी सबै गरे यिनीहरुले । पुरानाले यसो गरेको देखेपछि नव प्रवेशीहरुले त झनै यसो गर्नु स्वाभाविकै भयो । उनीहरुमध्येका बेइमान त वेइमान अवसरवादी नै भए, इमान्दारले पनि कुनै आदर्श भेटेनन् । 'ठूला' भनिएका कांग्रेसी नेताको जीवनलाई हेर्दा उनीहरुले पाए– ती 'ठूला'हरु त बेस्कन खाँदै छन्, भ्रष्टाचार बाँड्दैछन् ।

बस्, इमान्दार नव प्रवेशीलाई सजिलै अनुभूत हुने स्थिति पैदा भयो– जसरी पनि खानु नै कांग्रेस हुनु रहेछ । यो 'महाअभियान'मा ऊ पनि उत्साहपूर्वक जुट्न थाल्यो ।

यो भनेको कांग्रेस पार्टी र यसका नेताहरुमा कुनै उन्नत जीवन–संस्कृतिको खाका नै नहुनु हो । यो अवधिमा सादा जीवनको अनुशरण वा वकालत गर्ने कांग्रेसी जन कोही भेटिएनन्, सामाजिक खर्च किफायत गरौं भन्ने नीति कांग्रेस वा कांग्रेसी नेताले लिएनन् । सामन्तवादी जीवनशैली र संस्कृतिको विरुद्ध पूँजीवादी जीवन–शैलीको पक्षधरतासमेत कांग्रेसबाट लिइएन । सामन्ती संस्कार र संस्कृतिको रक्षकको भूमिका कांग्रेसले खेल्यो । यसले प्रजातन्त्रलाई परपरसम्म विस्तार गर्ने कुनै मुर्त चिन्तनप्रक्रिया नै यो बाह्र वर्षमा चलाएन । समाजवादी संस्कृतिको त कुरै पर रह्यो ।

एकै पटक व्यवहारमा उच्चताको माग गर्न ठीक होइन भन्ने हो पनि खै त कांग्रेसले यो बीचमा वैचारिक काम मात्रै पनि गरेको ? प्रजातान्त्रिक समाजवादी भनिने पार्टीले प्रजातान्त्रिक समाजवादी संस्कृतिबारे कतिवटा गोष्ठी गऱ्यो ? कतिवटा पुस्तक–पुस्तिका निकाल्यो ? आफ्ना अखबारहरुमा कति छलफल चलाउन लगायो ? आफ्ना लेखक–कलाकारहरुलाई यसबारे चिन्तन, लेखन र प्रकाशनको काम गर्न कति पटक प्रेरित गऱ्यो ?

प्रजातान्त्रिक समाजवादी संस्कृति र पंचायती संस्कृतिका बीचमा के फरक छ ? आजको नेपाली समाजले कुन पुरानो संस्कृति त्याग्नुपर्छ, कुनलाई परिमार्जन गर्नुपर्छ र कुनलाई नवनिर्माण गर्नुपर्छ भन्नेबारे नेपाली कांग्रेसले यो अवधिमा माखो मार्ने काम पनि गरेन ।

चिन्तन मात्रै पनि नभएपछि व्यवहार कस्तो होला ? यस्तै भएको हो नेपाली कांग्रेसमा । त्यसैले कांग्रेसीहरु यो अवधिमा वेइमानहरु त बेइमान नै भए, इमान्दारहरु पनि सांस्कृतिक सोच र ध्याउन्नाकै अभावमा हाटहुटे र लाटलुटे बन्न पुगे । नेपालका बामपन्थीहरुमा पनि अपवादबाहेक संस्कृतिको मामलामा आम रुपमा विशेष उच्चता देखिँदैन । तर उनीहरुबीच न्यूनतम चिन्तन, विरोध, आलोचना, चर्चाको संस्कृति छ । कांग्रेसमा यत्ति पनि छैन ।

के इमान्दार कांग्रेसीहरुले यसबारे गम्भीर हुनु जरुरी छैन ? ❑



वार्ताको अन्त्यतिर गरिएको पार्टीमा 'च्याङ काई-शेकको दिर्घायुको कामना गर्दै' माओ

○ राजेन्द्र महर्जन

# युद्ध र वार्ता साथसाथ

*'एकदलीय तानाशाही उन्मूलन गर्ने, संयुक्त सरकार स्थापना गर्ने र अत्यावश्यक लोकतान्त्रिक सुधारहरु गर्ने सवालबारे हामीले क्वोमिन्ताङ् सरकारसित कैयौं पटक सम्झौता-वार्ता गर्‍यौं, तर यसले हाम्रा सबै प्रस्तावहरु अस्वीकार गर्‍यो ।'*

**- माओ त्सेतुङ्ग**

युद्धलाई रक्तपातपूर्ण राजनीति र राजनीतिलाई रक्तपातविहीन युद्धको रूपमा बुझ्नेहरूले कहिले युद्ध, कहिले वार्ता, कहिले हिंसात्मक संघर्ष, कहिले राजनीतिक र कूटनीतिक प्रयास गर्नु स्वाभाविकै हो । विगतमा चीनको सन्दर्भमा माओ त्सेतुङको नेतृत्वमा क्रियाशील चिनियाँ कम्युनिष्ट पार्टीले आफ्नो दीर्घकालीन जनयुद्धको क्रममा देश र जनताको मुक्तिका लागि युद्ध र वार्ताका अनेक माध्यमहरू अपनाएको देखिन्छ ।

निःसन्देह, जनयुद्धकै क्रममा तानाशाह च्याङ काई-शेकको नेतृत्वमा रहेको कोमिन्ताङ पार्टी र सरकारसँग पटक पटक वार्ता, सहमति, सम्झौताको सिलसिला चलाइएका उदाहरणहरूको कुनै कमी छैन । यस्तो रक्तपातविहीन युद्धको सिलसिला सन् १९२३ मा कोमिन्ताङ्सँग संयुक्त मोर्चा निर्माणकालदेखि नै अगाडि बढेको पाइन्छ । कम्युनिष्ट पार्टी र कोमिन्ताङ्को संयुक्त मोर्चाकै क्रममा चलाइएको उत्तरी चीनको विजय अभियानलाई सुखद् पक्षको रूपमा स्मरण गरिन्छ । त्यस्तै सन् १९२७ मा कोमिन्ताङ्द्वारा गरिएको कम्युनिष्टहरूको 'शांघाई हत्याकाण्ड' अत्यन्त दुःखद् त्रासदीको रूपमा याद गरिन्छ ।

शांघाई हत्याकाण्डपछि एक अर्काको विरोधमा जीवन-मरणको संघर्षमा उत्रेका यी दुई शक्तिहरू सन् १९३१ को जनवरी, २० मा चीनमाथि जापानी सैन्यवादीहरूको आक्रमण भएपछि पुनः एकपटक मोर्चाबद्ध भएका थिए । कम्युनिष्ट पार्टीको युद्धविरोधी दिशा र संयुक्त मोर्चाको निरन्तर आह्वानपछि जब कोमिन्ताङ्भित्रकै विद्रोही पक्षले सन् १९३६ मा 'शीआन घटना'मा च्याङ काई-शेकलाई नजरबन्द गरे, तब गएर फेरि एकपटक संयुक्त मोर्चा कायम भएको थियो ।

जापानी आक्रमणविरूद्ध सबै पक्षलाई एकताबद्ध पारी देश र जनतालाई मुक्त गर्न कम्युनिष्ट पार्टीले निरन्तर रूपमा दुई वटा आग्रह व्यापक रूपमा गरिरहेको थियो । एक, एकीकृत राष्ट्रिय प्रतिरक्षा सरकार । दुई, जापानविरोधी संश्रयकारी सेनाको निर्माण । सो आग्रहलाई पटक पटक कुल्चँदै आएका च्याङ काई-शेकलाई जापानी आक्रमणको प्रतिरोध गर्न बाध्य पार्ने कम्युनिष्ट पार्टीकै नीतिको फलस्वरूप कोमिन्ताङ्को विद्रोही गूटले उनलाई नजरबन्दमा पारी सम्झौताका लागि विवश पारेको थियो ।

'शीआन घटना'को शान्तिपूर्ण समाधान गर्ने क्रममा चिनियाँ कम्युनिष्ट पार्टीको तर्फबाट चाओ एन-लाईले महत्वपूर्ण कूटनीतिज्ञको भूमिका खेल्नुभएको थियो । यसको फलस्वरूप च्याङ काई-शेकले कम्युनिष्टहरूसँग हातेमालो गर्ने र जापानको प्रतिरोध गर्ने शर्तहरूमा सम्झौता गरेका थिए ।

दुई वटा राजनीतिक सत्ताहरूको आपसी शत्रुता घटाउन र जापानी आक्रमणको संयुक्त रूपमा मुकाबिला गर्नका लागि भएको सम्झौताका बुँदाहरू यस प्रकार थिए :

*कम्युनिष्ट पार्टीद्वारा स्वीकारिएका शर्तहरू :*

१) कम्युनिष्ट पार्टीको नेतृत्वमा काम गर्ने शेनशी-कानसू-निङ्श्या क्रान्तिकारी आधार क्षेत्रको सरकारलाई विशेष प्रदेशको सरकारको नयाँ नाम दिने ।
२) लाल सेनाको पुनः नामाकरण गर्ने (अर्थात् लाल सेनालाई राष्ट्रिय क्रान्तिकारी सेनाको भाग भन्ने- अनु.)
३) सशस्त्र विद्रोहको नीति परित्याग गर्ने ।
४) जमीन्दारहरूको जमीन जफत गर्ने कार्य बन्द गर्ने ।

*कम्युनिष्ट पार्टीले कोमिन्ताङ्समक्ष राखेका पाँच शर्तहरू :*

क) गृहयुद्ध समाप्त गर्ने ।
ख) भाषण दिने, सभा सम्मेलन गर्ने र संगठन बनाउने स्वतन्त्रता सुनिश्चित गर्ने ।
ग) जापानविरोधी जन कंग्रेसको आयोजना गर्ने ।
घ) जापानको प्रतिरोध गर्नको लागि तयारीहरू पूरा गर्ने ।
ङ) जनताको जीवनस्तरमा सुधार गर्ने ।



*येनानमा अमेरिकी सरकारको दिक्षी मिल्ट्री कमिशनका सदस्यहरु जोन सर्भिस र डेविड बेरेटका साथ माओ र चु तेह*

# चीनमा दीर्घकालीन जनयुद्धको क्रममा गरिएका वार्ता र सम्झौताहरूको अनुभव र दस्तावेज

२२ अगष्ट, १९३७ मा कोमिन्ताङ् सरकारद्वारा ती सबै शर्तहरू स्वीकार्दै दुवै पक्षका सेनाको संयुक्त सहभागितामा 'आठौं मार्ग सेना' गठन गर्ने र कम्युनिष्ट पार्टीलाई वैधानिक रूपमा मान्यता दिने काम भएपछि जापानविरोधी राष्ट्रिय संयुक्त मोर्चा स्थापित भएको थियो । च्याङ काई- शेकको ढुलमुले र आत्मसमर्पणवादी आचरणका बावजूद प्रतिरोध युद्धलाई उत्कर्षतिर लाने र सम्झौताको पूर्ण पालना गर्ने कार्यमा कम्युनिष्ट पार्टीको भूमिका उल्लेखनीय देखिएको थियो ।

सन् १९४३ सम्म पुग्दा च्याङ काई-शेकको कोमिन्ताङ् अमेरिका र बेलायतको समर्थनमा घोर कम्युनिष्टविरोधी भइसकेको थियो र कम्युनिष्टहरूको विरोधमा ठूल्ठूला आक्रमण गर्ने भइसकेको थियो । मार्च १९४४ देखि पुनः शुरू भएको जापानी सेनाको तीव्र आक्रमणको क्रममा ८ महिनाभित्रै ६ करोड जनसंख्या भएको आफ्नो विशाल भू-भाग, १४६ वटा शहरहरू, ५ लाखभन्दा बेसी सैनिकहरू गुमाउनु परेपछि कोमिन्ताङ्को सातोपुत्लो उडेको थियो । कोमिन्ताङ्को लज्जास्पद राजनैतिक र सैनिक पराजय देश र जनताका लागिसमेत घातक हुने देखेर कम्युनिष्ट पार्टीले आफूमाथि ठूल्ठूला आक्रमण गरिरहेको कोमिन्ताङ्सँगै सम्झौता वार्ता थालेको थियो ।

सन् १९४४ अप्रिलदेखि अगष्टसम्म भएको चिनियाँ कम्युनिष्ट पार्टी र कोमिन्ताङ्बीचको वार्तामा जापानविरूद्ध प्रत्याक्रमण गर्न र युद्ध सकेसम्म छिटो समाप्त गर्न प्रतिक्रियावादी कोमिन्ताङ सरकारमा व्यापक स्तरमा सुधारका लागि जोड दिइएको थियो । कम्युनिष्ट पार्टीका प्रतिनिधि लिन पो-छ्वीले वार्तामा जनताका इच्छा र संकल्पलाई अगाडि सार्दै जोड्दार रूमा माग गरेका थिए- कोमिन्ताङ्ले राजनीतिक रूपमा लोकतन्त्रलाई व्यावहारिक स्तरमा लागू गर्नुपर्छ र दुवै पार्टीहरूबीच विचाराधीन भइरहेका मुद्दाहरू जस्तो, जापानविरोधी सैनिकहरू र जापानविरोधी आधार क्षेत्रहरूलाई कानूनी मान्यता दिने समस्या हल गर्नुपर्छ । तर कोमिन्ताङ्ले लोकतन्त्रको सवालमा कुरै गर्न इन्कार गरेको थियो । साथै उसले आठौं मार्ग सेना र नयाँ चौथो सेनाको तीन चौथाइ भाग भंग गर्ने तथा शत्रु पंक्तिको पृष्ठभूमिमा रहेका जापानविरोधी जनसरकारहरू विघटन गर्ने प्रयास गरेको थियो ।

कोमिन्ताङ्मा कट्टरपन्थीहरूको वर्चश्व बढेको कारणले द्विपक्षीय सम्झौता वार्ता विनानिष्कर्ष टुंगिएको थियो । त्यसको लगत्तै सेप्टेम्बर, १९४४ मै तत्कालीन राजधानी छुङकिङमा कोमिन्ताङ्द्वारा बोलाइएको राष्ट्रिय राजनीतिक परिषद्को सम्मेलनमा पनि लिन पो-छ्वीले कम्युनिष्ट पार्टीको तर्फबाट के प्रस्ताव राखेका थिए भने राज्यका सबै मामिलाहरूमाथि विचार-विमर्श गर्नका लागि एउटा संकटकालीन सम्मेलन बोलाइनुपर्छ । त्यस सम्मेलनमा सबै जापानविरोधी पार्टीहरू, समूहहरू, सैनिकहरू, स्थानीय सरकारहरू र जन-संगठनहरूका प्रतिनिधिहरूले भाग लिन पाउनु पर्छ । र, कोमिन्ताङ्को एकदलीय तानाशाही समाप्त गर्नुपर्छ र संयुक्त लोकतान्त्रिक सरकार स्थापित गर्नुपर्छ ।

जनताको सशक्तीकरणको सवालसँग गाँसिएका यी प्रस्तावहरूलाई लोकतान्त्रिक राजनीतिक ग्रुपहरूका उत्तराधिकारी, लोकतान्त्रिक लीग र कोमिन्ताङ्कै लोकतान्त्रिक खेमाले पनि समर्थन गरेका थिए । त्यसपछि सेप्टेम्बर १९४४ मा लोकतान्त्रिक लीग (Democratic league) ले पनि राज्यको मामिलाहरूमाथि छलफल गर्न छिटै एउटा सम्मेलन बोलाउनु पर्ने, राजनैतिक सुधार लागू गर्नुपर्ने र युद्धकालीन संकटमाथि विजय प्राप्तिका लागि एउटा संयुक्त सरकार गठन गर्नुपर्ने राजनैतिक कार्यक्रम ल्याएको थियो । र, कोमिन्ताङ्भित्रैका अनेक लोकतान्त्रिक व्यक्तिहरूले सरकार र कोमिन्ताङ्मा लोकतान्त्रीकरणको माग गर्न थालेका थिए ।

**आक्रमणकारी जापानसँग लड्ने नाममा कोमिन्ताङ्को शासनलाई विशाल मात्रामा सहयोग गर्न थालेको शक्ति थियो- अमेरिका !**



*लालसेनाको विजय अभियानलाई नेतृत्व गर्दै माओ आफ्नी पत्नी चियाङ चिङ (पछाडि) का साथ*

त्यही बेला कम्युनिष्ट पार्टीले संयुक्त लोकतान्त्रिक सरकार स्थापनाका लागि आह्वान गरेपछि जनताका विभिन्न तप्काले देशभरि नै कोमिन्ताङ्को एकदलीय तानाशाहीको अन्त्य तथा सरकार र सेनाको पुनर्गठन र व्यापक लोकतान्त्रीकरणको मागमा संघर्ष गर्न थालेका थिए । ठीक यही स्थितिमा प्रशान्त महासागरमा जापानमाथि वर्चश्व कायम गर्ने क्रममा चीनमा पनि एउटा आक्रामक विदेशी शक्ति प्रवेश गरेको थियो, चिनियाँ बजार, स्रोतसाधन र सस्तो श्रममाथि कब्जा जमाउने रणनीतिक लक्ष्यसहित शान्ति र सम्झौताको कुरा गर्दै ! आक्रमणकारी जापानसँग लड्ने नाममा कोमिन्ताङ्को शासनलाई विशाल मात्रामा सहयोग गर्न थालेको यस शक्ति थियो- अमेरिका ! अमेरिकाले आफ्ना विशेषज्ञहरूलाई कोमिन्ताङ्को सरकारमा घुसाउनेदेखि लिएर उसका सैनिकहरूलाई प्रशिक्षण दिने, युद्ध सामग्रीहरूको आपूर्ति गर्ने र आफ्ना सैनिकहरूसमेत चीनमा तैनाथ गर्ने काम थालेको थियो ।

द्वितीय विश्वयुद्धको अन्त्यतिर जापानी सैनिक आक्रमणविरूद्ध भीषण प्रतिरोध भइरहेको चीनको राजनीतिक उथलपुथलमाथि अमेरिकाले विशेष दृष्टिले हेरिरहेको थियो । उसले एकातिर जापानविरोधी युद्धमा चीनलाई समर्थन गर्ने निहुँमा एक लाखभन्दा बेसी सैनिकहरू तैनाथ गरेको थियो । र, कोमिन्ताङ् सरकारलाई आर्थिक, राजनैतिक र सैनिक सहयोग दिइरहेको थियो । अर्कोतिर उसले पहिले आफ्ना राजदूत जनरल प्याट्रिक जे. हरलेलाई चीन पठाएर कोमिन्ताङ् सरकार र कम्युनिष्ट पार्टीबीच सुलह-सम्झौताको प्रयास पनि गरिरहेको थियो ।

चिनियाँ जनताहरूदेखि तिनका अधिकांश राजनीतिक र नागरिक प्रतिनिधिहरू संयुक्त लोकतान्त्रिक सरकार गठन गर्नका लागि संघर्षरत रहेकै बेला अमेरिकाले युद्धरत पक्षहरू कोमिन्ताङ् र कम्युनिष्ट पार्टीबीच मध्यस्थताको प्रस्ताव राखेको थियो । आफू निष्पक्ष रहेको देखाउँदै उसले 'तेस्रो पक्ष'को भूमिका खेल्ने ढंगले आफ्ना प्रतिनिधि जनरल प्याट्रिक जे. हरलेमार्फत् येनानमा कम्युनिष्ट पार्टीसँग सम्झौता-वार्ता गरेको थियो । वार्ताको क्रममा एउटा संयुक्त लोकतान्त्रिक सरकार र साझा सर्वोच्च कमान स्थापना गर्ने विषयमा सम्झौता भएको थियो, जुन 'येनान सम्झौता'को रूपमा स्थापित छ ।

चिनियाँ कम्युनिष्ट पार्टीका अध्यक्ष माओसँग पाँच बुँदे सम्झौतामा हस्ताक्षर गरेकोलगत्तै हरले कोमिन्ताङ्को राजधानी छुङकिङ फर्केका थिए । त्यहां च्याङ काई-शेकले येनान सम्झौता मान्न अस्वीकार गरेपछि हरले

पनि उनीसँगै सहमत भएका थिए । चीनको इतिहासका विज्ञहरूका अनुसार, येनान सम्झौता भनेको वास्तवमा अमेरिकाले हरलेमार्फत् कम्युनिष्ट पार्टीको नीति र क्षमताको नाडी छाम्नका लागि गरेको नाटक मात्रै थियो ।

त्यसैले माओद्वारा 'अविश्वसनीय व्यक्ति'का रूपमा आरोपित हरलेचाहिँ सम्झौता रद्द गर्ने च्याङ काई-शेककै पक्ष लिएर कोमिन्ताङ् सरकारलाई मद्दत गर्न जुटेका थिए र च्याङ काई-शेककै भाषा र भाव प्रकट गर्न थालेका थिए । छुडकिडबाटै उनले चिनियाँ कम्युनिष्ट पार्टीलाई आफ्नो फौज च्याङ काई-शेकको नियन्त्रणमा रहेको कोमिन्ताङ् सैनिक परिषद्लाई सुम्पने कि तीन सदस्यीय कमिटीको अधीनमा राख्ने भन्ने माग गर्न थालेका थिए । कोमिन्ताङ्, कम्युनिष्ट पार्टी र अमेरिकाकाको प्रतिनिधि रहने सो तीन सदस्यीय कमिटीमा अमेरिकाको प्रमुख स्थान थियो । उक्त माग स्वीकार गरिएमा च्याङ काई-शेकले कम्युनिष्ट पार्टीलाई कानूनी मान्यता दिने र केही कम्युनिष्टहरूलाई कोमिन्ताङ् सरकारको कार्यकारिणी य्वानका सदस्यका रूपमा नियुक्त गर्ने आश्वासन दिएका थिए ।

चिनियाँ इतिहासकार हो कान चका अनुसार, यस छलपूर्ण षडयन्त्रको माध्यमबाट अमेरिका र च्याङ काई-शेकले तीनवटा उद्देश्य पूरा गर्न खोजेका थिए: एक, कम्युनिष्ट पार्टीद्वारा राखिएको संयुक्त सरकारको मागलाई रद्दीको टोकरीमा फ्याँक्ने । दुई, आठौं मार्ग सेना र नयाँ चौथो सेनाबाट मुक्ति पाउने । तीन, मुक्त क्षेत्रमाथि कब्जा जमाउने ।

जब कम्युनिष्ट पार्टीले ती शर्तहरू मान्न अस्वीकार गऱ्यो, तब हरलेले अमेरिकाको सम्पूर्ण सहयोग च्याङ काई-शेकलाई मात्रै जाने र उनलाई सैन्यशक्तिको बलमा चीनको एकीकरण गर्न पूर्णरूपमा मद्दत गर्ने घोषणा गरेका थिए । घोषणाअनुरूप नै चीनमा स्थापित अमेरिकी फौजका कमाण्डर अल्बर्ट सी. वेडेमियरले कोमिन्ताङ् सरकारसँग असम्बन्धित व्यक्ति र समूहहरूलाई सहयोग नगर्न निर्देशन दिएका थिए । अमेरिकी सरकारले कोमिन्ताङ्लाई ठूलो मात्रामा युद्धसम्बन्धी सामग्री आपूर्ति गर्ने, उसको फौजलाई शस्त्रास्त्रहरूबाट सुसज्जित गर्ने र कम्युनिष्ट पार्टीको नेतृत्वमा चलिरहको जनयुद्धलाई कुल्चने क्रमलाई तीव्रता दिन थालेको थियो ।

माओ र उहाँको नेतृत्वमा रहेको कम्युनिष्ट पार्टीद्वारा अमेरिकी नीति र व्यवहारभित्र लुकिरहेको कुत्सित नियतको पर्दाफास गरिँदागरिँदै पनि वार्ताको संभावनालाई कहिले पनि इन्कार गरिएको थिएन । अमेरिका र च्याङ काई-शेकको आक्रामक नीतिको क्रियान्वयनका बावजूद पनि कैयौं पटकको पत्रव्यवहार, भेटघाट र आन्तरिक सहमतिपछि केही हदसम्म तीक्तता, अविश्वास र झैंझगडा कम गर्ने कामसँगै ऐतिह्रासिक 'छुडकिड सम्झौता-वार्ता' संभव भएको थियो ।

२८ अगष्ट, १९४५ मा कोमिन्ताङ्का सर्वोच्च नेता च्याङ काई-शेकसँगै सम्झौता-वार्ता गर्न



*वार्ताका लागि छुडकिडमा प्लेनबाट ओर्लदै माओ र प्याट्रिक हरले*

# के छ छुडकिड सम्झौतामा ?

***यस*** *सम्झौतामा क्वोमिन्ताङ् र चीनको कम्युनिष्ट पार्टीका प्रतिनिधिहरुले १० अक्टोबर, १९४५ मा हस्ताक्षर गरेका थिए । यस सम्झौतामा च्याङ काई-शेकले चीनको कम्युनिष्ट पार्टीले प्रस्तुत गरेको 'शान्तिपूर्ण राष्ट्रिय पुनर्निर्माणको आधारभूत नीति'सित सहमति जनाउन बाध्य हुनुपरेको थियो । र, 'शान्ति, जनवाद, एकता र एकीकरणको आधारमा... दीर्घकालीन सहयोग गर्ने, गृहयुद्धलाई दृढताका साथ रोक्ने तथा स्वाधीन, स्वतन्त्र, समृद्ध र शक्तिशाली चीनको निर्माण गर्ने' कुरालाई स्वीकार गर्नुपरेको थियो । त्यस्तै राजनैतिक जीवनको लोकतान्त्रीकरण, सेनाहरुको राष्ट्रियकरण र राजनैतिक पार्टीहरुको समानता र बैधतालाई राष्ट्रिय पुनर्निर्माणको निम्ति अति अनिवार्य उपाय मान्नुपरेको थियो ।*

*च्याङ काई-सेकले कोमिन्ताङ्को संरक्षकत्वलाई सक्दो छिटो अन्त्य गर्ने, एक राजनैतिक सल्लाहकार सम्मेलन डाक्ने, शान्तिकालमा सबैजसो लोकतान्त्रिक मुलुकका जनताले उपभोग गर्ने खालको व्यक्तिको स्वतन्त्रता, आस्था, वाक् र छापाखानासम्बन्धी स्वतन्त्रता, सभा र संगठन गर्ने स्वतन्त्रताको ग्यारेन्टी गर्ने र यसै सिद्धान्तअनुसार हालका कानून र आदेशहरुलाई खारेज वा संशोधन गर्ने,' गुप्तचर विभागलाई खारेज गर्ने, 'न्यायपालिका र पुलिसबाहेकका बाँकी संगठनहरुलाई मानिसहरुलाई गिरफ्तार गर्ने, तिनमाथि मुद्दा चलाउन वा सुनवाइ गर्ने र सजायँ दिन कडाइका साथ मनाही गर्ने,' 'राजबन्दीहरुलाई रिहाइ गर्ने,' 'स्थानीय स्वायत्त शासन सक्रियतासाथ लागू गर्ने' आदि आदि विषयमा सहमत हुनुपरको थियो ।*

*तर च्याङ काई-शेक सरकारले लाल सेना र मुक्त क्षेत्रका जनसरकारहरुलाई कानूनी मान्यता प्रदान गर्न हठपूर्वक इन्कार- गरेको थियो । र, 'सैनिक कमानलाई एकीकरण गर्ने' तथा 'सरकारी प्रशासनलाई एकीकरण गर्ने' बहाना गर्दै चीनको कम्युनिष्ट पार्टीको नेतृत्वमा चल्ने जन-सेना र मुक्त क्षेत्रहरुलाई पूरापूरै सखाप पार्ने व्यर्थको कोसिस गरेको थियो, यसको परिणामस्वरुप यस विषयमा सम्झौता हुनसकेन ।*

*मुक्त क्षेत्रका सशस्त्र सैनिकहरु र राजनैतिक सत्ताबारेका समस्यासम्बन्धी सम्झौता-वार्ताको 'कुराकानीको सारांश'का केही अंशहरु तल दिइएका छन् । यसमा परेको 'सरकार' भन्नाले च्याङ काई-शेकको कोमिन्ताङ् सरकारलाई जनाउँछ ।*

## सेनाको राष्ट्रियकरणबारे

*सैनिक कमानलाई एकीकरण गर्ने उद्देश्यले सरकारले मुलुकभरिका सशस्त्र सैनिकहरुलाई न्यायोचित र युक्तिसंगत ढंगले पुनर्गठन गरोस्, चरण चरण गरी यसलाई लागू गर्ने कार्यक्रम तयार गरोस्, नयाँ ढंगले सैनिक क्षेत्रहरुको निर्धारण गरोस् र अनिवार्य भर्ती र क्षतिपूर्तिको व्यवस्था कायम गरोस् भनेर कम्युनिष्ट पार्टीले प्रस्ताव राखेको थियो । यस्तो कार्यक्रम तयार गरिएको खण्डमा आफ्नो कमानअन्तर्गत रहेका जापानविरोधी सेनालाई घटाएर चौबीस डिभिजनसम्म पार्ने वा घटीमा बीस डिभिजनसम्म पार्ने र क्वाङतुङ, चच्याङ, दक्षिणी च्याङ्सु, दक्षिणी आनह्वेई, मध्य आनह्वेई, हुनान, हुपे र हनान (जसमा उत्तरी हनान पर्दैन) गरी यी आठ क्षेत्रमा फिजिएका आफ्ना सैनिकहरुलाई संचालन*

गर्ने कार्य तत्काल थाल्ने कुरा चीनको कम्युनिष्ट पार्टीले अघि सारेको थियो । पुनर्गठित गरिने सेनालाई क्रमशः यी क्षेत्रहरुबाट हटाइने छ । र, लुङहाए रेलमार्गको उत्तरस्थित मुक्त क्षेत्रहरुमा र उत्तरी च्याङसू र उत्तरी आनह्वेईका मुक्त क्षेत्रहरुमा जम्मा गरिने भएको थियो ।

सरकारले के कुरा अघि सारेको थियो भने सेनालाई देशव्यापी रुपमा पुनर्गठन गर्ने काम चलिरहेको छ र हालको सम्झौता-वार्तामा उठेका सारा मामिलाहरु फर्छ्यौट गरिएको खण्डमा चीनको कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेको जापानविरोधी सेनालाई घटाएर बीस डिभिजनमा पुनर्गठन गर्ने विषयमा सोचविचार गर्न ऊ तयार छ । सेनालाई तैनाथ राख्ने कुराको हकमा सरकारले के भनेको थियो भने चीनको कम्युनिष्ट पार्टी यसबारे छलफल र निर्णय गर्नका लागि योजनाहरु प्रस्तुत गर्नसक्छ ।

चीनको कम्युनिष्ट पार्टीले के प्रस्ताव अघिसारेको थियो भने कम्युनिष्ट पार्टी र उसका स्थानीय सैनिक कर्मचारीले राष्ट्रिय सैनिक परिषद् र यसका अनेकौं विभागहरुका काममा भाग लिन पाउनुपर्छ, सरकारले विद्यमान कर्मचारी व्यवस्थालाई कायम राख्नुपर्छ र हालका कर्मचारीहरुलाई पुनर्गठित एकाइहरुका विभिन्न पदमा नियुक्त गर्नुपर्छ, र पुनर्गठनपछि नियुक्त नगरिएका अफिसरहरुलाई विभिन्न क्षेत्रमा तालिम दिन खटाउनुपर्छ, रिक्त स्थानहरु पूर्ति गर्न न्यायोचित र युक्तिसंगत व्यवस्था कायम गर्नुपर्छ र राजनैतिक शिक्षा दिने योजना तोक्नुपर्छ ।

सरकारले यी प्रस्तावहरुप्रति आफ्नो कुनै आपत्ति नभएको र आफू यिनबारे सविस्तार छलफल गर्न तयार रहेको कुरा संकेत गरेको थियो । चीनको कम्युनिष्ट पार्टीले मुक्त क्षेत्रहरुका सबै जन-सेनाहरुलाई स्थानीय आत्मरक्षक दलमा गठित गरिनुपर्छ भन्ने प्रस्ताव प्रस्तुत गरेको थियो । जुन जुन ठाउँको स्थानीय परिस्थितिले यसको माग गरेको छ, वा जहाँ यसो गर्न मिल्छ, त्यहाँमात्रै यस्ता संगठनबारे सोचविचार गर्न सकिन्छ भन्ने कुरा सरकारले संकेत गरेको थियो । यस अनुच्छेदमा उल्लेख भएका सबै सवालहरुबारे ठोस योजना तर्जुमा गर्नका लागि राष्ट्रिय सैनिक परिषद्को सैनिक कारवाही विभाग, युद्ध मन्त्रालय र अठाह्रौं समूह सेनाका एक एकजना प्रतिनिधि लिएर एउटा तीन व्यक्तीय उप-समिति गठन गर्ने कुरामा दुवै पक्ष सहमत भएका थिए ।

## मुक्त क्षेत्रका स्थानीय सरकारहरूबारे

सरकारले मुक्त क्षेत्रका सबै तहका जननिर्वाचित सरकारहरुलाई कानूनी मान्यता प्रदान गरोस् भन्ने प्रस्ताव चीनको कम्युनिष्ट पार्टीले अघि सारेको थियो । सरकारले के कुरातर्फ संकेत गरेको थियो भने जापानले आत्मसमर्पण गरेको हुनाले 'मुक्त क्षेत्र' भन्ने भनाइ अब पुरानो भइसकेको छ र मुलकभरिको सरकारी प्रशासनलाई एकीकरण गर्नुपर्छ ।

चीनको कम्युनिष्ट पार्टीले शुरुमा अघि सारेको प्रस्ताव के थियो भने आठ मुक्त क्षेत्रहरुको अस्तित्वलाई ध्यानमा राखेर प्रान्तीय र प्रशासनिक क्षेत्रहरुलाई तलैदेखि निर्धारित गर्नुपर्छ र सरकारी प्रशासनलाई एकीकरणका निम्ति कम्युनिष्ट पार्टीले जननिर्वाचित विभिन्न तहका सबै स्थानीय सरकारहरुका कर्मचारीहरुको सूची प्रस्तुत गर्नेछ, जसलाई सरकारले फेरि नियुक्त गर्नेछ ।

सरकारले के कुरातर्फ संकेत गरेको थियो भने अध्यक्ष च्याङ काई-शेकले अध्यक्ष माओलाई बताएझैं मुलुकभरिको सैनिक कमान र सरकारी प्रशासनको एकीकरणपछि चीनको कम्युनिष्ट पार्टीले मनोनित गरेका प्रशासनिक कर्मचारीहरुबारे यसले सोचविचार गर्नेछ । प्रतिरोध युद्धकालमा फेरि हात पारिएका क्षेत्रमा काम गरेका प्रशासनिक कर्मचारीहरुको हकमा तिनको योग्यता र सेवाको रेकर्डलाई ध्यानमा राखेर, तिनको पार्टी सम्बन्ध जे-जस्तो भए पनि, तिनलाई समुचित मात्रामा आ-आफ्ना पदमा कायम राख्ने विषयमा सरकारले विचार गर्नेछ ।

त्यसपछि चीनको कम्युनिष्ट पार्टीले अर्को एउटा सूत्र प्रस्तावित गरेको थियो । त्यस सूत्रमा चीनको कम्युनिष्ट पार्टीले मनोनित गरेका मानिसहरुलाई शेनशी-कानसू-निङ्स्या सीमान्त क्षेत्र तथा जेहोल, छ्हाड, हपे, शानतुङ र शानशी गरी यी पाँच प्रान्तका प्रान्तीय सरकारहरुका अध्यक्षहरु र सदस्यहरुका पदमा नियुक्त गरियोस् भनेर केन्द्रीय सरकारसँग माग गरिएको थियो । किनभने माथि उल्लिखित एघार प्रान्तहरुमा विशाल मुक्त क्षेत्र वा तिनका खण्डहरु फैलिएका थिए । चीनको कम्युनिष्ट पार्टीले पेफिङ, थ्येनाचिन, छिङताओ र शाङघाई यी चार नगरिपालिकाहरुका उप-मेयरका पदमा चीनको कम्युनिष्ट पार्टीले मनोनित गरेका व्यक्तिहरुलाई नियुक्त गरियून् भन्ने अनुरोध पनि गरेको थियो ।

यस विषयमा अनेकौं छलफल भएपछि चीनको कम्युनिष्ट पार्टीले माथिका प्रस्तावहरुमा हेरफेर गरेको थियो । र आफूले मनोनित गरेका व्यक्तिहरुलाई शेनशी-कानसू-निङ्स्या सीमान्त क्षेत्र तथा जेहोल, छाहाड, हपे र शानतुङ यी चार प्रान्तका प्रान्तीय सरकारहरुका अध्यक्ष र सदस्यहरुमा नियुक्त गरियोस्, शान्सी, श्वेट्यान यी दुवै प्रान्तीय सरकारहरुका उपाध्यक्ष र सदस्यहरुमा नियुक्त गरियोस् र पेफिङ, थ्येनाचिन र छिङताओ यी तीन विशेष नगरपालिकाहरुका उप-मेयर नियुक्त गरियोस् भन्ने प्रस्ताव राखेको थियो ।

यसको जवाफमा सरकारले के भनेको थियो भने चीनको कम्युनिष्ट पार्टी एकातिर प्रतिरोध युद्धको कालमा विशिष्ट सेवा प्रदान गरेका र प्रशासनिक योग्यता भएका आफ्ना सदस्यहरुलाई नियुक्त गर्न सरकारसमक्ष मनोनित गर्दछ र अर्कोतिर यसले कुनै प्रान्तीय सरकारको अध्यक्ष, सदस्य अथवा उपाध्यक्षको रुपमा आफ्ना मानिसहरुलाई मनोनित गर्ने कुरामा जोड दिन्छ भने यसले सैनिक कमान र सरकारी प्रशासनको एकीकरण गर्न सच्चा दिलले कोसिस गरिरहेको छ भन्न सकिने छैन ।

त्यसपछि चीनको कम्युनिष्ट पार्टीले आफ्नो दोस्रो प्रस्ताव फिर्ता लिने कुरा अघि सारेको थियो र तेस्रो सूत्र प्रस्तावित गरेको थियो । मुक्त क्षेत्रका जनताद्वारा चुनिएका सबै स्तरका वर्तमान सरकारहरुको अधीनमा फेरि आमचुनाव गराइयोस् र राजनैतिक सल्लाहकार सम्मेलनद्वारा मनोनित व्यक्तिहरुको रेखदेखमा चुनावमा भाग लिन अरु सबै राजनैतिक पार्टीका सदस्यहरु र विभिन्न व्यवसायका मानिसहरुलाई आ-आफ्ना जन्मथलोहरुमा फर्कन स्वागत गरियोस् भन्ने सुझाव उसले अघि सारेको थियो । जुन जुन काउन्टीका आधाभन्दा बढी जिल्लाहरु र नगरहरुमा आमचुनाव भइसकेको छ, त्यहाँ काउन्टीस्तरको आम चुनाव गराइयोस् । त्यसैगरी, आधाभन्दा बढी काउन्टीहरुमा आम चुनाव भइसकेका कुनै पनि प्रान्त वा प्रशासनिक इलाकामा आमचुनाव गराइयोस् । सरकारी प्रशासनको एकताको हितलाई ध्यानमा राखी, यसरी चुनिएका प्रान्तीय, प्रशासनिक इलाका र काउन्टी सरकारका अधिकारीहरुका नामहरु तिनको नियुक्तिलाई पुष्टि गर्नका निम्ति केन्द्रीय सरकारमा पठाइयोस् ।

प्रान्त र इलाकाहरुमा गरिने नियुक्तिहरु सरकारद्वारा पुष्टि गरिने यो सूत्र सरकारी प्रशासनको एकीकरण अनुकूल छैन भनेर सरकारले जवाफ दिएको थियो । उसको भनाइअनुसार, आमजनताद्वारा काउन्टीका अधिकारीहरुको चुनाव गराउने बारेमा त सरकारले विचार गर्न सक्नेछ, तर आमजनताद्वारा प्रान्तीय सरकारहरुको चुनावभने त्यसबेला मात्र गराउन सकिनेछ, जब राष्ट्रिय संविधानको घोषणा भइसकेको हुन्छ र प्रान्तहरुको दर्जा निर्धारित भइसकेको हुन्छ । हाललाई फेरि हात पारिएका क्षेत्रहरुमा चाँडोभन्दा चाँडो सामान्य स्थिति कायम गर्न सकियोस् भन्ने हेतुले केन्द्रीय सरकारद्वारा नियुक्त प्रान्तीय सरकारका अधिकारीहरुले मात्र आ-आफ्ना पद समाल्न सक्नेछन् ।

यहाँनेर चीनको कम्युनिष्ट पार्टीले चौथो सूत्र प्रस्तावित गरेको थियो । त्यो के थियोभने आमजनताद्वारा प्रान्तीय सरकारहरुको चुनाव गराउनका लागि वैधानिक व्यवस्था नागरिउन्जेलसम्म र त्यसलाई लागू नगरुन्जेलसम्म सबै मुक्त क्षेत्रहरुमा यथास्थिति (stsus quo) कायम राखियोस् र हाललाई शान्तिपूर्ण व्यवस्थाको पुनर्स्थापनाको ग्यारेन्टी गर्नका निम्ति अन्तरिम व्यवस्थाको बन्दोवस्त मिलाइयोस् । यसको साथसाथै यस खास समस्यालाई सुल्झाउनको निम्ति यसलाई राजनैतिक सल्लाहकार सम्मेलनमा पेश गरियोस् भन्ने कुरा पनि चीनको कम्युनिष्ट पार्टीले बताएको थियो ।

सरकारले के कुरामा जोड दिएको थियो भने सरकारी प्रशासनको एकीकरणलाई पहिले कार्यरुप दिनैपर्छ, किनभने यस समस्यालाई नसुल्झाइकन छाडियो भने यो शान्तिपूर्ण पुनर्निर्माणको निम्ति बाधक बन्न जानेछ, र, यस मामला सम्बन्धमा छिट्टै नै एक ठोस सूत्रबारे सहमति प्राप्त हुने आशा सरकारले व्यक्त गरेको थियो । र, चीनको कम्युनिष्ट पार्टी अरु छलफलहरु चलाउन मन्जुर भएको थियो । ❑

Selected Works of Mao Tse-Tung, Volume– 4 बाट अनुदित/साभार

अनुः खगेन्द्र संग्रौला

**कसरी भएको थियो कोमिन्ताङ र कम्युनिष्ट पार्टीबीच लेनदेन ?**

माओ स्वयं छुङकिङ जानुभएको थियो । उहाँ कुशल वार्ताकारहरू चाओ एन-लाई र वाङ जो-फेइ र अमेरिकी राजदूत हरलेसँगै प्लेनबाट छुङकिङ जानुभएको थियो ।

४१ दिनसम्म चलेको सम्झौता-वार्ताको क्रममा माओले च्याङ्ग काई-शेकलगायत अन्य उच्चपदस्थ कोमिन्ताङ् नेताहरूसँग धेरैपटक अनौपचारिक वार्ताहरू गर्नुभएको थियो । उहाँका सहयोगी वार्ताकारहरूले कोमिन्ताङ्का प्रतिनिधिहरू चाङ चून, वाङ शिर्ह-चेइह, चाङ चिह-चुङ र शाओ लि-त्जुसँग पाँच चरणका औपचारिक वार्ताहरू गर्नुभएको थियो ।

ती वार्ताका मुख्य एजेण्डाहरू थिए- संयुक्त सरकारको निर्माण, सैन्य शक्तिहरूको राष्ट्रियकरण र कम्युनिष्ट आधार इलाकाहरूको वैधानिकताको सवाल र गभर्नमेन्ट काउन्सिलका पदहरूको बाँडफाँड । तर पटक पटक औपचारिक-अनौपचारिक कुराकानी, लेनदेनका लागि निरन्तर कुटनीतिक संघर्षपछि पनि यी एजेण्डाहरूमा विशिष्ट र ठोस सम्झौता हुनसकेन । वार्ताको क्रममा परिस्थितिको नाडी छामेर कम्युनिष्टहरूले संयुक्त सरकारको नारा परित्याग गर्ने र च्याङ काई-शेककै नेतृत्वमा रहेको सरकारमा लोकतान्त्रीकरण गर्नुपर्ने माग गरेका थिए ।

त्यसैले मुख्य एजेण्डामा सहमति कायम नभए पनि छुङकिङ सम्झौता वार्तामा माओ र च्याङ काई-शेकले दृढतापूर्वक गृहयुद्ध रोक्ने र शान्ति, लोकतन्त्र, एकता र एकीकरणको आधारमा एउटा स्वतन्त्र, स्वाधीन, समृद्ध र शक्तिशाली नौलो चीनको निर्माण गर्ने प्रतिबद्धतासहितको एउटा संयुक्त घोषणापत्र जारी गर्नुभएको थियो । यो संभौता '१० अक्टोबर सम्झौता'का नामबाट प्रख्यात छ ।

उहाँहरूले सम्झौतामा आन्तरिक शान्ति र सुरक्षाका उपायहरूप्रति पनि प्रतिबद्धता व्यक्त गर्ने क्रममा देशको शान्तिपूर्ण निर्माणमाथि विचार-विमर्श गर्न एउटा राजनीतिक सल्लाहकार सम्मेलनको आयोजना गर्ने सम्झौता पनि गर्नुभएको

**सम्झौताको मसीसमेत सुक्न नपाउँदै कोमिन्ताङ्ले गृहयुद्ध शुरू गरेको थियो । कोमिन्ताङको नीति र नियत हेर्दा सम्झौता-वार्तालाई उसले युद्धको तम्तयारीको रूपमा लिएको थियो ।**

थियो । शुरूमा 'राष्ट्रिय मामिलासम्बन्धी सम्मेलन' (National Affairs Conference) को रूपमा लिइएको यसै सम्मेलनलाई पछि (Political Consultative Conference) नामाकरण गरिएको थियो । त्यस सम्मेलनको उद्देश्य भावी संयुक्त सरकार निर्माण गर्नु, राष्ट्रिय सभा बोलाउनु र नयाँ संविधान निर्माण गर्न तम्तयारी गर्नु रहेको थियो ।

गभर्नमेन्ट काउन्सिलका पदहरूको वितरणको सवालमा कोमिन्ताङ्लाई २० सिट, कम्युनिष्ट पार्टीलाई १० सिट र अरू पार्टीहरूलाई ६ सिट बाँडफाँड गर्ने सहमति गरिएको थियो । माओले ४ सिटचाहिं लोकतान्त्रिक लीगलाई दिनु पर्ने माग अगाडि सार्दै दुईतिहाइ सिट कोमिन्ताङ्को पकडभन्दा बाहिर राख्ने र निर्णायक काममा उसको प्रभाव कमजोर पार्ने कार्यनीति अख्तियार गर्नुभएको थियो ।

त्यस्तै सम्झौताको सिलसिलामा माओले कम्युनिष्ट पार्टीको तर्फबाट धेरै नै छूटहरू दिनुभएको थियो । विशेषतः ८ वटा मुक्त क्षेत्रहरूबाट लाल सेनाको फिर्ता र १३ लाख जनसंख्या भएको लाल सेनालाई पुनर्गठन गरी २० देखि २४ डिभिजनमा झार्ने सहमति कायम गरिएको थियो । सम्झौताकै फलस्वरूप याङत्सी नदीसँग जोडिएका कयौं जिल्लाहरूबाट लाल सेनालाई पछाडि हटाइएको थियो । तर दुवै सेनाको राष्ट्रियकरणबारे भने कुनै ठोस सम्झौता गरिएको थिएन ।


सम्झौता-वार्तामा माओले लोकतान्त्रिक शक्तिहरूको हार्दिक एकता कायम गर्न र न्यायपूर्ण मागहरूप्रति कोमिन्ताङ् पार्टी र सरकारभित्रका नरमपन्थीहरूको समर्थन र सहयोग प्राप्त गर्नका लागि कठोर परिश्रम र व्यापक कुटनीतिक प्रयास गर्नुभएको थियो । र, १० अक्टोबरमा सम्झौता भएपछि माओ भोलिपल्टै येनान फर्कनुभएको थियो ।

तर कस्तो विडम्बना भने, सम्झौताको मसीसमेत सुक्न नपाउँदै कोमिन्ताङ्ले गृहयुद्ध शुरू गरेको थियो । कोमिन्ताङको नीति र नियत हेर्दा सम्झौता-वार्तालाई उसले युद्धको तम्तयारीको रूपमा लिएको थियो । वार्ता चलिरहेकै बेला 'डाकू-विनाशक निर्देशन पुस्तिका'को वितरणद्वारा युद्धका लागि आफ्ना सैनिकहरूको मानसिक तयारी गर्ने, '१० अक्टोबर सम्झौता'को दस्तावेज प्रकाशित भएकोलगत्तै लाल सेनामाथि आक्रमणको आदेश दिने र नोभेम्बर १९४५ मा छुङकिङमा एउटा सैनिक सम्मेलन बोलाई मुक्त क्षेत्रहरूविरूद्ध सैनिक कारवाहीको विस्तृत योजना तयार गर्ने कार्य गरिएको थियो ।

वार्ता चलिरहेकै बेला सेप्टेम्बर, १९४५ मा लाल सेनाले च्याङच्याखओमा कोमिन्ताङ्को हमलालाई विफल पार्ने, अक्टोबर, १९४५ को मध्यतिर शानशी प्रान्तमा आक्रमणकारी कोमिन्ताङ्का ३० हजार सैनिकहरूको सफाया गर्ने कार्य गरेका थिए । अक्टोबर महिनाकै अन्त्यतिर बेइजिङ-हाङ्खाओ रेलमार्गमा लाल सेनाविरूद्ध कूच गरिरहेका ७० हजार कोमिन्ताङका सैनिकहरूको उन्मूलन भएपछि कोमिन्ताङको युद्धपिपासू प्रवृत्ति पूरै नांगिएको थियो र लालसेनाचाहिं वार्तासँगसँगै युद्धमा पनि सफलता हात पार्न संकल्परत थियो भन्ने कुरा प्रमाणित भएको थियो ।

इतिहासकार हो कान चका अनुसार, शान्ति र लोकतन्त्रका लागि सम्झौता वार्ता गरिरहँदा गरिरहँदै पनि शत्रुद्वारा गरिनसक्ने हमलाहरूका बारेमा पूर्ण सचेतता र सतर्कता अपनाइएको तथा कोमिन्ताङ्का सैनिकहरूभने युद्ध गर्दागर्दै नराम्ररी थाकिसकेको र मनोबल कमजोर भइसकेको कारणले सबै हमलाहरूको कडा प्रतिरोध गर्ने कार्यमा लाल सेनाले सफलता प्राप्त गरेको थियो ।

युद्धविरामको घोषणाविना नै गरिएको सम्झौता-वार्ताको अवधिलाई कोमिन्ताङ् सरकारले दुरूपयोग गरेको कारणले ऊ जनताबाट पनि नराम्ररी एक्लिएको थियो । वार्ताकै बीच युद्ध संचालन गर्दा जम्माजम्मी एकलाख दश हजार आफ्ना सैनिकहरू गुमाउनु परेपछि जनमतको दवाबस्वरूप १० जनवरी, १९४६ मा उसले कम्युनिष्ट पार्टीसँग युद्धविराम सम्झौता गर्नुपर्यो । र युद्धविराम सम्झौता जारी गरिएकै दिन १० अक्टोबरको सम्झौताअनुसार छुङकिङमा राजनीतिक सल्लाहकार सम्मेलन बोलाइएको थियो । त्यसमा कोमिन्ताङ्, कम्युनिष्ट पार्टी, नौजवान पार्टी (यूथ पार्टी), लोकतान्त्रिक लीगका प्रतिनिधिहरूदेखि स्वतन्त्र रूपमा क्रियाशील प्रतिष्ठित व्यक्तित्वहरूको सहभागिता थियो । ❑



*छुङकिङ वार्ताको क्रममा अमेरिकी राजदूत प्याट्रिक हरले कोमिन्ताङ्का नेता च्याङ काई-शेक र माओका साथ अन्य वार्ताकारहरु (बायाँबाट क्रमशः)*

# जीवनको उत्पत्तिबारे नयाँ सिद्धान्त

*प्राचीन जीवनरहित अवस्थाको पृथ्वीमा जीवनको शुरूवात कस्तो ठाउँमा भयो र त्यहाँ केले प्राथमिक भूमिका खेल्यो ?*

पृथ्वीमा जीवनको उत्पत्ति अरबौं वर्ष पहिले एक कोषीय सूक्ष्म जीवबाट भएको हो । यो कथन अब सर्वस्वीकार्य भइसकेको छ । वैज्ञानिक समाजमा मात्र होइन, प्राथमिक स्तरको बौद्धिक समाजमा पनि यो कुरालाई सत्यको रूपमा लिने गरिएको भेटिन्छ ।

तर जीवनरहित प्राचीन पृथ्वीमा अजैविक पदार्थबाट शुरूमा कसरी एक कोषीय जीवको उत्पत्ति भयो भन्ने विषयमा वैज्ञानिकहरूले अझै एकिन गरेर भन्न सकेका छैनन् । यस विषयमा वैज्ञानिकहरूले विभिन्न फरक फरक धारणा राख्दै आएका छन् ।

वैज्ञानिकहरूबीच मतैक्यता केमा छ भने पृथ्वीको उत्पत्तिको दुई अढाई अर्ब वर्षसम्म पनि पृथ्वीमा कुनै जीवको अस्तित्व थिएन । र, त्यतिखेरको वायुमण्डलमा कार्वनडाइअक्साइड, एमोनिया, मिथेनजस्ता ग्याँसहरू र पानीका कणहरूको बाहुल्यता थियो । यो स्थिति जीवनको उत्पित्तिको लागि अनुकूल थियो । र, सौर्य विकिरण, अन्तरिक्ष किरण र आकाशमा बिजुली चम्काइले पानीमा ती वस्तुहरूबीच रासायनिक प्रतिक्रियाको जन्म गरायो । त्यही रासायनिक प्रतिक्रियाले नै शुरूमा न्यूक्लिक अम्लजस्ता जैविक पदार्थको जन्म भयो । र, पछाडि त्यसैबाट प्रोटिन यौगिकको उत्पत्ति भयो ।

न्यूक्लिक अम्ल यस्तो जैविक अम्ल हो, जसले आफूजस्तै अर्को वस्तु उत्पादन गर्न सक्छ । र, यही नै जीवनको प्रारम्भिक रूप थियो । प्रारम्भिक जीवन अस्तित्वमा आइसकेपछि वैज्ञानिक चार्ल्स डार्विनको 'क्रमविकास' (evolution)को सिद्धान्त अनुसार लाखौं, करोडौं र अरबौं वर्षबीच क्रमशः एक कोषीयबाट वहु कोषीय हुँदै सूक्ष्म र साना साना जीवहरूबाट ठूला ठूला जीवहरूमा जीवनको विकास भयो । यस कुरामा वैज्ञानिकहरूको मतैक्यता भेटिन्छ ।

प्राचीन जीवनरहित अवस्थाको पृथ्वीमा जीवनको शुरूवात कस्तो ठाउँमा भयो र त्यहाँ केले प्राथमिक भूमिका खेल्यो ? यो प्रश्न सधैं अनुत्तरित नै हुँदै आयो । तर हालैमात्र एक जर्मन र एक अंग्रेज वैज्ञानिकले त्यस प्रश्नको चित्तबुझ्दो उत्तर दिन खोजेका छन् ।

जर्मनीको हेनरिच हेन विश्वविद्यालयका विलियम मार्टिन र बेलायतको ग्लास्गोस्थित 'स्कोटिश युनिभर्सिटिज इनभायरमेन्टल रिसर्च सेन्टर'का माइकेल रसेलले हालैमात्र नयाँ सिद्धान्त के अगाडि ल्याएका छन् भने सम्भवतः चार अर्ब वर्ष पहिले महासागरीय पिंधको चट्टानमा नै जीवनको पहिलो रूपको उत्पत्ति भयो । उनीहरूका अनुसार पानीभित्रको चट्टानमा रहेको खनिजभित्र रहेका सूक्ष्म खोपिल्टाहरूमा नै जीवनको पहिलो रूप अर्थात् पहिलो सूक्ष्म जीवको



*माहुरीको चाका आकारको फलाम सल्फाइड, जहाँ जीवन सृष्टिको लागि राम्रो वातावरण हुन्छ*

कोषले आकार लिन सम्भव भयो । जीवनको उत्पत्तिको लागि अजैविक पदार्थहरूबाट जैविक प्रतिक्रिया हुन अनुकूल वातावरण दिने त्यो खनिज के थियो त ? वैज्ञानिकहरू मार्टिन र रसेलका अनुसार त्यो खनिज 'फलाम सल्फाइड' (Iron sulphide, $Fe_2S_3$) हो ।

माथि पनि भनिसकियो, पृथ्वीमा स्वयंबाट नै आफूजस्तै अर्को उत्पादन गर्न सक्ने ठूला अणुहरू अर्थात् प्रोटिनहरू सबभन्दा पहिले देखा परे । वैज्ञानिकहरू मार्टिन र रसेलका अनुसार जीवनको शुरू हुनेबेला अजैविक अणुहरूलाई जैविक अणुहरूसित जोड्ने अर्थात् प्रोटिन अणु बनाउने प्रक्रियालाई गतिवान पार्ने काममा फलाम सल्फाइडले महत्वपूर्ण भूमिका खेल्यो ।

अनुसन्धानको क्रममा वैज्ञानिकहरू मार्टिन र रसेलले खोलाबाट बाहिर निस्कंदै गरेको तातो पानीले महासागरीय पिंधमा जम्मा गरेका माहुरीको चाकामा पाइने षट्कोणाकारजस्ता फलाम सल्फाइडका भित्ताहरूले बनेका कोठाहरूभित्र अजैविक अणुहरूलाई जैविक अणुहरूमा बदल्ने जैविक प्रतिक्रियाका लागि चाहिने एमोनिया, कार्वनडाईअक्साइड आदिजस्ता कच्चा पदार्थहरू प्रशस्त छन् भन्ने कुरा पत्ता लगाए । ती पदार्थहरूलाई व्याक्टरियाले इन्धनको रूपमा प्रयोग गर्न सक्दछ । उनीहरूका अनुसार फलाम सल्फाइडको पर्खालले घेरिएको कोठाभित्रका सरल अणुहरू बढी घनत्वका अणुहरूमा बदलिन सक्छन् । र, ती अणुहरू नै प्रोटिन र वंशाणुगत पदार्थजस्ता जटिल अणुहरूको उत्पत्तिको निम्ति भिल्को बन्न सक्छन् ।

मार्टिन र रसेलले प्राथमिक जीवनका दुई मुख्य वर्गहरू व्याक्टेरिया र आर्किव्याक्टेरियाको गहिरो अध्ययन गरेका छन् । उनीहरूले के पत्ता लगाएका छन् भने ती दुई वर्गका सूक्ष्म जीवहरूमा विशेष खालका कोष भित्ताहरू (cell walls) पाइन्छन्, जसले तिनीहरू पक्कै पनि दुई पटकमा आएको कुराको संकेत दिन्छ । व्याक्टेरिया र आर्किव्याक्टेरियासँग सयौं समान वंशाणुहरू रहेको तथ्य पत्ता लागेको छ ।


मार्टिन र रसेलको के विश्वास छ भने व्याक्टेरिया र आर्किव्याक्टेरिया दुबैले अलग अलग करिब ३.८ अर्ब वर्ष पहिले चट्टानी वस्तुलाई आफ्नो उत्पत्तिको थलो बनाए । तर अहिलेसम्म करिब २.५ अर्ब वर्ष पुरानो व्याक्टेरियाको जीवावशेषमात्र विवादरहित हुन सकेको छ ।

जीव विकासको विज्ञानमा मार्टिन र रसेलले हालै प्रकाशमा ल्याएका तथ्यहरू र सिद्धान्तहरूप्रति शंकाको आँखाले हेर्ने वैज्ञानिकहरू पनि नभएका होइनन्, तर उनीहरूको काम र सिद्धान्तले जीवनको उत्पत्तिसम्बन्धी सिद्धान्तमा एउटा ईटा थपेको छ भन्ने कुरालाई भने कसैले नकारेको स्थिति छैन ।

○ तुल्सीदास महर्जन

*सन्दर्भ स्रोत : Nature News Service*

*तातो पानी बहने यस्ता खोलाहरुले महासागरीय पिंधमा माहुरीको चाका पाइने कोठा आकारको फलाम सल्फाइड जम्मा गर्छन्, जुन जीवन सृष्टिको लागि उपयुक्त ठाउँ भयो होला ।*



# रंगमंचका बद्री अधिकारी टेलिश्रृंखलाहरूतिर


○ गोविन्द वर्तमान

**'सहयात्री' उपन्यासमा टेलिश्रृंखला निर्माण शुरू**

रंगमंचको क्षेत्रबाट कलायात्रा आरम्भ गरेका एक प्रतिभाशाली कलाकार बद्री अधिकारी यतिबेला सानो पर्दाको चलचित्र निर्माणमा सक्रिय छन् । दुई दशकअघि आरोहणद्वारा प्रस्तुत भारतीय साहित्यकार मोहन राकेशको नाटक *आषाढको एक दिन*मा केन्द्रीय पात्र कालिदासको भूमिकामा प्रशंसनीय अभिनय गरेका बद्री अधिकारीले त्यसअघि पनि थुप्रै नाटकहरूमा समर्थ कलाकारिता देखाइसकेका थिए । तर अचेल उनी चलचित्रतिरै एकाग्र छन् । वरिष्ठ साहित्यकार रमेश विकलको महत्वपूर्ण उपन्यास *अविरल बग्दछ इन्द्रावती*लाई टेलिश्रृंखलाका रूपमा प्रस्तुत गरेदेख थुप्रै दर्शक तथा कलापारखीहरूले बद्री अधिकारीलाई एउटा कुशल चलचित्रकर्मीका रूपमा चिन्न थालेका हुन् । उनी अहिले अर्को टेलिश्रृंखलाको लेखन तथा निर्देशनमा व्यस्त छन् । त्यसको नाउँ हो : *सहयात्री* ।

शितविन्दुको उपन्यास *सहयात्री*लाई चलचित्रकरण गर्ने प्रक्रिया शुरू भैसकेको छ । बद्री अधिकारीका अनुसार निश्चित भागसम्म यसको पटकथा लेखिइसकेको छ भने चार भाग जति शुटिङ्गसमेत भइसकेको छ । रमेश विकलजस्ता प्रशिद्ध लेखकको *अविरल बग्दछ इन्द्रावती*जस्तो उत्कृष्ट कृतिपछि तुलनात्मक रूपमा कमजोर साहित्यिक कृतिलाई चलचित्रकरणका निम्ति किन रोज्नुभयो भन्ने एक प्रश्नको उत्तरमा बद्री अधिकारी भन्छन् :

"मैले जहिले पनि मेरा समकालीन मित्रहरूले भन्दा पृथक चीज रोज्दै आएको छु । *सहयात्री* उपन्यास पंचायतकालीन कथावस्तुमा आधारित राजनीतिक जागरणको विषय भएको उपन्यास हो । त्यसभित्र प्रजातान्त्रिक आन्दोलनमा महिलाहरूको, त्यसमा पनि विशेषतः ग्रामीण महिलाहरूको भूमिकाको सशक्त चित्रण छ । म त्यसबाट प्रभावित भएँ । त्यसैले मैले आफ्नो आगामी टेलिश्रृंखलाको निम्ति त्यस उपन्यासलाई रोजेको हुँ । *अविरल बग्छ इन्द्रावती* मा मलाई त्यसभित्रको कलात्मक सौन्दर्य र विशिष्ट यथार्थले घच्घच्याएको थियो भने *सहयात्री*मा मलाई चलचित्रकरणका निम्ति त्यसको विचारले घच्घच्याएको हो ।"




*निर्माणाधीन 'सहयात्री' टेलिश्रृंखलाको एक दृश्य*

साहित्यिक मूल्य र पाठक क्षेत्रमा प्रभावको दृष्टिले *सहयात्री* उपन्यास धेरै चर्चित कृति होइन । तर बद्री अधिकारीलाई प्रजातान्त्रिक आन्दोलनमा महिलाहरूको सहयात्राको विषय र त्यसद्वारा व्यक्त भएको विचारले निक्कै प्रभावित गरेको उनी बताउँछन् । त्यसैले उनी अझ स्पष्ट शब्दमा भन्छन्- "विचारलाई चित्रमा रूपान्तरण गर्दा त्यो कस्तो हुन्छ ? आम दर्शकका निम्ति त्यो कत्तिको रोचक हुन्छ ? यी प्रश्नहरूको जवाफ खोज्न मैले *सहयात्री*लाई टेलिश्रृंखलाको निम्ति रोजेको हुँ । टेलिश्रृंखला *अलिरल बग्दछ इन्द्रावती* यथार्थको चित्र थियो भने *सहयात्री* विचारको टेलिश्रृंखला हुनेछ । यी भिन्नताहरूसहित दुवैमा रहेको समानता चाहिं के हो भने दुवै क्रान्तिकारी रचनाहरू हुन् ।"

उपन्यास *सहयात्री* मूलतः पश्चिमी नेपालको गुल्मी जिल्लाको कथा भएकाले केही समयअघि बद्री अधिकारी गुल्मी पुगेर कथामाथिको वास्तविकतासँग साक्षात्कार गरेर समेत आएका छन् । उनी भन्छन् : "म गुल्मी गएँ । त्यहाँको अवस्था हेरें, बुझें । किताबमा पोखराको सन्दर्भ पनि छ । त्यसलाई बुझ्न मैले केही समय पोखरा पनि बिताएँ । ती दुवै ठाउँहरू पटकथामा आएका छन् र म शुटिङ्गका लागि पनि त्यता जाँदैछु ।"

हाल काम गरिरहेको यस टेलिश्रृंखला *अविरल बग्दछ इन्द्रावती* भन्दा कमजोर नहुने र यो आम दर्शकहरूका निम्ति



*निर्देशक बद्री अधिकारी*

सार्थक मनोरंजन हुने कुरामा उनी आशावादी छन् । तर पनि अघिल्लो रचना *इन्द्रावती*का बारेमा कुरा गर्दा उनी सन्तुष्ट मुद्रामा भन्छन् : "*अविरल बग्छ इन्द्रावती*लाई टेलिश्रृंखलाका रूपमा प्रस्तुत गरेर सबै तहका दर्शकहरूबाट मैले जुन प्रशंसा आर्जन गरें, त्यो मेरो आजसम्मको जीवनको सबभन्दा ठूलो उपलब्धि हो जस्तो मलाई लाग्छ । त्यसमा मैले एउटा साहित्यिक कृतिमाथि न्याय गर्न सकेको सन्तुष्टि एकातिर छ भने अर्कोतिर उपन्यास नपढेका र साहित्यिक रूचि पनि नभएका आम दर्शकलाई मनोरंजन पनि दिनसक्ने क्षमता त्यस श्रृंखलामा देखिएको सुखानुभूति छ । त्यस कृतिमार्फत् उपन्यासकारले दिन खोजेको सन्देश पनि टेलिश्रृंखलामा राम्ररी चित्रित भएको कुरा स्वयं रमेश विकलले बताउनुभएको छ । यी सबै कारणले म त्यसमा पूर्ण सन्तुष्ट छु । त्यसैले अब त्यत्तिकै राम्रो काम गर्न सकिन्छ कि सकिँदैन भन्ने सन्देहले पनि मलाई लखेटिरहन्छ ।"

यति भनिसकेपछि बद्री अधिकारीलाई यस पंक्तिकारले सोधेको एउटा प्रश्नमा उनले भनेका छन् : "हामी अझै पनि यस क्षेत्रमा प्राविधिक रूपमा धेरै कमजोर छौं । चलचित्र निर्माणका निम्ति अत्यावश्यक हुने अत्याधुनिक उपकरणहरू हामीलाई चाहिएको बेलामा हामी पाउँदैनौं । दश भाग बनाएपछि एघारौं भाग शुरू गर्न हामीलाई प्राविधिक उपकरणको अभावले गर्दा महिनौं कुर्नु पर्ने बाध्यता आइरहन्छ । खोलाको बाढी खिच्नु पर्ने क्यामरा अर्काको हातबाट फेरि हाम्रो हातमा आइपुग्दा बाढी सुकिसकेको हुन्छ । हरिया पहाडहरू फुस्रा भैसकेका हुन्छन् । फूलहरू ओइलाएर झरिसकेका हुन्छन् । यस्ता कठिनाइहरूबीच हामीले काम गर्नुपर्ने अवस्था छ । त्यसैले भारत, पाकिस्तान वा अन्य मुलुकमा बन्ने गरेका उत्कृष्ट टेलिश्रृंखलाका दाँजोमा हाम्रा टेलिफिल्म वा सिरियलहरू कमजोर नै हुने गरेका छन् । यो कमजोरी *अविरल बग्छ इन्द्रावती*मा पनि कतै कतै देख्न सकिन्छ । तर नेपाली श्रृंखलाहरूसँग दाँज्ने हो भने त्यसलाई म उत्कृष्ट नै पाउँछु ।"

यति भनिसकेपछि उनले के कुरा अझ प्रष्ट पारे भने चलचित्र कर्मको लामो प्रक्रियामा आर्थिक रूपमा नेपाली चलचित्रकर्मीहरू पराधीन हुने गरेका छन् । यो पराधीनताले कृतिको गुणवत्तालाई असर गर्ने गरेको छ । अन्यथा, सिर्जनात्मक सोच र कौशलका हिसाबले सक्षम चलचित्रकर्मीहरू नेपालमा पनि उल्लेखनीय संख्यामा देखा परिसकेका छन् ।

शितविन्दुको उपन्यास 'सहयात्री'लाई चलचित्रकरण गर्ने प्रक्रिया शुरु भैसकेको छ



*'सहयात्री' टेलिश्रृंखलाका कथा लेखक शितविन्दु अर्थात् प्रदिप ज्ञवाली*

रंगकर्मलाई चटक्क छोडेर तपाई किन र कसरी चलचित्रकर्ममा पुग्नुभयो ? एउटा यस्तो प्रश्नको सामना गर्दै बद्री अधिकारी भन्छन् : "चलचित्र पनि रंगकर्मको एउटा रूप हो । यसमा दृष्यहरूको छायांकन कतै रंगमंच, कतै सडक र कतै कोठामा गरिन्छ । त्यस क्रममा क्यामरा हाम्रो दर्शक हो र हामी रंगकर्मीहरू हौं भन्ने मलाई लागिरहन्छ । त्यसैले चलचित्रको क्षेत्रमा रहँदा पनि मैले रंगकर्मलाई छोडेको जस्तो म अनुभव गर्दिन ।"


उनले त्यसो भने पनि चलचित्र र रंगमंच दृष्य माध्यमका दुई फरक विधाहरू हुन् । त्यसैले रंगमंचबाट उनको कथित पलायनबारे उनले थप कुरा प्रष्ट्याउनु अझै जरूरी हुन्छ । त्यसैले सोधिएको एउटा अर्को प्रश्नको उत्तरमा उनले भने :

"चलचित्र र रंगमंचको भाषा बेग्लै हुन्छ । चलचित्रमा एउटा फ्रेमभित्र एउटा ढलेको गिलाँसले आफैं संवाद बोल्छ । तर पनि चलचित्र र रंगमंच एक आपसमा असम्बन्धित विधा होइनन् । फरक के हो भने, विज्ञान र प्रविधिको विकासका कारणले आजको समयमा रंगकर्मभन्दा चलचित्र अभिव्यक्तिको माध्यमको रूपमा बढी सशक्त छ । विश्वव्यापी रूपमा नै वास्तविक स्थिति यही हो । अहिलेको समयमा चलचित्र अभिव्यक्तिको कालजयी माध्यम हो जस्तो मलाई लाग्छ । त्यसैले म अरू थुप्रैले भन्ने गरेजस्तो रंगकर्मलाई नै पहिलो र अन्तिम प्रेम भन्न असमर्थ छु ।"

आफू चलचित्रतिर लहसिए पनि आफूसमेतले स्थापना गरेको नाट्य संस्था *आरोहण*प्रति सद्भाव र सहयोगी भावना बद्री अधिकारीमा पर्याप्त छ । *आरोहण*लाई सल्लाह, सुझाव र कहिलेकाहीं लेखनबाट पनि आफूले सहयोग गर्दै आएको कुरा गर्वसाथ उल्लेख गर्दै उनी भन्छन् : "त्यसैले म रंगकर्मबाट भागेको छैन ।"

गुरूकुलमा सुनील पोखरेल र अनुप बरालका नाट्यकर्मीहरूले आवश्यक दर्शकहरू नपाइरहेको समस्याप्रति पनि बद्री अधिकारी हामीजस्तै चिन्तित छन् । यस स्थितिलाई भत्काएर रंगमंचप्रति आम मानिसको अभिरूचि पैदा गर्न संगठित रूपले विभिन्न प्रकारका कामहरू गरिएनन् भने अबका दिनहरूमा एक दुईटा विज्ञापन र दुई चारवटा प्रशंसात्मक टिप्पणीहरूले दर्शकहरू बढाउने छैनन् भन्ने उनको भनाइ वास्तविकता प्रतीत हुन्छ ।

रंगकर्मबाट टाढा पुगेझैं देखिएका बद्री अधिकारी निकट भविष्यमा बालकहरूका निम्ति तयार गरिने नाटकहरूबाट रंगमंचमा देखा पर्ने कुरा बताउँदै भन्छन् : "मैले नाटक छोडेको छैन भन्ने कुराको त्यो पनि एउटा प्रमाण हुनेछ ।" ❑






*'सहयात्री' का नायक शेखर चापागाईं र नायिका शुभेच्छा थापा*

■ किताब

**नेपाली** उपन्यास लेखनमा प्रदिप नेपालको निरन्तरता र सक्रिय उपस्थितिलाई सह्राहनीय ठान्नु गल्ती हुने देखिँदैन । बितेको तीन वर्षको अवधिमा उनका तीनवटा औपन्यासिक कृति गम्भीर पाठकका हातमा परेका छन् । नेपाली राजनीतिका एक व्यस्त खेलाडीले कलात्मक उँचाइ भएको र रचनात्मक दृष्टिबाट उर्जावान साहित्य दिनु कदापि ख्यालठट्टाको विषय होइन । 'नन्दिता' उनको पछिल्लो एवं दशौं उपन्यास हो ।




पोषक समेत भएर देखा पर्न थाल्दछ । छयालीस सालअगाडि राजनीतिक दलहरूले गरेका परिवर्तनकामी चहलपहललाई ऊ फुटेको आँखाले पनि देख्न सक्दैन, तिनै कारणहरूले गर्दा विस्तारै-विस्तारै ऊ नन्दिता-लगायत सिंगो परिवारबाट टाढिँदै जान्छ । र, अर्कै केटीसित विवाहसमेत गर्न पुग्दछ । शिक्षित भएर पनि राजनीतिक र सामाजिक परिवर्तनहरूप्रति पूर्णतया बेखबर बस्न रूचाउने नन्दिताले ऊसित छोडपत्र गर्दछे र छुट्टै

# पारिवारिक विखण्डनको तस्वीर- 'नन्दिता'

**'नन्दिता'ले एउटी नारीको संघर्षशील एवं सहनशील पक्षको उद्घाटन मात्र गरेको छैन, नेपाली समाजमा हुर्किएको रामचन्द्र प्रवृत्तिको सहज ढंगले शल्यक्रियासमेत गरेको छ**

'नन्दिता' एउटा विखण्डित परिवारको मार्मिक कथा हो । तर, त्यो विखण्डनमा प्रमुख भूमिका निर्वाह गर्ने काम भने राजनीतिले गरेको छ । आधुनिकताको तीव्र चपेटामा नपरिसकेको बीस-बाईस सालको काठमाण्डौबाट शुरू भएको एउटा परिवारको कथा अनेक कालखण्डहरू छिचोल्दै बहुदलीय व्यवस्थाको स्थापनाको केही वर्षपछि दुःखद् विभाजनमा पुगेर टुंगिएको शब्दचित्र हो- 'नन्दिता' ।

प्रोफेसर रामचन्द्र एक सम्वेदनशील, सचेत र परिवर्तनकामी व्यक्ति हुन्छ । समयक्रममा आफ्नै क्याम्पसकी छात्रा नन्दितासित उसको विवाह हुन्छ । पूर्वी नेपालको भोजपुरका स्थायी वासिन्दा रामचन्द्र काठमाण्डौमा डेराको जिन्दगी गुजार्दै आफ्नो पेशामा मग्न हुन्छ र अध्ययनकै क्रममा विवाह बन्धनमा बाँधिएकी आफ्नी पत्नीलाई पनि अध्ययनमा जोड दिन्छ ऊ । त्यसो त रामचन्द्र परिवर्तनको पक्षमा उभिने व्यक्ति र संस्थाहरूप्रति सहानुभूतिशील नजरमात्र राख्दैन, उनीहरूमाथि प्रशासनिक दमन हुँदा सम्वेदनशील समेत बन्न पुग्दछ ।

तर उसले एकाएक प्राध्यापन पेशा छाडेर वकालत गर्न थाल्दछ । औधी फष्टाउन थाल्छ उसको वकालत पेशा । उसले त्यो पेशालाई विस्तारै 'पैसा' थुपार्ने माध्यम बनाउन थाल्छ । र, काठमाण्डौमा आकर्षक घर, घडेरी समेत जोड्दछ । पैसाका निम्ति ऊ वकालत पेशाका मूल्य र मान्यताहरूको ठीक उल्टो चल्न थाल्दछ ।

कुनै सयम तत्कालीन व्यवस्थाका विरूद्ध ओर्लिनेहरूप्रति सहानुभूति देखाउने रामचन्द्र विस्तारै आन्दोलनकारीहरूका विपक्षमा खडा मात्र हुँदैन, तत्कालीन व्यवस्थाको घनिष्ट जीवनयात्रा शुरू गर्न थाल्दछे ।

आफ्नो कथित अस्तित्व जगेर्नाका निम्ति समस्त मानवीय आदर्श र उज्ज्वल जीवन-मूल्यहरूको क्रमशः हत्या गरिरहेको रामचन्द्र र जीवनका सामु ओइरिएका आँधीबेहरीलाई धैर्यता र बुद्धिमत्तापूर्ण ढंगले पन्छाउने नन्दिताबीचको प्रेम, आत्मीयता, सहयोग र द्वन्दको सजीव तस्वीर खिचिएको छ- 'नन्दिता'मा ।

अनैतिक कार्यहरूको छेऊ समातेर रातारात सम्पन्न जीवनयापन गर्ने तहसम्म आफूलाई पुऱ्याउने, सत्यको विपक्षमा उभिने, पारिवारिक विखण्डनमा रमाउने र आफ्नो धरातल बिर्सने रामचन्द्रको कथा समेटिएको 'नन्दिता'ले एउटी नारीको संघर्षशील एवं सहनशील पक्षको उद्घाटन मात्र गरेको छैन, नेपाली समाजमा हुर्किएको रामचन्द्र प्रवृत्तिको सहज ढंगले शल्यक्रियासमेत गरेको छ । उपन्यासकार नेपालको स्वीकारोक्तिले पनि धेरै कुरा बताउन चाहेको छ- "उपन्यासमा राजनीति र अराजनीतिको बहस नगर्दा नै राम्रो होला । सक्रिय राजनीतिबाट पृथक हुनासाथ व्यक्तिको जीवन राजनीतिबाट पन्छिंदैन । राजनीतिको आरोह-अवरोहले उसको जीवनलाई प्रभावित तुल्याइरहेको हुन्छ । नन्दिताको जीवन यही चेतना श्रृंखलामा छ ।"

बिट मार्ने क्रममा 'नन्दिता' सम्वेदनहीनताको कवच पहिरिने र त्यसलाई मिल्काउन चाहने दुई चेतनशील प्राणीबीचको द्वन्द हो, जसले जीवनको अर्थवान्, मूल्यवादी र महत्वपूर्ण पक्षको पर्दा उघार्ने कार्यमा आफ्नो भूमिका निर्वाह गरेको छ ।

■ **विवश वस्ती**

■ उल्लेख्य




**संविधानसभा : संभावना र चुनौती**
विधा : लेखहरुको संगालो
लेखक : विभिन्न लेखकहरु
प्रकाशक : बौद्धिक ऐक्यबद्धता समूह, जनएकता साप्ताहिक
पृष्ठ : १५८
मूल्य : रु. ६०/-
मूल्य : रु. १५०/- संस्थागत

**आफ्नै देश विरानो भयो**
विधा : कविता संग्रह
लेखक : भरतराज पीडित
पृष्ठ : ५२+१६
मूल्य : रु. ३१/- व्यक्तिगत
मूल्य : रु. ५१/- संस्थागत






**नागदहको थिति**
विधा : निबन्ध संग्रह
लेखक : माधवराज पोखरेल
प्रकाशक : साझा प्रकाशन
पृष्ठ : २२४+५
मूल्य : रु. १२९/-

**नेपालमा नारीवाद**
विधा : लेखहरुको संगालो
लेखक : कमला पराजुली
प्रकाशक : बुधवार प्रकाशन
पृष्ठ : १५४+१४
मूल्य : रु. १००/-







**आषाढस्य प्रथम दिवसे**
विधा : व्यंग्यात्मक निबन्ध संगालो
लेखक : रुद्र खरेल
प्रकाशक : लेखक स्वयं
पृष्ठ : ७७
मूल्य : रु. ३५०/-

**शताब्दीको पहिलो बिहानी**
विधा : कविता संग्रह
लेखक : झलनाथ खनाल
प्रकाशक : कञ्चनजङघा प्रकाशन, काठमाण्डौ
पृष्ठ : १६२
मूल्य : रु. १००/-



## १३ पेजको बाँकी

माओवादी बन्दी रिहा गर्नेजस्ता बूँदा गायव थिए र सेना परिचालन गरिराख्ने खालका बूँदाहरू थिए, जसमाथि माओवादीले गम्भीर आपत्ति जनायो ।

त्यसपछि त आचारसंहिता निर्माण प्रक्रिया नै अवरूद्ध हुन पुगेको थियो । डेढ महिना लगाएर जुन आचारसंहिताको घोषणा भयो, त्यो वास्तवमा चौथो आचारसंहिता थियो ।

यस्तो हुनुको पछाडिको कारण के थियो भने युद्धविरामको ठीक एक महिनापछि फागुन १६ गते 'युद्धविरामपछि सुरक्षा फौजले अपनाउनु पर्ने रणनीति तय गर्न र सुरक्षा फौजको मूल्यांकन गर्न' बसेको समन्वयात्मक बैठकमा प्रधानसेनापति प्यारजंग थापाले नै सेना परिचालनको आवश्यकता बोध हुने गरी विचार व्यक्त गरेर सत्ता पक्षको चाहनाको पुष्टि गर्ने ठाउँ बनाइदिनुभयो । शाही नेपाली सेनाको बलाधिकृत विभागको संयोजकत्वमा भएको सो बैठकमा प्रमुख सैनिक सचिव, राष्ट्रिय सुरक्षा परिषद्का संयोजक, रथीहरू, पृतनापति तथा बाहिनीहरूको उपस्थिति थियो, जहाँ प्रधान सेनापति थापाले 'युद्धविरामको वातावरण बनाउने क्रममा जनताको शान्तिसुरक्षा भने कमजोर हुनु नहुने' निर्देशन नै दिनुभएको थियो ।

'नेपालका प्रचलित ऐन र कानून बर्खिलाप हुने कुनै पनि कार्य हुन नदिन सचेत रहन' प्रधानसेनापतिले निर्देशन दिनुभएको सो बैठकमा पृतनापति तथा बाहिनीपतिहरूले पनि 'अहिले माओवादीहरूले विगतमा जस्तो हठात् युद्धविराम भंग गरेर आक्रमण नगरून् भनेर सचेत रहेको' बताएका थिए ।

जुन बेला मन्त्री नारायाणसिंह पुन राजनीतिक सहमतिको खोजीमा दौडधूप गरिरहेका थिए, अर्कोतिर त्यति नै बेला सुरक्षा फौजको गुप्तचर संयन्त्रले माओवादी नेताद्वय शर्मा र महरा राजनीतिक परिस्थिति पार्टीको हितअनुकूल छ कि छैन भनेर जानकारी लिनमात्रै राजधानी आएको रिपोर्ट बुझाउँदै थियो । माओवादी नेताहरूले वार्ताप्रतिको प्रतिवद्धता पटक पटक दोहोर्‍याइरहेको बेला सो संयन्त्रले भने माओवादी अहिले पनि वार्ताभन्दा युद्धकै पक्षमा बढी भएको प्रतिवेदन दिँदै थियो । सोही अधारमा शाही नेपाली सेनाले त्यतिबेला युद्धविराम भंग भइहालेको अवस्थामा समेत मुलुकमा जुनसुकै क्षेत्रमा पनि प्रतिकार गर्न सक्ने गरी सुरक्षा फौज खटाउने निर्णय गरिसकेको बुझिएको छ । युद्धविराम भए पनि सेना आचारसंहिताबमोजिम ब्यारेक नर्फनुको मुख्य कारण संभवतः यही थियो । युद्धविराम आचारसंहिता बन्न ढिलो हुनुको कारण पनि संभवतः यही थियो ।

अन्ततः बल्खुस्थित एमाले कार्यालयमा ११ वामको बैठकले सम्पूर्ण बामपन्थीहरू नेपाली कांग्रेससित मिलेर ०४६ सालको आन्दोलनको रक्षा र अग्रगमनको निम्ति तैयार भएको वक्तव्य निक्लेपछि मात्र सत्तापक्ष बल्ल युद्धविराम आचारसंहिता घोषणा गर्न तयार भएको थियो ।

### वार्ताका जटिलताहरू

माओवादी पक्ष यसपल्ट आवश्यकताभन्दा पनि ज्यादा लचिलो देखिएको छ । वार्तामा लचिलोपन राम्रो कुरा हो । तर लचिलोपन अनावश्यक रूपले अति भयो भने त्यसले कमजोरीको सन्देश नै ज्यादा दिने हुन्छ ।

माओवादीको यस पटकको वार्ता टोलीको संरचना र प्रकृति हेर्दा ऊ यसपल्ट वार्ताकै टेवुलबाट निकास खोजीछाड्ने उद्देश्यले गम्भीर भएर वार्तामा आएको देखिन्छ । तर राज्यपक्ष भने माओवादी पक्षजस्तो वार्ताको मामलामा गम्भीर र जिम्मेवार देखिएको छैन । चैत्रको तेस्रो सातासम्म उसले पूर्ण वार्ता टोलीसमेत बनाउन सकेको छैन । मन्त्रिपरिषद्का जिम्मेवार सदस्यहरू र वार्ता टोलीका संयोजक नारायण सिंह पुनबीच राम्रो सम्बन्ध र संवादको स्थितिसमेत देखिँदैन । संचार मन्त्रीलगायत मन्त्रिपरिषद्का केही वरिष्ठ सदस्यहरूले, जसको मानसिकता र इर्ष्याको कारणले मन्त्री पुनलाई असहयोग गरिरहेको कुरा मन्त्रिपरिषद् निकटका विश्वस्त सूत्रहरू बताउँछन् । मन्त्री पुनले सिधै दरवारको निर्देशन र आडमा मात्र काम गरिरहेको र मन्त्री पुनका कतिपय कदमहरूबारे गृहमन्त्री र प्रधानमन्त्रीलाई समेत जानकारी हुने नगरेको समाचार स्रोतहरू बताउँछन् । यतिसम्म कि कुन मितिमा कसरी युद्धविराम हुँदैछ, प्र.मं. स्वयंलाई थाहा नभएको बताइन्छ । मन्त्री पुनको संयोजकत्वमा 'माओवादी समस्या तथा राष्ट्रिय समस्या समाधान उच्चस्तरीय आयोग' बनेको र त्यसले युद्धविरामपूर्व सिधै माओवादीसित संपर्क गरेको कुरा मन्त्रिपरिषद्का कुनै सदस्यलाई पनि थाहा नभएको बुझिएको छ । मन्त्री पुनले मन्त्रिपरिषद्बाट वार्ता सम्बन्धमा कुनै महत्वपूर्ण नीति-निर्णय गराउनु पर्दा आफैले सिधै गर्न नसकेर दरवारको सचिवालयमार्फत् गराउनु परेको बताइन्छ । मन्त्रिपरिषद्भित्रकै यो द्वन्द, असहयोग र संवादहीन स्थितिले वार्ता प्रक्रियालाई निक्कै जटिल बनाउनु संभव छ । दुई महिना बितिसक्दा पनि राज्यले आफ्नो पूर्ण वार्ता टोली बनाउन नसक्नुका पछाडिको एउटा प्रमुख कारण मन्त्रिपरिषद्भित्रको अस्वस्थ द्वन्द देखिन्छ ।

संस्थापन पक्ष सेनाको र अमेरिकाको सल्लाहअनुसार वर्तालाई सकेसम्म लामो समय लिने गरी तन्काउने रणनीतिको पक्षमा देखिएको छ । यसका दुईटा संभावित उद्देश्य देखिन्छन्- एउटा, वार्ताको लामो लम्बाईभित्र बाह्य सहयोग जुटाउनु र सैनिक दमनको तयारीको काम पूरा गर्नु र सैनिक दमनद्वारा कमजोर बनाइसकेपछि मात्र माओवादीसित वास्तविक रूपले वार्ता गर्नु, दोस्रो, माओवादीलाई यसबीच सबै तरहले बदनाम गर्नु, एक्ल्याउनु र थकाउनु । युद्धविरामका निम्ति माओवादी नेताहरू दरवार पसेको भ्रामक समाचार संस्थापन पक्षले नै जानाजान बजारमा छ्याप्छ्याप्ती पारेको बताइन्छ । यसले संसदीय दलहरू र जनसमुदायमा पैदा गरेको अविश्वास र भ्रम साफ गर्न नै माओवादी पक्षलाई लामो समय लागेको जगजाहेर छ ।

वार्तालाई सकेसम्म लम्ब्याउने र वार्ताको पर्दाभित्र समस्याको सैनिक समाधानमा जोड लाउने राज्य पक्षको रणनीतिले यस पटकको वार्तालाई पनि अरू जटिल बनाउने र असफलतातिर डोर्‍याउने संभावना प्रवल छ ।

### वार्ताको भविष्य

यता माओवादी पक्षले चाहिं संस्थापन पक्षको ढिलाइलाई उपयोग गर्दै- कांग्रेस, एमाले र अन्य वामशक्तिसंग साझा न्यूनतम समझदारी हासिल गर्ने कामलाई तीव्र बनाउन थालेको देखिएको छ । यदि यसमा सफलता हासिल भयो भने संस्थापन पक्षको ढिलाइको रणनीति ऊ आफ्नै लागि फाँसीको फन्दा हुन सक्ने संभावना पनि देखिन्छ ।

यो पंक्ति लेख्दासम्म कांग्रेस, एमाले र अन्य वामशक्तिसितको माओवादी पक्षको द्विपक्षीय संवाद र छलफलबाट केही आधारभूत सवालमा त साझा सहमति नै हासिल भइसकेको विश्वस्त सूत्रहरू बताउँछन् । लगभग सहमति हासिल भइसकेका त्यस्ता सवालहरूमा अबको नयाँ प्रणालीमा पनि बहुदलीय संसदीय प्रणाली यथावत् रहिरहने भन्ने सवाल, सेना स्पष्टतः संसदको मातहतमा रहने भन्ने सवाल, अब उप्रान्त सम्वैधानिक परिवर्तनका निम्ति पुनः हतियार उठाउनु पर्ने स्थिति सधैंको लागि अन्त्य गर्न संविधानमा जनमत संग्रहको प्रावधान राख्ने सवाल, र, क्षेत्रीय जातीय स्वायत्त शासनको सवाल मुख्य रूपमा देखिएका छन् । उनीहरूबीच विवाद अबको शासन व्यवस्थाको स्वरूप वास्तविक सम्वैधानिक राजतन्त्र कि गणतन्त्र भन्ने सवलामा केन्द्रित देखिएको छ । अर्थात् अग्रगामी नयाँ शासन व्यवस्थाको स्वरूप, गुदी र विशेषताहरूबारे उनीहरूबीच विवाद केन्द्रित देखिन्छ । यही सवालमा आधारित भएर- सम्वैधानिक सुधार कि संविधान सभा भन्ने र माओवादीसित रहेको सेना के हुने सवालमा समेत विवाद भइरहेको देखिन्छ ।

यी विवादका बावजूद उनीहरूबीच भिन्नताको खाडल अब त्यति गहिरो र व्यापक देखिँदैन । सबैभन्दा महत्वपूर्ण कुरा वार्ता र प्रतिगमनविरोधी संघर्षलाई साथसाथै अन्तर्सम्बन्धित गरेर लान उनीहरू सहमत भएका देखिन्छन् । ११ वामको फागुन १७ गतेको ऐतिहासिक बैठकमा पनि यही सहमति भएको देखिएको छ । ४ प्रमुख संसदीय दलहरूको बैठकले पनि यही सहमति विकास गरेको पाइएको छ । नेपाली कांग्रेस, एमाले, माओवादी र बाँकी वामशक्तिबीच एउटा अग्रगामी न्यूनतम एजेण्डामा सहमति हुन सक्यो भने, अझ यी सबैसित मिलेर सशक्त सडक आन्दोलनसमेत सृजना गर्न सकियो भने त्यसले अहिलेको शक्ति सन्तुलनमा निर्णायक महत्व राख्ने र नेपाली समाज संस्थापन पक्षले सोचेभन्दा विपरीत ढंगले अगाडि बढ्ने संभावना देखिन्छ । संस्थापन पक्षले वार्तामा गरेको विलम्ब यो स्थितिमा माओवादी र अरूको लागि बरदान हुन सक्ने संभावना पनि त्यत्तिकै छ । पोहोरको वार्ताको तुलनामा माओवादी, कांग्रेस, एमाले र अन्य बामशक्तिहरू संविधान सभाको सवालमा निक्कै निकट र लचिलो स्थितिमा पुगिरहेको प्रष्टै देखिन्छ ।

माओवादी वार्ता टोली अब संस्थापन पक्षसित केवल एकाध राउण्ड सद्भावना वार्तामात्र गर्ने र बाँकी वार्ता गोलमेच सम्मेलनकै दौरानमा गर्ने सोच बनाएर अघि बढिरहेको देखिन्छ । औपचारिक गोलमेच सम्मेलनअघि संस्थापन पक्षदेखि बाहिर रहेका राजनीतिक दलहरू र नागरिक समाजसित अनौपचारिक गोलमेच सम्मेलन र साझा अग्रगामी एजेण्डाको प्रभावकारी सडक आन्दोलनको विकास यतिखेरको उसका सामुको प्रमुख काम र चुनौती हुन् । यसमा साझा सहमति हासिल भयो भने संस्थापन पक्ष अलचिलो भए पनि वार्ताको टेवुलमा धेरै कुरा हासिल गर्नु संभव हुनेछ, यो विफल भयो भने औपचारिक गोलमेच सम्मेलन उपलब्धिविहीन हुन संभव छ, वार्ता संस्थापन पक्षले खोजेको दिशामा जान संभव छ । ☐




स्थलगत अध्ययनबाट फर्केर
गोविन्द वर्तमान

# महलीसागर बाँध : भारतको अर्को बलमिचाइ

आफ्नो विस्तारवादी चरित्रअनुरूप छिमेकी राष्ट्रहरूलाई निरन्तर दुःख दिइरहेको भारतले फेरि पनि अर्को बाँध बनाएर नेपाललाई दुःख दिएको छ । कपिलवस्तु जिल्लाका सीमावर्ती गाविसहरू वैदौली, रंगपुर र पर्सहियाअन्तर्गत पर्ने थुप्रै गाउँहरूलाई डुबानमा पार्ने गरी यसले सीमासँगै जोडेर महलीसागर बाँध बनाइरहेको छ ।

एमालेको भातृ संगठन 'प्रजातान्त्रिक राष्ट्रिय युवा संघ'को आयोजनामा गत चैत्र ८ गते पत्रकार तथा भूगोलविद्हरू सम्मिलित एउटा टोलीले त्यस बाँधको स्थलगत अध्ययन भ्रमण गरेको थियो । त्यस अध्ययनबाट अन्तर्राष्ट्रिय सीमाहरूको ८ किलोमिटरको दूरी कायम गरेर दुई पक्षीय सहमतिमा मात्र बाँध वा तटबन्ध निर्माण गर्नु पर्ने 'हेलसिन्की सन्धि-१९६६'को प्रावधानलाई भारतीय पक्षले उल्लंघन गरेको प्रष्ट देखिएको छ ।

नेपाली संचार माध्यमहरूमा त्यस बाँधसम्बन्धी समाचार प्रवाहित भएपछि १८ मार्च, २००३ अर्थात् यही चैत्र ४ गते भारतीय राजदूतावासले यस सम्बन्धमा एउटा प्रेस-विज्ञप्ती जारी गरेको थियो । स्थलगत भ्रमणमा गएको विज्ञहरूको

> स्थलगत निरीक्षण गर्न गएको नेपाली टोलीलाई भारतीयहरूको पचासौं जनाको हुलले "हल्ट !" "नो क्यामरा !" "जाओ जाओ" भनेर कराउँदै लखेट्न खोजेको थियो ।

टोलीले त्यो विज्ञप्तीलाई सेतो भूठको रूपमा अनुभव गऱ्यो । किनभने विज्ञप्तीमा महलीसागर बाँध नयाँ निर्माण भएको नभएर पुनर्निर्माण मात्र भएको र त्यो काम दुई देशबीच सम्झौताअनुसार नै भएको उल्लेख छ, तर कपिलवस्तुको सिमानामा बनिरहेको त्यो बाँध पूर्णतया नयाँ बाँधका रूपमा बनिरहेको देखिन्छ ।

स्थलगत भ्रमणबाट फर्किएपछि प्रयुसंघले चैत्र १० गते एक पत्रकार सम्मेलनको आयोजना गरी 'भारतीय शासकहरूको हेपाहा, मिचाहा प्रवृत्तिका विरूद्ध आफ्नो मुलुकको हित रक्षार्थ चूँसम्म नबोली भारतीय शासककै सेवकको रूपमा वर्तमान शाही सरकारले मौनता साध्नु रहस्यमय र खेदजनक' बताएको छ ।

पत्रकार सम्मेलनमा प्रेस-विज्ञप्ति जारी गर्नुका साथै स्थलगत भ्रमण प्रतिवेदन पनि सार्वजनिक गरिएको थियो ।

महलीसागर बाँध नेपालको लुम्बिनी अञ्चल, कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवादेखि करीब १० किलोमिटर दक्षिणमा रहेको वेदौली गाविसको दक्षिणपूर्वमा रहेको छ । त्यो बाँध कतिपय ठाउँमा दशगजासँग जोडिएको छ भने कतिपय ठाउँमा १०/१५ मिटर पर रहेको छ । सीमा स्तम्भ ५० देखि ५२ सम्म २.२० किलोमिटर लम्बाई भनिएको यो बाँध त्यसभन्दा लामो बनाएर नेपाली भू-भागलाई अझ बढी डुबानमा पार्ने प्रशस्त संकेतहरू त्यहाँ देखिन्छन् ।

यो बाँधको सम्बन्धमा भारतीय पक्षले सन् १९०१, डिसेम्बर २० को सहमतिअनुसार बनेको पुरानो बाँध हो भने पनि अहिले धमाधम बनिरहेको बाँध पुरानो बाँधदेखि ५०-६० मिटर पर दक्षिण पूर्वमा नयाँ स्वरूपमा बनिरहेको छ । पुरानो बाँधको मर्मत गरिएको नभएर पानीको निकास र नियन्त्रण गर्ने पहिला ५ वटा ढोकामात्र भएको बाँधको सट्टा अहिले १५ वटा ढोका भएको बाँध बन्दै गरेको प्रत्यक्ष देखिएको छ ।

यस बाँधसम्बन्धी विवाद शुरू भएपछि भारतीय सरकारले निर्माण कार्य रोकिएको सूचना नेपाललाई दिएको थियो । तर पत्रकारहरू २३ मार्चका दिन त्यहाँ पुग्दा निर्माण कार्य जोडतोडले भइरहेको देखियो । त्यतिमात्र नभएर बाँधको स्थलगत निरीक्षण गर्न गएको नेपाली टोलीलाई त्यहाँ कार्यरत भारतीय मजदूर तथा प्राविधिकहरूको जत्थाले दुर्व्यवहारसमेत गरेको थियो । भारतीयहरूको पचासौं जनाको हुलले



*सीमा स्तम्भ नं.- ५१*

**टोलीले त्यहाँ निरीक्षण गर्दा यसै वर्ष पनि २ किलोमिटरभन्दा बढी लम्बाईको बाँधमाथि झण्डै ४ फिट अग्लिने गरी माटो थपिएको देखियो**

नेपालीहरूलाई "हल्ट !" "नो क्यामरा !" "जाओ जाओ" भनेर कराउँदै लखेट्न खोजेको थियो । टोलीका पत्रकारहरूले केही तस्वीरहरू खिचे, तर पछि घटनास्थलमा आइपुगेको भारतको अर्धसैन्य बलले एकजना फोटो पत्रकारको क्यामराबाट रिलसमेत खोस्ने काम गर्‍यो । अरू पत्रकारहरूले त्यहाँको खतरापूर्ण स्थितिपछि विभिन्न तरिकाले आफ्नो क्यामराको सुरक्षा गरेका थिए ।

स्थलगत अध्ययनपछि नेपाली विज्ञहरूले तयार पारेको प्रतिवेदनमा त्यस बाँध निर्माणको निहित उद्देश्य निम्नानुसार उल्लेखित छ :

१. वर्षाको तीव्र बाढीलाई नेपाली भूभागमा नै सीमित गर्ने ।
२. बाँधमार्फत् नेपाली भूभागमा जम्मा गरेको पानीलाई चाहिएअनुसार भारतीय भूभागमा सिंचाईमा प्रयोग गर्ने ।
३. बाँधलाई सुरक्षा र सेवाको सडक मार्गका रूपमा प्रयोग गर्ने ।

प्रतिवेदनको अर्को ठाउँमा निम्न कुराहरू छन् :

- हाल भैरहेको बाँध निर्माण कार्य दुई देशको आपसी सहमतिविना एकतर्फी रूपमा बनाइएको छ । सन् १९०१ को सहमतिलाई देखाएर बाँधको क्षमतामा उल्लेखनीय वृद्धि गरिएको छ । यसबाट नेपालमा हाल १८० हेक्टर जमीनको अलावा थप सैयौं हेक्टर जमीन डुबानमा पर्ने देखिन्छ ।
- हालसम्म डुबानमा परेका जग्गाको क्षतिपूर्ति पनि कसैलाई दिइएको छैन ।
- बाँधको लम्बाई २.२० कि.मि.भन्दा बढाउने काम भएको छ ।

स्थलगत अध्ययन प्रतिवेदन भूगोलविद् डा. मंगलसिद्धि मानन्धर, विशेषज्ञ इन्जिनियर बाबुराम भट्टराई, भूगोलविद् नेत्रप्रसाद धिताल र कानूनविद् हरि फुयाँलले तयार गर्नुभएको हो ।

बाँध निर्माणस्थलमा यस प्रतिनिधिसहितको टोली पुग्दा हुलहुज्जत भैसकेपछि त्यहाँका भारतीय ओभरसियरले आवश्यक सूचना दिने कुरा बताएका थिए । तर पत्रकारहरूले सोधेका सबैजसो प्रश्नहरूमा उनले कुटनीतिक जवाफ दिएर उम्कने प्रयत्नमात्र गरेनन्, नेपाली पक्षप्रति असन्तुष्टि प्रकट गर्दै उनले भने : "बहुत झेल रहा हुँ आप लोगों को ।"

त्यहाँ बाँधको पानी बग्ने द्वार (spillway, escape) बढाउने कार्यमात्र नभएर प्रत्येक वर्ष बाँधमाथि माटो थपेर त्यसको उँचाई बढाउने काम पनि भइरहेको देखिन्छ । टोलीले त्यहाँ निरीक्षण गर्दा यसै वर्ष पनि २ किलोमिटरभन्दा बढी लम्बाईको बाँधमाथि झण्डै ४ फिट अग्लिने गरी माटो थपिएको देखियो । यसरी बाँधको अग्लाइ बढेपछि नेपालतर्फ कम्तीमा पनि ५०० हेक्टर जमीन डुबानमा पर्ने कुरा विज्ञहरूले बताएका छन् ।

घटनास्थलमा नेपाली गाउँ वेदौलीका पूर्व गाविस सदस्य धनराज यादव र महिला चन्द्रावती पासवानले स्थानीय गाउँलेहरूको तर्फबाट डुबानमा पर्न लागिएको पीडालाई सार्वजनिक गरिदिन पत्रकारहरूलाई विशेष अनुरोध गरेका थिए । अध्ययन भ्रमणबाट फर्किएपछि प्ररायुसंघका अध्यक्ष गोकर्णराज विष्टले चैत्र १० गते काठमाण्डौमा आयोजित पत्रकार समेलनमा यसबारे सबै राजनीतिक पार्टीलाई प्रतिवेदन उपलब्ध गराएर भारतीय पक्षको बलमिचाइँविरूद्ध आवाज उठाउन दवाव दिनुका साथै दूतावासमार्फत् भारत सरकारलाई ज्ञापन-पत्र दिइने कुरा पनि बताउनु भएको थियो । □


**मकालु यातायात**

फोन नं. २७७५५२

| *जाने स्थान* | *छुट्ने समय* |
|---|---|
| काठमाण्डौ - काकडभिट्टा- | बिहान ५:०० बजे |
| काठमाण्डौ - भद्रपुर- | बिहान ५:१० बजे |
| काठमाण्डौ - उर्लाबारी-मधुमल्ला- | बिहान ५:२० बजे |
| काठमाण्डौ - विराटनगर- | बिहान ५:४५ बजे |
| काठमाण्डौ - राजविराज- | बिहान ६:०० बजे |
| काठमाण्डौ - सिरहा-माडर- | बिहान ६:१५ बजे |
| काठमाण्डौ - मलंगवा- | बिहान ६:३० बजे |
| काठमाण्डौ - विराटनगर दोस्रो- | बिहान ६:४५ बजे |
| काठमाण्डौ - धरान- | बिहान ७:०० बजे |
| काठमाण्डौ - जनकपुर- | बिहान ७:२० बजे |
| काठमाण्डौ - गौर- | बिहान ७:४० बजे |
| काठमाण्डौ - बिरगंज- | बिहान ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे |
| काठमाण्डौ - कलैया- | बिहान ८:०० र १०:१५ बजे |
| काठमाण्डौ - बरहथवा- | बिहान ८:३० बजे |
| काठमाण्डौ - भरतपुर- | बिहान ८:३०, ८:१५ र ११:४५ बजे |
| काठमाण्डौ - गितानगर- | दिउँसा १:३० बजे |
| काठमाण्डौ - पर्साढाप-मेघौली- | दिउँसो १:५५ बजे |
| काठमाण्डौ - नारायणगढ-विशालचोक- | दिउँसो २:२० बजे |
| काठमाण्डौ - बिरगंज रात्री- | बेलुका ८:१५ बजे |

**आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !**

# इराकमाथि आक्रमण




अमेरिकी आक्रमणको पृष्ठभूमि र परिणामको लेखाजोखा



डा. चैतन्य मिश्र

यसलाई अमेरिका-इराक युद्ध भनिन्छ, तर युद्ध भन्नुभन्दा पनि इराकमाथि अमेरिका-बेलायतको आक्रमण भन्नु उपयुक्त हुन्छ । युद्ध भन्नाले दुवैथरीले एउटा मोर्चामा डटेको हुनुपर्छ । तर अहिले अमेरिका बेलायत र अष्ट्रेलियाको सेनासहित आक्रामक सैनिक शक्तिका रूपमा छिरेको छ । र, राजनीतिक रूपमा त्यसलाई ३५ राष्ट्रको समर्थन छ भनेर अमेरिकी राष्ट्रपतिले भन्दै आएका छन् । त्यस कुराहरूलाई हेर्ने हो भने इराक अत्यन्त रक्षात्मक स्थितिमा छ । यसको अन्य मुलुकमाथि आक्रमण गर्ने कुनै हेतु रहेको छैन । ती शक्तिशाली मुलुकहरूले इराकभित्र वर्षौंवर्षदेखि एकपक्षीय रूपमा युद्ध गरिरहेको स्थितिमा यसलाई आक्रमण भन्नु उपयुक्त हुन्छ ।

यसलाई आक्रमण वा युद्ध जे भनिए पनि यसबारे चर्चा गर्दा सबभन्दा पहिला चर्चा गर्नुपर्ने कुरा यसको पृष्ठभूमि नै हो । यसको पृष्ठभूमिलाई विभिन्न तहमा केलाउन सकिन्छ । एउटा इराकको आफ्नै आन्तरिक स्थितिलाई पनि पृष्ठभूमिमा राख्न सकिन्छ । त्यसपछि अरब मुलुकहरूको स्थितिलाई राख्न सकिन्छ । अरब मुलुकहरूभित्रै इराक रहेकोले समष्टिगत रूपमा अरब मुलुकहरूको स्थिति र तेस्रोचाहिँ विश्वको स्थिति । यसरी तीन तहमा वर्तमान आक्रमणको पृष्ठभूमिलाई केलाउनु पर्दछ ।

## स्थानीयदेखि विश्वतहको पृष्ठभूमि

पहिलो, स्थानीय तहमा जाने हो भने बाथ पार्टी र सद्दाम हुसेन कस्तो खालको संरचनाका उपज हुन् भनेर केलाउनु पर्ने हुन्छ । वास्तवमा सद्दाम हुसेनको राजकीय सत्तामा प्रवेश सन् १९६० को दशकदेखि नै भएको हो । उनी अति राष्ट्रभक्त र तानाशाही किसिमका व्यक्ति थिए । त्यसबेलादेखि नै सद्दामले अगाडि सारेका नीतिहरूका विशेषताहरूलाई केलाउने हो भने दक्षिणपन्थी सरकारको सानो तहबाट पछि क्रमशः माथिल्लो तहमा पुगेका शासक व्यक्ति हुन्-सद्दाम हुसेन । धेरैजसो अरब मुलुकहरूको दाँजोमा इराक र सद्दाम हुसेन आफैं गैर-धार्मिक राज्यसत्ता संचालन गर्नुपर्छ भन्ने र धर्म निरपेक्षताको वकालत गर्ने राष्ट्र तथा व्यक्ति हुन् । र, अर्को विशेषता भनेको सद्दाम हुसेन भनेका हरदम पश्चिमी मुलुकहरूको सहायताद्वारा माथि उठेका व्यक्ति हुन्, खास गरेर अमेरिका र बेलायतको सहायताबाटै उनी माथि उठेका हुन् । ती राष्ट्रहरूको सहयोग र समर्थनद्वारा इराकका कल्याणकारी कामहरू प्रवर्द्धन गर्ने र केही हदमा नरम किसिमको समाजवादी अर्थव्यवस्था र राजनीतिक व्यवस्थाको वकालत गर्ने शासक हुन् उनी । प्रतिस्पर्धीहरूलाई उछिन्दै, उनीहरूलाई पृष्ठभूमिमा धकेल्दै, केहीलाई निर्वासित गर्दै, केहीलाई मार्दै माथि उठेका मानिस हुन् उनी । सद्दामका यी सबै कामहरूमा पश्चिमी मुलुकहरूको समर्थन र सहयोगको रहेको छ ।


इराकमा नागरिक शासन र सैनिक शासनबीच विरोधाभास रहेको स्थितिलाई पनि यहाँ बेवास्ता गर्न मिल्दैन । आमजनता नागरिक शासनको पक्षमा रहेका छन्, तर सद्दामको आफ्नै राजकीय सत्ताचाहिँ सैन्यप्रधान रहेको छ । इराकमा यो खालको राजनीति लामो समयदेखि रहँदै आएको छ ।

त्यसपछि अहिलेको आक्रमणको सन्दर्भमा इराकभित्रको पृष्ठभूमिको चर्चा गर्दा त्यहाँ भएका जातीय र धार्मिक समस्याहरूको बारेमा पनि चर्चा गर्नुपर्ने हुन्छ । खास गरेर इराकको दक्षिणी भेगमा इस्लाम धर्मका दुई सम्प्रदाय शिया र सुन्नीहरूबीचमा द्वन्द्व रहँदैआएको छ । दक्षिणी क्षेत्रचाहिँ शिया सम्प्रदायको कब्जामा रहेको छ र स्थानीय सत्ता उनीहरूले नै संचालन गरेका छन् भने सद्दाम तथा इराकको धेरैजसो जनसंख्याचाहिँ सुन्नी सम्प्रदायको रहेका छन् । यी दुई सम्प्रदायबीच धार्मिक विरोधाभास रहेको छ । सैनिक सत्ता र राजकीय सत्ताले त्यो विरोधाभासलाई चर्काउन खोजेको छ । खास गरेर पश्चिमी मुलुकहरूले यो विरोधाभासलाई ज्यादै चर्काउन खोजेको स्थिति रहेको हो । फुटाउने र इराकभित्रको शासनमा आफ्नो कब्जा जमाउने नीतिअन्तर्गत पश्चिमाहरूले त्यसो गर्दै आएका हुन् । यसरी इराकभित्र धार्मिक-साम्प्रदायिक फूट रहेको र त्यसलाई चर्काउनमा विभिन्न शक्तिहरू लागिपरेका देखिन्छन् ।

त्यस्तै गरेर इराकको उत्तरपट्टि कुर्दहरूको बसोबास रहेको छ । त्यस क्षेत्रका तीन चारवटा मुलुकहरूको केही क्षेत्रमा कुर्द जातिको बसोबास रहेको छ र उनीहरू स्वायत्त शासन पक्षमा रहेका छन् । त्यसै क्षेत्रमा टर्की, इरान, सिरिया र इराकका शासकहरू लामोकालदेखि कुर्दहरूले स्वायत्त शासनका लागि गरिरहेको संघर्षलाई दबाउने पक्षमा रहेको स्थिति हो ।

त्यसपछिको चर्चा गर्नु नै विषय भनेको इरान र इराकबीचको युद्ध हो । अहिलेको आक्रमणको पृष्ठभूमिमा त्यो विषय पनि आउँछ । सन् १९८० को दशकमा ८ वर्षसम्म इरान र इराकबीच युद्ध चलेको थियो, जुन मूलतः अमेरिकाले इराकलाई समर्थन गर्दै इरानमाथि गरिएको आक्रमण हो ।

इरान सन् १९७९ मा त्यहाँको धार्मिक मुल्लाहरूको शासनमा आएको थियो । अमेरिकाले चाहिँ पहिलेदेखि नै त्यहाँको निरंकुश बादशाह शाह रेजा पहलवीलाई समर्थन गर्दैआएको थियो । त्यही समर्थन र सहयोगको विरोधमा इरानी जनताले अमेरिकाको विरोधमा संघर्ष गरेका थिए । र, त्यही विरोधको आडमा भएको इस्लामी क्रान्तिपछि इरानमा मुल्लाहरूको धार्मिक शासन शुरू भएको थियो । यही पृष्ठभूमिमा त्यो धार्मिक शासनलाई अन्त्य गर्नका लागि पश्चिमी मुलुकहरूले यो

*युद्धरत शासकहरु : बुश ब्लेयर र सद्दाम*






*इराकमाथिको अन्यायपूर्ण युद्धको विरोध प्रदर्शनमा लण्डनदेखि काठमाण्डौंका सडकहरुमा पोखिएको छ युद्धविरोधी जनभावना !*

युद्धमा इराकलाई समर्थन गरेका थिए ।

इरान-इराकबीच ८/८ वर्षसम्म चलेको यो युद्धलाई पनि अहिले हामीले पृष्ठभूमिमा राख्नुपर्छ । किनकि त्यस बेला पश्चिमी मुलुक र इराकको, अमेरिकी सरकार र सद्दाम हुसेनको सम्बन्ध प्रगाढ भयो । र, यही प्रगाढताअन्तर्गत इराकमा रसायनिक तथा जैविक हतियारहरूको निर्माण कार्य संभव भएको हो । यसरी इराकमा त्यस्ता हतियारहरूको प्रादुर्भाव हुनुको पछाडि प्रत्यक्षतः पश्चिमी मुलुकहरू, त्यसमा पनि अमेरिकाको हात रहेको हो । यस स्थितिलाई हामीले अहिलेको आक्रमणको पृष्ठभूमिमा राख्नुपर्दछ ।


त्यसपछि अन्तिम पृष्ठभूमिको चर्चा गर्दा सन् १९९१ को खाडी युद्धलाई हेर्नुपर्छ । त्यसबेला शुरूमा इराकले कुवेतलाई हमला गरेको थियो र त्यो हमला गर्ने स्थितिसम्म पनि अमेरिका मौन रहेको थियो । इराकले कुवेतमा हमला गर्नुभन्दा अघिल्ला दिनहरूसम्म पनि इराकस्थित अमेरिकी राजदूत अप्रिल ग्लेस्पीले इराकी राष्ट्रपति सद्दाम हुसेनसँग कुरा गरेका थिए र कुवेतमाथि आक्रमण गर्न धम्क्याइरहेका सद्दामलाई उनले त्यसबेला कुवेतमा हमला गर्नुहुँदैन सम्म भनेका थिएनन् । त्यसबेला इराकलाई कुवेतमा हमला गर्न लगाउने र हमला गरिसकेपछि त्यही निहुँमा आफूले इराकमाथि आक्रमण गर्ने अमेरिकाको नियत देखिन्थ्यो ।

पछि, कुवेतबाट इराक निस्किएपछि त्यहाँ सात वर्षसम्म संयुक्त राष्ट्र संघका निरीक्षकहरूले इराकभरि नै प्रतिबन्धित हतियारहरूको खोजतलाश गरेका थिए, तर केही पनि पाएका थिएनन् । तर पनि प्रतिबन्धित रासायनिक तथा जैविक हात-हतियारहरू पाइन्छ भन्ने निहुँमा अमेरिकाले सधैं इराकमा बसिराख्ने नियत राखेको थियो । यस कुरालाई पनि हामीले अहिलेको घटनाको पृष्ठभूमिको रूपमा हामीले लिनुपर्दछ ।

यी क्षेत्रीय पृष्ठभूमिका कुराहरूसँगै जोडिएर आउने विश्वतहको पृष्ठभूमि हेर्दा आणविक अप्रसार सन्धिअनुसार आणविक हतियारहरू भएका, विशेषतः पश्चिमा मुलुकहरू, पूर्व सोभियत संघका राष्ट्रमध्ये अहिलेको रूस तथा चीन आदिबाहेक अरू राष्ट्रहरूले त्यस्ता हतियारहरू विकास गर्न नपाइने प्रावधान छ । यो सन्धि कति जायज र कति प्रजातान्त्रिक छ भनेर हामीले विचार गर्नुपर्दछ । यस सन्धिको आशयअनुरूप त्यस्ता हतियारहरू हुने मुलुकहरूले पनि आफूसँग भएका ती हतियारहरूको विनाशको क्रम शुरू गरेका भए वा विनाश गर्ने नियत राखेका भए यो सन्धि न्यायसंगत र औचित्यपूर्ण ठहरिन्थ्यो । त्यस्तो स्थिति नभएकाले यो सन्धि नै उपयुक्त छ कि छैन, यसले वास्तवमा विश्व व्यवस्थामा एकलौटीपना ल्याउँछ कि आमराष्ट्रहरूबीच प्रजातन्त्र ल्याउँछ वा स्वअधिकार स्थापित गर्छ भन्ने कुराको विवेचना गर्नुपर्दछ भन्ने लाग्छ ।

त्यसपछि विश्वतहमा विश्लेषण गर्नुपर्ने विषय होः अरब मुलुकहरू र इराकमा रहेको तेलको सवाल । अहिलेको औद्योगिक संसारको मुटुको रूपमा तेल रहेको छ र तेलको संसारको केन्द्रविन्दु अरब मुलुकहरू रहेका छन् । सिंगो इराकले विश्वमा तेल उत्पादनको १० प्रतिशत ओगटेको छ । यो भनेको साउदी अरेबियापछिको दोस्रो ठूलो तेल उत्पादन क्षमता हो । औद्योगिक प्रक्रियालाई अझ अगाडि बढाउनका लागि त्यो तेललाई आफ्नो राजनैतिक तथा आर्थिक सत्ताअन्तर्गत कसरी राखिराख्ने भन्ने चिन्ता औद्योगिक मुलुकहरू, खासगरी अमेरिकामा लामो कालदेखि रहिआएको छ ।

सन् १९९० को दशकदेखि के देखियो भने तेलमाथिको प्रभुत्वको सवाल राजनीतिक र आर्थिक चिन्ताको विषयमात्र नभएर सैनिक चिन्ताको विषय पनि हुनगयो । यस समस्यालाई सैन्य समाधान नै खोजिनुपर्छ, तेल भण्डारहरूमाथिको पहुँचमा सैन्य नियन्त्रण नै रहनुपर्छ भन्ने भावना र सिद्धान्त अमेरिकामा प्रबल हुँदैगएको छ । यस्तो भावना प्रबल हुनुको कारण अमेरिकामा सन् १९८० देखि निरन्तर रूपले आर्थिक र राजनीतिक क्षेत्रमा



***युद्धको पीडा*** *: अमेरिकी बमवर्षामा घाइते भएका इराकी बालक बग्दादस्थित अस्पतालमा*

दक्षिणपन्थ हावी हुँदै जानु हो ।

अहिले पनि भनिन्छ, यस्तो धारणा राख्ने मुख्य अमेरिकीहरूमा वर्तमान रक्षा मन्त्री, उप-रक्षा मन्त्री, उपराष्ट्रपति तीनजना प्रमुख व्यक्ति हुन् । तर यस्तो धारणा राख्ने ती तीनजनामात्र होइनन्, तिनीहरू त बाहिर देखिएका र नेतृत्वमा देखिएका व्यक्तिहरूमात्रै हुन् । यस्तो धारणा राख्नेहरूमा अमेरिकी समाजका प्रतिष्ठित व्यक्तिहरू, व्यापारीहरू र पत्रकारहरूसमेत प्रशस्त देखिन थालेका छन् ।

तेल व्यापारीका रूपमा चर्चित अहिलेका अमेरिकी राष्ट्रपति बुशको मन्त्रिमण्डलका आठ जना मन्त्रीहरू तेल कम्पनीका मेनेजरहरू रहेका छन् । यसअघि अमेरिकी मन्त्रिमण्डलमा एक दुईजनामात्रै त्यस्ता मन्त्री हुने गर्दथे । यसबाट पनि अमेरिकाको तेल स्वार्थबारे धेरै कुरा बुझ्न सकिन्छ ।

त्यसपछि अहिलेको विश्व व्यवस्थाको पृष्ठभूमिको चर्चा गर्दा फेरि पनि सोभियत संघको ध्वंशको चर्चा गर्नुपर्ने हुन्छ । रोनाण्ड रेगन र पिता बुशको शासनमा पनि सोभियत संघलाई कसरी ढाल्ने भन्ने ठूलो प्रपंच रचियो । यद्यपि मूलतः आफ्नै समस्याहरूले गर्दा सोभियत संघ धराशायी भयो, तर पनि पश्चिमी मुलुकहरूबाट त्यसलाई ढाल्ने प्रयत्न नभएकोचाहिँ होइन । सन् १९९१ मा सोभियत संघको पतन हुने बित्तिकै संयुक्त राज्य अमेरिकाका नेताहरूको राजनैतिक सोच के भयो भने अब शीतयुद्ध सकियो, शीतयुद्धमा धेरै सैनिक प्रगति गरियो, अब पनि सैनिक प्रगति अगाडि बढाउनु पर्छ । यो सैनिक क्षेत्रमा भएको प्रगतिलाई सैनिकलगायत राजनैतिक, आर्थिक स्वार्थको निम्ति प्रयोग गरिनु पर्दछ । यदि अमेरिका अहिलेको विश्वको एक्लो शक्तिसम्पन्न राष्ट्र हो भने त्यसले आर्थिक, राजनीतिक र अझ बढी सैनिक सफलतामा आफूलाई कसरी अनुवाद गर्ने भन्ने चिन्ता अमेरिकी नेताहरूमा व्यापक भएको हो ।

यही सन्दर्भमा अमेरिकामा राजनैतिक, आर्थिक र सैनिक क्षेत्रमा धेरै सैद्धान्तिक अभ्यासहरू भए । यसैअन्तर्गत गत वर्षको सेप्टेम्बरमा अमेरिकाको राष्ट्रिय सुरक्षा परिषद्ले (National Security Council) नयाँ दस्तावेज अघि सार्‍यो । त्यसको मूलमन्त्र अमेरिकाको यो एकछत्र नेतृत्वबाट कसरी फाइदा उठाउने भन्ने थियो । त्यसमा अन्तर्राष्ट्रियतावाद होइन, अमेरिका अन्तर्गतको अन्तर्राष्ट्रियतावादको चर्चा गरियो र यसलाई कसरी

विस्तार गर्ने भन्ने विषयमा चर्चा गर्दै अमेरिकालाई सुहाउँदो अन्तर्राष्ट्रियतावादको वकालत गरियो । राजनैतिक, आर्थिक र सैनिक पहलमध्ये कुनै पनि पहलमा यूरोप र जापानलगायत अरू मुलुकहरूको समर्थन लिने प्रयत्न गर्ने, तर युरोप तथा जापानजस्ता मित्रराष्ट्रहरूले मानेनन् भने पनि एक्लै नयाँ निर्णय गर्नसकिने र नयाँ निर्णय लागू गरेर एकछत्रपनाको फाइदा लिने कुरा त्यसमा निर्णय गरियो ।

त्यस्तै, कुनै मुलुकले आक्रमण गऱ्यो भने प्रत्याक्रमण गर्ने कुरा त छँदैछ, कुनै मुलुकले धम्क्यायो भने आफूले आक्रमण गर्ने कुरा त छँदैछ, तर अबचाहिँ आक्रमण नगर्दा र नधम्क्याउँदा पनि यदि कुनै पनि मुलुक वा कुनै पनि क्षेत्रले लामो समयावधिमा यदि अमेरिकालाई चुनौती दिनसक्ने संभावना मात्रै छ भने पनि त्यसलाई तत्कालै आक्रमण गरिहाल्ने निर्णय पनि त्यसमा गरियो । त्यस्तो आक्रमण राजनैतिक, आर्थिक र सैनिक जुनसुकै रूपको पनि हुनसक्ने त्यसमा उल्लेख छ । यस्तो हदसम्मको निर्णयमा अमेरिका पुगिसकेकोले त्यसैअन्तर्गत अर्थात् एकलौटीपना अन्तर्गत सैनिक, राजनैतिक, आर्थिक कुराहरूबाहेक अन्य पक्षमा पनि एक्लौटी गर्न खोज्दा ऊ एक्लिएको छ । मौसम परिवर्तनका बारेमा र यससम्बन्धी सन्धिका बारेमा अमेरिका एक्लो भएको हो । त्यस्तै गरेर अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट अमेरिका पछाडि हटेको हो, ताकि त्यस्तो युद्ध गर्दाखेरी कुनै अमेरिकीलाई फौजदारी अदालतमा उभ्याउन नपाइयोस् । युद्ध अपराधी घोषित हुनसक्ने कुनै पनि अमेरिकी सैनिकलगायत अमेरिकी राष्ट्रपतिसम्मलाई पनि त्यस अदालतबाट सजायँ नहुने चाँजापाँजो मिलाउन यसो गरिएको हो । र अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट आफू बाहिर हटेपछि त अमेरिकाका लागि त्यस्तो खतराको संभावना नै नरहने भएकोले उसले त्यसको सदस्यताबाट आफूलाई झिकेको हो । इराकमाथि अमेरिकी आक्रमणको चर्चा गर्दा हामीले यी सम्पूर्ण कुराहरूलाई यस युद्धको पृष्ठभूमिको रूपमा अगाडि सार्नुपर्दछ ।

## युद्ध केका लागि ?

अहिलेको यो युद्ध केका लागि भन्ने विषयमा धेरै चर्चा-परिचर्चा चलेको छ । अन्तत्वोगत्वा यसको अभीष्ट के हो भन्नेबारेमा धेरै चर्चा चलेको छ । इराकको तेलका लागि यो युद्ध गरिएको भन्ने केही चर्चा छ । त्यस्तै गरेर किन यो युद्ध भन्ने प्रश्न इराकमात्र होइन, सारा अरब मुलुकमा रहेको तेलमाथि कब्जा जमाउन अमेरिकाले आक्रमण गरेको हो भनेर अर्को किसिमको उत्तर पनि दिने गरिएको छ । अथवा इराकलाई नै आफ्नो अधीनमा राख्ने नियतले मात्रै आक्रमण गरिएको हो भन्ने पनि चर्चा गरिएको छ । अनि त्यस्तै गरेर, इराकमात्र होइन, सिंगो अरब राष्ट्रियतालाई आघात पुऱ्याउने किसिमले र त्यहाँ अमेरिकापक्षीय सरकारहरू स्थापित गराउने हेतुले पनि आक्रमण गरिएको भन्ने विशेषण पनि छ । सैनिक रूपले मात्र होइन, राजनैतिक र आर्थिक रूपलेसमेत अरब मुलुकहरूमा अमेरिका समर्थक सरकारहरूको निर्माण गर्न इराकमाथि कब्जा जमाइसकेपछि सजिलो हुन्छ भनेर पनि अमेरिकाले इराकमाथि आक्रमण गरेको हो भन्ने विश्लेषण पनि रहेको




*इरान-इराक युद्धमा सद्दामलाई साथ दिएका अमेरिकी विशेष दूत डोनाल्ड रम्सफेल्ड नै आज रक्षामन्त्रीका रुपमा युद्धरत छन्- सद्दामविरुद्ध !*

छ । त्यस्तै गरेर, यो युद्ध इजरायलको प्रतिरक्षाको लागि हो भन्ने उत्तर पनि दिने गरिएको छ । साथसाथै सिंगो अरबजगत र पश्चिम एशियामा सैनिक तथा राजनीतिक आधिपत्य स्थापित गर्नका लागि यो युद्ध गरिएको भन्ने पनि छ । र, अन्त्यमा यो मुस्लिमहरूमाथि इसाईहरूको धार्मिकमात्र नभएर राजनीतिक थिचोमिचो कायम राख्ने उद्देश्यले संचालित युद्ध पनि हो भन्ने विचार पनि छ ।

सन् १९९० तिर Clash of Civilization भन्ने किताव आएको थियो । त्यसमा आगामी विश्वयुद्ध मूलतः धर्मलाई लिएर हुन्छ र त्यो चाहिँ मुसलमान र इसाईहरूबीचमा हुन्छ भन्ने विचार व्यक्त भएको छ । त्यस हिसावले 'क्रिश्चियानिटी'को धार्मिकमात्र होइन, राजनैतिक परियोजनाअन्तर्गत इसाई र पश्चिमी मान्यताहरू थोपर्ने नियतले यस्तो युद्ध रचिएको हो ।

मलाई लाग्छ, यी सबै कुराहरू नै इराकमाथि आक्रमणको पृष्ठभूमिमा रहेका कारणहरू हुन् । अमेरिकाले चाहेको यी तमाम कुराहरूमध्ये कुन कुनमा चाहिँ उसले सफलता पाउँछ र कुन कुनमा पाउँदैन भन्ने छुट्टै कुरा हो । तर यस युद्धमा उपर्युक्त सबै कुराहरू जोडिएका छन् । त्यसकारण एउटा कुराबाट अर्कोलाई छुट्याएर यो नै आक्रमणको कारण हो, अर्को चाहिँ होइन भन्नुपर्ने स्थिति छैन । सबै कुराहरूको योगको रूपमा यो युद्ध भएको छ ।

साथसाथै, यो युद्ध किन गरिएको हो भन्ने प्रश्नको अर्को उत्तर हुनसक्छ- संयुक्त राष्ट्र संघलाई शक्तिहीन बनाउनु, संयुक्त राष्ट्रसंघ र त्यसको सुरक्षा परिषद्लाई शक्तिहीन बनाउनका लागि पनि यो युद्ध लडिएको छ । किनभने अमेरिकी अन्तर्राष्ट्रियतावाद भनेको अमेरिकी झण्डामुनिको अन्तर्राष्ट्रियतावाद हो । यस्तो अन्तर्राष्ट्रियतावाद अन्तर्गत शक्तिमान संयुक्त राष्ट्र संघ अटाउँदैन ।

त्यसपछि मलाई लागेको कुरा के हो भने, ज्यादै थोरै चर्चामा रहेको तर अहिलेको लागि बढी चर्चा गर्नुपर्ने विषय चाहिँ यो युद्धको उद्देश्य वा अभीष्ट युरोपियन युनियनलाई भत्काउनु हो । युरोपियन युनियन भनेको उदाहरहेको एउटा त्यस्तो शक्ति हो, जसले केही समयपछि अमेरिकालाई टक्कर दिनसक्थ्यो । आर्थिक-राजनीतिक रूपले अहिले नै टक्कर दिनसक्ने, तर सैनिक रूपले अहिले नसक्ने, पछि सक्ने शक्तिको रूपमा युरोपियन युनियन आएको छ । केही वर्षयता साझा युरोपेली विदेश तथा प्रतिरक्षा नीतिको चर्चा भइरहेको थियो । त्यसअन्तर्गत युरोपेली महासंघको आफ्नै सेना गठन गर्ने चर्चा पनि भइरहेको थियो ।

**जनतालाई युद्ध बेच्ने, संयुक्त राष्ट्र संघलाई पंगु बनाउने र युरोपेली महासंघ भत्काउनेजस्ता कुरामा अमेरिकाले जितिसकेको छ**

यद्यपि युरोपेली महासंघ एक प्रकारको असमंजस्यताको स्थितिमा पनि थियो । आफ्नै सेना गठन गर्ने स्थितिमा NATO लाई के गर्ने भन्ने प्रश्न पनि उनीहरूबीच अनुत्तरित थियो । NATO र एकछत्र अमेरिकी साम्राज्यवादलाई आघात पर्न सक्ने गरी युरोपियन युनियनको राजनीतिक तथा आर्थिक रूपले विकास भइरहेको थियो । त्यसका केन्द्रीय अंगहरू पनि विकसित हुन लागेका थिए । युरोपभित्र 'फेडरेलिज्म' अलिकति कमजोर र केन्द्रीय शासन-व्यवस्था अलिकति बलियो हुन थालेको थियो । युरोपियन युनियनको विस्तार भएर १५ वटा राष्ट्रबाट २५ वटा राष्ट्रसम्म पुग्ने स्थिति रहेको थियो । यस स्थितिमा यो युद्ध युरोपेली महासंघलाई भत्काउन पनि उद्यत रहेको छ । त्यस काममा अमेरिकीहरू निक्कै हदमा सफल पनि भइरहेका छन् । त्यसकारण यो युद्ध इराकमा मात्र सीमित छैन, अरू विभिन्न पक्षहरू पनि यसमा निहित छन् । यो युद्धले हराउन खोजेको इराक वा सिंगो अरब मुलुकलाई मात्र होइन, सिंगो अन्तर्राष्ट्रिय व्यवस्था, त्यसको मुटु संयुक्त राष्ट्र संघ र त्यसको सुरक्षा परिषद् तथा तत्कालिक रूपले युरोपेली महासंघ पनि हो । त्यसैले अब युरोपेली महासंघको अवस्था के हुन्छ भन्ने बारेमा पहिलाजस्तो सहज उत्तर दिन सकिने स्थिति छैन ।

## प्रचारयुद्धद्वारा युद्धको बिक्री

चर्चा गर्नु पर्ने अर्को पक्ष प्रचारयुद्धको विषय हो । यो युद्धको शुरूवात गर्नलाई के भनियो भने यो युद्ध चाँडै, एक हप्तामै सकिनेछ । के पनि भनियो भने अमेरिकी फौज त्यहाँ जाने बित्तिकै इराकीहरूले, खास गरेर उत्तरका कुर्दी इलाकाहरू र शिया मतका मुसलमानहरू भएका दक्षिणी इलाकाहरूमा अमेरिकी फौजहरूलाई फूलमालाहरू लिएर स्वागत गर्नेछन् । यो कतै नभएको, न भूतो न भविष्यति युद्ध हुनेछ भनियो । इराकका सैनिक शासकहरू र बाथ पार्टीका अधिकारीहरू तथा इराकी सरकारका अधिकारीहरूलाई तर्साउने, धाकधम्की दिने, घुस ख्वाउनेजस्ता भयंकर खालका प्रपंचहरू ठूलो स्तरमा गरियो । त्यस्तै गरेर अहिलेसम्म प्रयोगमा नभएका हात-हतियारहरू हामीसँग छ, त्यसलाई कसैले प्रतिकार गर्न सक्दैन भनियो । र, संसारका धेरैजसो मुलुकले हामीलाई समर्थन गर्छन् पनि भनियो । यसप्रकार अमेरिकीहरूद्वारा आफूलाई हस्तक्षेपकारीका रूपमा होइन, उद्धारकर्ताका रूपमा प्रस्तुत गर्ने काम भयो । साथै, अमेरिकीहरूले आफूलाई राजनीतिक उद्धारकर्ताका रूपमा मात्र नभएर इराकमा कब्जा जमाउने बित्तिकै इराकको विकास हुन्छ भन्ने दुष्प्रचार गरियो । त्यसकै पृष्ठभूमिमा इराकभित्र खानेपानी, खाद्यवस्तु र औषधीहरू पुऱ्याउने काम

बाँकी ४६ पेजमा

# राजदम्पतिको तीर्थाटन : एक भिन्न कोण

**गत** चैत्र ६ गतेदेखि राजा श्री ५ ज्ञानेन्द्र र रानी श्री ५ कोमलको १० दिवसीय भारतीय तीर्थाटन १६ गते सकिएर स्वदेश फिर्ती भयो । राजा-रानीको यो भारतीय तीर्थाटनको पूर्व समाचार प्रकाशमा आएदेखि हालसम्म नै यो भ्रमणको उपलब्धि र महत्वका बारेमा व्यापक चर्चाहरु भइरहेका छन्, खासगरी सरकारी संचार माध्यमहरुमा ।

भ्रमणलाई सर्सर्ती हेर्ने हो भने, ६ गते भारत पुगेपछि ७ गते त्यहाँका विभिन्न उच्च पदस्थ व्यक्तिहरुसँग राजाको भेटघाट भयो, ८ गते चेन्नईस्थित मद्रास विश्वविद्यालय परिसरमा काञ्चीकामाकोटी पीठका पीठाधीश शंकराचार्य जयेन्द्र सरस्वती पीठाधीश भएको स्वर्ण महोत्सवको श्री ५ बाट उद्घाटन भयो । त्यसपछिका दिनहरुमा क्रमशः काञ्चिपुरमस्थित इनाथुमा रहेको शंकराचार्यको मूर्ति अनावरण, तमिलनाडुको मदुराईमा अवस्थित मिनाक्षी सुन्दरेश्वर मन्दिरमा पूजा, तमिलनाडुकै रामेश्वरम्मा पूजा, आन्ध्र प्रदेशस्थित तिरुपमाला तिरुपती मन्दिरमा पूजा, गोवामा नौका विहार, गुजरातको द्वारकाधाम र उडिसा राज्यको पुरीमा अवस्थित जगन्नाथधाम भ्रमण तथा पूजापछि सम्पूर्ण तीर्थाटन सम्पन्न भयो ।

भारतको प्रसिद्ध विश्वविद्यालयमा आयोजित कुनै विशेष समारोह भारतकै राष्ट्राध्यक्ष वा सरकार प्रमुखबाट उद्घाटन नगराई नेपालका राजाबाट उद्घाटन गर्न लगाउनु भारतद्वारा नेपालको, खासगरी नेपालका राजारानीको सम्मान हुँदै हो । त्यसबाट नेपाली जनतालाई फाइदा के कति हुन्छ वा नेपाली जनता र सार्वभौमिकताप्रतिको भारतको नीति तथा दृष्टिकोणमा कति फरक पर्ला, त्यो बेग्लै विश्लेषणको पाटो हुनसक्छ ।

तर नेपालबाट प्रत्येक वर्ष, खासगरी तराई र पूर्वी पहाडी जिल्लाहरुबाट ठूलो संख्याका मानिसहरुको जीवनभरिको कमाई भारतीय क्षेत्रमा तीर्थाटन गरी स्वाहा हुने गरेको छ, नेपालकै प्रसिद्ध सांस्कृतिक र ऐतिहासिक धरोहरमा नपुगे पनि भारतका ती स्थानहरुमा जीवनमा एकपटक सम्पूर्ण खर्च गरेर पनि पुगियो भने ठूलो प्रतिष्ठा कमाइने भ्रम यहाँ जनसाधारणमा बाँचेको छ र त्यो भ्रम बचाइराख्नमा राजा र रानीबाट हुने गरेका यस्ता भ्रमणले थप नेतृत्व गरिरहेका छन् । त्यही भ्रमका कारण पनि वर्षेनी हाम्रो करोडौं राष्ट्रिय आम्दानी विदेशिइरहेको छ । यो सोचनीय पक्ष होला कि नहोला ?

देशभित्र धार्मिक तथा सांस्कृतिक पर्यटनका सम्भावनाहरुबारे ठूला हल्लाखल्लाहरु भएका छन् । तर हाम्रा राजा-रानी स्वयं भने व्यापक तामझामसहित नेपालको होइन, भारतको पर्यटनलाई बेस्कन बढावा दिने प्रतीक बन्दछन् भने त्यसलाई के भन्ने ? जनइच्छा नै राजइच्छा भन्ने भाषण सुनिएको थियो पुस १९ गते विराटनगरमा, तर सचेत जनताको पटक्कै इच्छा छैन- हाम्रो देशबाट वर्षेनी तीर्थाटनका नाममा करोडौं रुपियाँ भारत पुगोस् । जनता चाहँदैनन् कि देशभित्रकै धार्मिक-सांस्कृतिक पर्यटकीय स्थलहरु छाडेर हाम्रा शासकहरु विदेश धाऊन् । यसबारे दरवार सम्वेदनशील कहिले हुने ?

नेपाल र भारतबीच राजनीतिक भौगोलिक सम्बन्धमात्र छैन, विशाल सांस्कृतिक सम्बन्ध पनि छ । त्यसलाई इन्कार गर्न सकिन्न । त्यसै अर्थमा दुई देशबीचको धार्मिक भ्रमणलाई पनि अस्वीकार गर्नुहुन्न । धेरै भारतीयहरु पनि नेपालका तीर्थस्थलहरुमा धाउँछन् । तर जति महत्व यो भारत भ्रमणलाई दिइयो, त्यति नै महत्व दिएर स्वदेशकै तीर्थ स्थलहरुलाई वैकल्पिक मान्यताका साथ स्थापित गराउन प्रचार-प्रसार गरियो कहिल्यै ? भारतीय तीर्थहरु धाउनकै लागि जीवनभरिको कमाई सिध्याउनेहरुलाई स्वदेश नै अथवा मातृभूमिको चरण नै सबैभन्दा ठूलो तीर्थ हो भन्ने पढाइयो कहिल्यै ? बरु भारतले धार्मिक-कूटनीतिको माध्यमबाट आर्थिक र राजनीतिक फाइदा प्राप्त गरिरहेको छ ।

यस बीचमा रेडियो नेपाल, नेपाल टेलिभिजनका धार्मिक तथा विशेष कार्यक्रमहरुमा र गोरखापत्रको विचार पृष्ठका अग्रलेखहरुमा समेत भारतका ती 'धाम'हरुमा जीवनमा एकपटक पुग्नै पर्छ भन्ने आशयबाट व्यापक प्रचार गरिए । जस्तोसुकै पाप वा अन्याय, अत्याचार गरे पनि त्यहाँ पुगेपछि मोक्ष प्राप्ति हुन्छ भन्ने प्रवचनहरु छाँटिए । हो, जोकोही पनि स्वदेशभित्र रक्तविहार गरेर त्यहाँ पुगी नौकाविहारपश्चात् घर फर्कने बित्तिकै देशमा रामराज्य फर्किने भए चाहिएको त्यो पनि थियो, तर धर्मका नाममा आफूलाई कंगाल बनाएर सन्तानप्रति समेत अन्याय गरी तीर्थमात्र धाउने प्रचलनमा जोड पुग्ने हो भने त्यो हानीकार हुन्छ ।

> रेडियो नेपाल, नेपाल टेलिभिजनका धार्मिक तथा विशेष कार्यक्रमहरूमा र गोरखापत्रको विचार पृष्ठका अग्रलेखहरूमा समेत भारतका ती 'धाम'हरूमा जीवनमा एकपटक पुग्नै पर्छ भन्ने आशयबाट व्यापक प्रचार गरिए

विभिन्न भारतीय मन्दिरहरुमा नेपालका राजाबाहेक अरु कसैले पूजा गर्न नपाउने चलन रहेको कुरा महत्वका साथ प्रचार-प्रसारमा आउँदा धेरै खुसी पनि भए, धेरैले यो हाम्रो लागि राम्रो कुरा हो भनेर लेखे पनि । तर वास्तविकता त्यस्तो होइन, हामीले खुसी हुनु पर्ने कुनै कारण छैन ।

सार्वजनिक मठ मन्दिरमा पूजा गर्न, हेर्न वा प्रवेश गर्न कुनै पनि लिङ्ग, वर्ण वा जात-जातिका आधारमा भेद्भाव गर्न पाइन्न भनेर हामीले पनि केही समयअघि सबै जातिका मानिसहरु पशुपतिनाथ प्रवेश गरायौं । ती मन्दिरहरु भारतका हुन् कि नेपालका राजाबाहेक अरुले पूजा गर्न नपाउने किन ? अनावश्यक रहस्यको विषय बनाएर कुलीन तथा सामन्ती संस्कारलाई धर्मका नामबाट कायमै राख्ने यो काइदाप्रति खुसी भएर फाइदा नै के छ र ?

'नेपाल नरेश की जय !' र नेपाल नरेश विश्वहिन्दुहरुकै नरेश भएको नारा त्यहाँका जनताबाट तथा शंकराचार्यको भाषणबाट सुनेपछि धेरै व्यक्तिहरु दंगदास पनि छन् । तर वास्तविकता के हो भने नेपाल हिन्दूहरुको मात्रै देश होइन, यो बौद्धहरुको पनि देश हो, बुद्धकै देश हो । यहाँ मुसलमानहरु पनि छन्, हिन्दू न बौद्ध बीचका किरात धर्मीहरु पनि छन् । र सबै धर्मलाई समान श्रद्धा गर्ने नास्तिक भन्न नसकिनेहरु पनि छन् । नास्तिक नभएर पनि सम्प्रदाय विशेषमा नकुद्ने अर्थमा धर्म नै नमान्ने 'धर्म'का व्यक्तिहरु पनि छन् । अब राजालाई यस धर्म र उस धर्मको भनी विदेशीहरुबाट बिल्ला भिराईमागेर एक पक्षको बनाउन खोज्नु ठीक होइन । राजाले आफूलाई हिन्दूमात्र भनाउने हो भने राजा हुनुहुन्न, एउटा नागरिकमात्र भएर बस्नुपर्छ । संस्था रहने हो भने हिन्दूमात्र भनाएर सबैको साझा भइन्न । त्यसतर्फ विचार नगर्ने हो भने भोलि मुलुकभित्र ठूलो समस्या आउनसक्छ । त्यो समस्या माओवादी आन्दोलनभन्दा पनि चर्को पर्नेछ । किनकि माओवादी आन्दोलन राजनीतिक आन्दोलन थियो, तर धार्मिक तथा जातीय आन्दोलनमा भने शिक्षा र राजनीतिक विचार सबै छोडेर मान्छे अन्धो बनेरै लाग्छन्, त्यसमा विचारशून्यता पनि हुन सम्भव छ ।

❑ स्वागत नेपाल

४४ पेजको बाँकी

पनि अहिले भइरहेको छ । तर अधिकांशतः त्यो देखावटी कुरा हो ।

अमेरिका र बेलायतका जनतालाई भुक्याउनका लागि यी सबै कुराहरू गरियो । तर पनि अमेरिका र बेलायतको सैनिकले यो कुरा पत्याएको थिएन । तर राजनीतिक प्रशासकहरूले, राष्ट्रपति, रक्षामन्त्रीलगायत नागरिक प्रशासनले यो राजनीति खेल्यो । नागरिक प्रशासनको मुख्य भूमिका आफ्नो जनतालाई यो युद्ध बेच्ने र यो आवश्यक छ र यसलाई तत्कालै जित्न सकिन्छ भन्ने कुरामा चित्त बुझाउने रह्यो । यो काम सैनिकले गर्ने र गर्नसक्ने काम थिएन । जनतालाई कन्भिन्स गर्ने त नागरिक शासनले नै हो । युद्ध शुरू हुनुभन्दा झण्डै एक वर्षअगाडिदेखि यो युद्ध गर्नुपर्छ र यो युद्ध तत्कालै जित्न सकिन्छ भनेर जनतालाई कन्भिन्स गर्नु नै नागरिक शासनको भूमिका रह्यो । यो युद्ध वर्षौंसम्म लम्बिन पनि सक्छ भनेको भए आफ्नो जनतालाई कन्भिन्स गर्न अलि गाह्रो हुन्थ्यो । त्यसैले वास्तवमा आफ्नै नागरिकहरूलाई कन्भिन्स गर्नका लागि प्रचारयुद्धको प्रपंच रचियो । यसरी अमेरिकाभित्र आफ्ना नागरिकहरूलाई कसरी युद्धपिपासु बनाउने भन्नेबारे एक वर्ष लामो अभ्यास गरिएको छ । त्यसैअन्तर्गत यी विभिन्न प्रपोगण्डाहरू रचिए ।

प्रपोगण्डा मात्रै होइन, अर्को अवस्था के रचियो भने सैनिकहरूलाई एक वर्ष अगाडिदेखि युद्धको निम्ति त्यहाँ पठाउने काम भयो । तर बेलायतमा प्रम ब्लेयरले मात्रै शुरूमा आक्रमणको समर्थन गरेका थिए र त्यहाँ फौज पठाइएको थिएन । पहिले बेलायती जनताको ८०/९० प्रतिशतले युद्ध समर्थक ब्लेयर ठीक छैन भन्थे । तर अहिले आफ्नो देशको फौज पठाइसकेपछि थोरैमात्र जनताले त्यसको विरोध गर्न सक्छन् । हुन त अहिले पनि ब्लेयरको विरोध गर्नेहरू बेलायतमा प्रशस्त छन्, तर ब्लेयरले अहिले बेलायती फौजलाई च्याँखे थापिदिए । बेलायती फौजलाई इराकमा पठाइसकेपछि र उनीहरू युद्धमा मर्न थालेपछि अब बेलायती जनताले त्यो युद्ध ठीक छैन भन्न मिलेन ।

## युद्धका परिणामहरू

फेरि अन्तर्राष्ट्रिय स्थितितिर फर्किंदाखेरी के देखिन्छ भने अहिले एकदम तरल स्थिति छ । सिंगो अन्तर्राष्ट्रिय व्यवस्था, यसअघि स्थापित अन्तर्राष्ट्रिय व्यवस्था, नेटो र युरोपियन युनियनको भविष्य तरल स्थितिमा देखापर्छ । युरोपियन युनियनका आधाजसो राष्ट्रले अमेरिकालाई समर्थन गरेका छन् । युरोपका प्रमुख तीनवटा मुलुकमध्ये बेलायत अमेरिकातिर छ र फ्रान्स तथा जर्मनीले युद्धको विरोध गरेका छन् । यसरी युरोपीयन युनियनका १५ वटा मुलुकहरू दुईटा खेमामा बाँडिएका हुनाले युरोपियन युनियन के हुन्छ र अन्तत्वोगत्वा १५/२० वर्षको अवधिमा यसले अमेरिकालाई चुनौती दिनसक्ने स्थितिमा पुग्छ कि पुग्दैन भन्ने कुरा उत्तर दिननसकिने अवस्थामा पुगिएको छ । यसभन्दा पहिला चाहिं के भन्न सकिन्थ्यो भने युरोपेली महासंघ आर्थिक तथा राजनीतिक रूपमा अमेरिकाको हाराहारीमा छ र विश्वको जनसमर्थन पनि अमेरिकालाई भन्दा यसलाई धेरै छ । तर सैनिक रूपमा चाहिं यो अमेरिकाभन्दा कमजोर छ । तैपनि आगामी १५/२० वर्षमा यसले सैनिक रूपमा पनि आफूलाई अमेरिकासरह बलियो पारेर अर्को ध्रुव खडा गर्न सक्छ । यो कुरा अब शंकाको विषय हुनथाल्यो । अहिले अमेरिकाको सफलता भनेको इराकमाथिको विजयमा होइन, अन्य कुरामा देखिएको छ । जनतालाई युद्ध बेचन सक्ने, संयुक्त राष्ट्रसंघलाई पंगु बनाउने र युरोपेली महासंघ भत्काउनेजस्ता तीनवटा कुरामा अमेरिकाले जितिसकेको छ ।

खास गरेर युरोपेली महासंघ (EU) ले के रूप लिन्छ भन्ने कुराले अन्तर्राष्ट्रिय विश्व व्यवस्थामा अत्यन्त महत्वपूर्ण भूमिका खेल्छ । यदि यो युद्ध र यसपछि हुने अरू युद्ध (यदि अमेरिकी अन्तराष्ट्रियतावाद लागू गर्ने हो भने यो युद्धपछि पनि अर्को युद्ध हुनेछ) हरूमा खास गरेर फ्रान्स, जर्मनी र रूस एउटै मोर्चामा बस्न सके भने, यदि रूस युरोपेली महासंघभित्र आउने हो भने फेरि पनि एकचोटि दुई ध्रुवीय विश्वको प्रादुर्भाव हुनसक्छ । यदि रूस युरोपेली महासंघभित्र छिर्ने हो भने सैनिकरूपले समेत युरोपेली महासंघ अत्यन्त सशक्त हुनेछ । त्यस अवस्थामा दुई चार वर्षभित्रै सैनिक बलमा पनि अत्यन्त शक्तिशाली युरोपेली महासंघको जन्म हुन्छ ।

अहिले युद्धको विरोधमा विश्वमा विभिन्न मुलुक र त्यहाँका जनताहरू लागेका छन् । यो विरोध अझ सशक्त हुँदै गयो भने त्यसको पनि छुट्टै असर हुन्छ । त्यसो किन पनि हुन्छ भने अहिले नै पनि यो युद्ध जायज छ भनेर अमेरिकी जनताहरू नै कन्भिन्स छैनन् । विश्वव्यापी रूपमा उठेको युद्धविरोधी जनमतको मुख्य उद्देश्य यो युद्ध नाजायज छ भनेर अमेरिकी जनतालाई कन्भिन्स गर्ने हुनुपर्दछ । अहिलेसम्मका युद्धविरोधी आन्दोलनहरूको नकारात्मक पक्ष के हो भने यो विश्वतहमा मात्र होइन, एउटै देशभित्र पनि सुसंगठित हुन सकेको छैन । यसलाई बढी संगठित, बढी सशक्त र अन्तर्राष्ट्रियकरण गर्न सकियो भने यो युद्ध लम्ब्याउनमा यसको महत्वपूर्ण भूमिका हुनसक्छ । युद्ध लम्ब्याउने भन्ने बित्तिकै अमेरिका हार्दै जाने कुरा हो । र, युद्धलाई स्थगन गर्ने र शान्तिवार्तामा फर्किने स्थितिमा पुऱ्याउनका लागि युद्धविरोधी प्रदर्शन आन्दोलनहरूको महत्वपूर्ण भूमिका हुन्छ । ❑

## साझा पत्रिका

नरहरि आचार्य, कृष्ण हाछेथु, डा. पिताम्बर शर्मा, श्री कृष्ण अनिरूद्ध गौतम, कृष्ण खनाल, डा. सरोज धिताल, डा. महेश मास्के र प्रमोद काफ्लेबीच भएको विचार अन्तर्क्रिया रिपोर्ट *मूल्यांकन*को गतांकको महत्वपूर्ण सामग्री हो । दिगो शान्ति र फलदायी वार्ताबारे चिन्तित नेपालीहरूलाई यो सामग्रीले गम्भीर खुराक दिएको छ । सबै विचारका विचारकहरू संगेटिएको 'मूल्यांकन' वास्तवमा २०४६ सालको जन आन्दोलनकारीहरू सबैको साझा पत्रिका बन्न पुगेको अनुभव गर्न गत अंकले धेरै हदसम्म सघायो ।

*- राजन मैनाली*
*बसपार्क, हेटौंडा ।*

## स्वीट्जरल्याण्डबाट सिकेका कुरा

नेपाली टोलीले स्वीट्जरल्याण्डबाट द्वन्द समाधानबारे अनुभव साटासाट गरेर आएको ज्ञानको निचोड गतांकमा पढ्न पाइयो । तर सामग्री एकदमै छोटो भयो । त्यहाँ गएर फर्केकाहरूमध्ये केहीले विस्तारमा यी ज्ञानहरूलाई लेख्न र *मूल्यांकन*मा छाप्न मिल्दैन ?

*- काजी महर्जन*
*नयाँ बजार, कीर्तिपुर ।*

## डा. बाबुरामहरूलाई खबरदारी

डा. बाबुराम भट्टराईहरूले ज्यानको पर्वाह नगरी जनताको पक्षमा होमिएको कुरामा शंका छैन । तर हालै रिपोर्टर्स् क्लबमा लोकेन्द्र ब. चन्दसँग हारमा हार मिलाएर कतिपय प्रतिगमनकारी र भारतीय पक्षको दलाली गर्ने पत्रकारहरूलाई उहाँले दोसल्ला ओढाएको समाचार टि.भि.मा देख्दा ठूलो चित्त दुख्यो । आखिर बाबुरामजीहरूले पनि तिनै पुराना जुकाहरूलाई मान-सम्मान दिने हो भने केलाई गर्नुपऱ्यो क्रान्ति ? किन मर्नु-मार्नु मान्छेहरू ? कृपया मेरो यो खबरदारी 'मूल्यांकन'मा छापियोस् ।

*- सुन्दर रिमाल*
*नारायणगढ, चितवन ।*


केही दिनभित्रै बजारमा आउँदैछ

बाल पत्रिका

**प्रतिभा**

प्रकाशक : अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.





अल्बर्ट आइन्स्टाइन, चे ग्वेभारा र पाउलो फ्रेरेले देख्नुभएको समाजवादको सपना कस्तो छ ? पढ्नुहोस्

**समाजवादको सपना**

यही वैशाखको पहिलो हप्तादेखि बजारमा आउँदैछ

**प्रकाशक : संवाद**

# नेपालको एकमात्र केबुलकार
# मनकामना जाने सपना साकार




## मनकामना केबुलकार


मनकामना देवीले सम्पूर्ण मनोकांक्षा पूरा गर्छिन् भन्ने जनविश्वास शताब्दीयौं देखि रहेको पाइन्छ । यसै उच्च भावनाको कदर गर्दै सञ्चालन गरिएको नेपालको पहिलो र एकमात्र केबुलकार सेवाले मनकामना क्षेत्रको धार्मिक र पर्यटकीय महत्वलाई अझ विस्तारित र व्यापक बनाएको छ । विश्व प्रसिद्ध अष्ट्रियाली कंपनी डोपलमायरद्वारा जडान गरिएको अत्याधुनिक प्रविधियुक्त हाम्रो केबुलकारको यात्रा आफैमा एक अविस्मरणीय अनुभव हुन पुगेको छ ।




**मनकामना दर्शन (प्रा) लि.**
**MANAKAMANA DARSHAN (P.) LTD.**
पो.ब.नं. ४४१६, नक्साल नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४३४६९०, ४३४६४८ फ्याक्स: ९७७-१-४३४५१५
Email: mdpl@chitawoncoe.com, mdplstn@chitawoncoe.com Website: www.chitawoncoe.com/manakamana
DPI/mdpl/010714b




# सोलार बिजुली प्रयोग गरौं, अंध्यारोमा नबसौं !



सूर्यको किरणलाई विद्युतीय शक्तिमा (बिजुलीमा) परिवर्तन गरी विद्युत उत्पादन गर्ने प्रक्रियालाई सौर्य विद्युत वा सोलार बिजुली भनिन्छ । एउटा घरमा एउटा सोलार प्यानेल र अन्य उपकरणहरू (जस्तै ब्याट्री, कन्ट्रोलर) राखी ३-४ वटा बत्ती बाल्न, रेडियो, क्यासेट बजाउन र टेलिभिजन हेर्न सकिन्छ । सम्पूर्ण जडान कार्य अलिकति प्राविधिक ज्ञान भएको व्यक्तिले एक दिनमै पूरा गर्न सक्दछ । एक चोटी जडान गरिसकेपछि ब्याट्रीमा समय समयमा डिष्टिल पानी थप्ने बाहेक अन्य मर्मत सम्भार गरिरहनु पर्दैन ।

सोलार प्यानेलहरू १० देखि २५ वर्ष ग्यारेन्टी गरिएका हुन्छन् र तिनीहरूले २५-३० वर्षसम्म राम्रोसँग काम गर्दछन् । ब्याट्रीको हकमा ४-६ वर्षपछि फेर्नु पर्ने हुनसक्छ । चीमहरू जलेमा मात्र फेर्नु पर्दछ । तसर्थ सौर्य विद्युतको संचलन खर्च न्यूनतम नै हुन आउँछ । शुरूको लगानी (करीव २०,०००/- देखि ३५,०००/- पर्छ) । यसमा सरकारबाट रू. ८,०००/- देखि १२,०००/- सम्म अनुदान पाइने हुनाले पूरै रकम ब्यहोर्नु पनि पर्दैन । बैंकबाट सस्तो ब्याजमा ऋणको व्यवस्था पनि छ । मट्टितेलको खर्चमा बचतका साथै टुकीको धुँवाबाट मुक्ति पनि पाइन्छ । बिजुलीले तपाईंको घर सधैंलाई उज्यालो पार्नेछ ।



**SEC सोलार इलेक्ट्रिसिटी कम्पनी (प्रा.) लि.**

पोष्ट बक्स १२५१५, सोलार कम्प्लेक्स, बागबजार, काठमाण्डौ, फोन : २२५२५३, २२७८७६, फ्याक्स : २२३८५१

MULYANKAN
A magazine for Thought-Interaction
ल.प.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.न. १२ ०५० ५१

